दायित्व

(साहित्यिक मासिक)

वर्ष १३ | बैशाख २०५६ | पूर्णाङ्क–३४

प्रधान सम्पादक/ प्रकाशक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त

विशेष सहयोगी
विनोद ढुंगेल
ऋषिराम डाँगी

सहयोगी
विष्णु ज्ञवाली
मुकुन्द शर्मा
कमल ज्ञवाली
गोविन्द नेपाल

कार्यालय
घ १-६०१ चावहिल, काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विषयक्रम

अन्तर्वार्ता

'दायित्व' लेखक र पाठकहरूको पनि दायित्व हो ... १ ... - विजय मल्ल, प्रस्तुतिः- ठाकुर शर्मा, रामप्रसाद पन्त

लेख/निबन्ध

मेरो कथाको कथा 'गाउँमा' ... ६ ... - परशु प्रधान
नेपाली कथा संस्कृति र..... ... ३० ... - भागवत ढकाल
सुख र स्वरूपमा भेद ... ४९ ... - ठाकुररमण आचार्य

कथा/लघुकथा

सूत्रकथाः मृत्यु ... ९ ... - भुवन ढुंगाना
संकल्प ... १२ ... - गीता केशरी
प्रायश्चितको आँसु ... ३३ ... - उज्ज्वल जी.सी.
मुवा हजुर ... ३६ ... - सुधा बस्नेत
विसिंएको दिन ... ४७ ... - रवीन्द्र 'समीर'

समालोचना/समीक्षा

विभिन्न तीन कृतिमाथि..... ... २६ ... - ठाकुर शर्मा
पुष्पलता आचार्यको 'मनको घाउ' ... ४५ ... - अच्युत घिमिरे

नाटक

समस्यै समस्या ... १६ ... - वेदकुमारी न्यौपाने

यात्रा संस्मरण

ट्वन्टी ट्वन्टी वावासन .... २१ ... - रामप्रसाद पन्त
भित्र्याउनै सकिन सूर्योदयलाई .... ४१ ... - हरि थापा
मणिचूड यात्राको सम्झना ... ५१ ... - पशुपतिशङ्कर वसी

भेटघाट

धनेन्द्र विमलसँग एकछिन ... ४८ ... - अरुणबाबु खत्री 'नर्दी'

कविता/गजल/गीत

तेजेश्वरबाबु ग्वंग-५/ पं. सोमनाथ घिमिरे 'व्यास'-८ / बालकृष्ण भट्टराई-११/श्रीहरि फुयाँल -१४/ डा. टीकाराम अधिकारी-१५/ प्रह्लाद पोखरेल-१९/ रामहरि ढुंगाना-२०/ प्रकट पगेनी 'शिव'-२५/ नायायण खतिवडा-२५/ गोकुल अधिकारी-२९/ शीला पन्त-२९/यादव भट्टराई-३१/ गोकुलप्रसाद ढकाल-३२/ तारानाथ सिवाकोटी 'लोचन'-३२/ यदु पन्थ-३५/ वसन्त रिजाल-४०/ मिलन पन्त-५२/ विष्णु न्यौपाने-५२/

कम्प्युटरः कम्प्युटर सलुसन (पवन रेग्मी) चावहिल, फोन नं. ४८६४३३
मुद्रकः अल प्रिन्टिङ्ग प्रेश, चावहिल, कठमाण्डौ । फोन नं.. ४७४१०५

✍ सम्पादकीय

- प्रत्येक वर्ष आउने गरेजस्तै यस वर्ष पनि सुनौलो विहानी लिएर नववर्षको पदार्पण भएको छ । तीनसय पैसट्ठी दिनको थकाइ र दु:ख कष्टहरूलाई बिर्सेर सम्पूर्ण नेपालीको मानस पटलमा एउटा नयाँ उमङ्ग ल्याइदिएको छ । सिखा बनस्पतिहरूमा नवपालुवा आए झैं नेपाली जनताको मनमस्तिष्कमा पनि उज्ज्वल भविष्यको नयाँ बिचार र चिन्तन पलाएको छ । यस वर्षलाई नेपालीले विगत वर्षहरूमाभन्दा केही भिन्न दृष्टिकोणले हेरेका छन् । यस वर्षको प्रारम्भिक चरणमा नै नेपालीहरूले आफ्नो पञ्चवर्षीय भाग्यरेखा कोर्ने छन् । र, विगतका गल्तीहरूलाई मनन एवं मूल्याङ्कन गरेर आफ्ना कमी कमजोरीहरूलाई पुन: नदोहोऱ्याउने सङ्कल्प गर्दै नयाँ भविष्यको संरचना तयार गर्ने छन् ।
- वैशाख महिना यस अर्थमा पनि महत्वपूर्ण छ कि २०४६ सालको अन्तिम चरणको प्रजातान्त्रिक संग्रामको परिणामले २०४७ सालको थालनीसँगै नयाँ बिहानीको उदय भएको थियो । त्यसबेलाका जनआकांक्षाहरू कति उच्च र आशाप्रद थिए तर ती इच्छा र आकांक्षाहरूलाई विगतको अस्थिर र अस्वस्थकर राजनीतिक चरित्रले गर्दा निराशाप्रद रहे । अब जनताले फेरि एकपटक आफ्नो भाग्यरेखा निर्माण गर्ने अधिकार आफ्नो हातमा लिएका छन् । अत: सम्पूर्ण नेपाली बालिकहरूले अत्यन्त सोंचेर सम्झेर आफ्नो भाग्यको फैसला गर्नुपरेको छ ।
- अर्को महत्वपूर्ण कुरा के छ भने विश्व, एक्काइसौं शताब्दीको संघारमा आएको छ । यस अवसरमा नेपालीहरूले एक्काइसौं शताब्दीका दिनहरूलाई विकासमूलक दिनमा परिणत गर्न पनि दीर्घकालीन सोंचाई राखी यसै अवसरमा निर्णय लिनुपर्ने बेला छ । अर्थात् हामीले वा हाम्रा सन्ततीले एक्काइसौं शताब्दीमा भोग्नुपर्ने दिनहरूको जग अहिले नै खन्नु परेको छ ।
- 'दायित्व'ले पनि यस वैशाख महिनाको आगमन सँगसँगै आफ्नो उमेरलाई तेह्रौं वर्षमा आरोहण गराएको छ । २०४४ सालको नववर्षले 'दायित्व'लाई जन्म दिएको थियो । तसर्थ: 'दायित्व'ले पनि आफ्नो भविश्य सुनिश्चित गर्ने क्रममा एउटा पाइला अगाडि बढाएको छ ।
- हामीलाई साहित्यिक वर्गहरूबाट प्राप्त भएको सहयोग, स्नेह र सद्भावले प्राभावित एवं उत्साहित पारेको छ । यसर्थ: विगतका दिनहरूमाजस्तै सहयोगको निरन्तरता भएमा 'दायित्व'ले पनि एक्काइसौं शताब्दीका दिनहरूमा आफ्नो गति अझ सुदृढ, सवल र सक्रिय बनाउने छ ।
- 'दायित्व' कसैको भर नपरे पनि आशा अवश्य गर्दछ – नववर्षको आगमन सँगसँगै देशका धुरन्धर विद्वान्हरूको समागमस्थल प्रज्ञा प्रतिष्ठानमा नयाँ उपकुलपतिको चयन भएको छ । विगतका प्राज्ञहरूबीच देखापरेको नौटङ्की चरित्रलाई हृदयंगम गरी पूर्ण सावधानीकासाथ अन्य प्राज्ञहरूको चयन गरेर प्रतिष्ठानको आदर्श एवं मर्यादालाई कायम गर्न र एउटा प्रतिष्ठित एवं सम्मानित संस्थाको रूपमा विकसित गर्न पूर्ण सचेष्टता अपनाइयोस् । र, प्रतिष्ठानले सरकारीस्तरबाट पनि पूर्ण सहयोग लिई देशको कला, साहित्य, संस्कृति र भाषाको समुचित विकासगर्दै राष्ट्रका विद्वान् विभूतिहरूको उचित कदर र सम्मान गर्ने वातावरण तयार गरोस् ।

'दायित्व परिवार' नववर्षको यस पुनीत उपक्ष्यमा हार्दिक शुभकामना अपर्ण गर्दछ ।

अन्तर्वार्ता

'दायित्व' लेखक र पाठकहरूको पनि दायित्व हो

❑ विजय मल्ल

वि.सं. १९८२ साल अषाढ १० गते मंगलबार शुक्ल तृतियाको सुदिन - जुन दिन यस कारण अविस्मरणीय हुन गएको छ कि त्यस दिन प्रसिद्ध साहित्यकार, कथाकार तथा नाटककार विजय मल्लको जन्म भएको थियो ।

नेपाली साहित्य जगत्ले गौरव गर्नुपर्ने नाम श्री ऋद्धिबहादुर मल्ल तथा आनन्द कुमारीका द्वितीय सुपुत्र श्री मल्लले उपन्यास तथा नाटकको माध्यमबाट आफ्नो नाम यति उच्च स्थानमा स्थापित गर्नुभएको छ कि नेपाली साहित्य जगत्ले उहाँको नाम नतमस्तक भई लिइरहन्छ ।

शिक्षामा आइ. एस. सी. गर्नु भएका आठ छोरीका पिता श्री मल्ल नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको उपकुलपति र सदस्य सचिव जस्तो गरिमामय पदमा २२ वर्ष जति लामो समयसम्म बसेर साहित्य संस्कृति र कलाको क्षेत्रमा योगदान गर्नु भएको छ । ऋद्धि वहादुर मल्ल जस्तो पिता र गोविन्दबहादुर मल्ल 'गोठाले' जस्तो दाजुको संरक्षणमा हुर्की बढेका श्री मल्लको सिद्धिचरण, भिक्षु, देवकोटा, सम, रिमाल, दौलत र पोषण जस्ता साहित्यिक मित्रहरूको संगतबाट सृजनात्मक शक्ति अरु ऊर्वर भई मौलायो । फलस्वरुप हालसम्म वहाँका २ उपन्यास, २ नाटक, ८ एकाङ्की संग्रह, १ कविता संग्रह र १ कथासंग्रह प्रकाशित भएका छन् जस मध्ये केही युनिभर्सिटिका कोर्समा राखिएका छन् भने केही विदेशी भाषामा अनुवाद गरिएका छन् ।

प्रकाशोन्मुख अवस्थामा रहेको 'रातको लामो यात्रा' निटक भविष्यमा नै हाम्रो हात पर्ने छ । समाप्तिको अन्तिम चरणमा पुगेका तर नामाङ्कन नभएका अरु दुइवटा उपन्यास हेर्नको लागि वहाँको स्वास्थ्य एवं आँखाको समस्याले गर्दा हामीले केही समय पर्खनु पर्ने छ । आशा गरौं र विधातासँग प्रार्थना गरौं वहाँको स्वास्थ अनुंकूल बनोस् अनि दृष्टिमा शक्ति सञ्चार होओस् ।

गोरखादक्षिण बाहु, साझा पुरस्कार, गम्कि वसुन्धरा पुरस्कार, भुपालमान सिंह साहित्य पुरस्कार लगायत विभिन्न पुरस्कार बाट सम्मानित तथा अन्य केही संस्थाहरूबाट अभिनन्दित श्री मल्लले साहित्य सेवामा लागेर आफूले गरेको योगदानप्रति सन्तोष व्यक्त गर्दै भन्नु हुन्छ - मैले संस्थाहरूसँग सम्बद्ध हुँदा वा नहुँदा पनि धेरै पुरस्कार दिएँ तर कम लिएँ ।

हाल निष्कृय अवस्थामा रहेको नेपाल लेखक संघका सचिव, नेपाली साहित्य संस्थानको उपाध्यक्ष र प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य श्री मल्लले साहित्य रचना गर्दा सरल भाषामा यथार्थ प्रस्तुति दिने गर्नुहुन्छ । शब्दाडम्बर वा प्रयोगको नाममा क्लिष्ट भाषा मनपराउनु हुन्न । हाल वहाँ नयाँ सडक पाकोको आफ्नो निवासस्थानमा श्रीमती श्यामा मल्ल र केही नाति-नातिनाका साथमा आफ्नो बृद्ध जीवन विताइरहनु भएको छ । र, आँखाको समस्याले गर्दा साहित्यिक रचनाका याचकहरूलाई नाति-नातिनाहरूको हातबाट लेखाएर भए पनि दिने प्रयास गर्नुहुन्छ । प्रस्तुत छ - करीब दुई घण्टा लामो वार्ताको संक्षिप्त अंश -

प्रश्न: तपाईंले नेपाली साहित्यका विभिन्न विधाबाट ठूलो योगदान गर्नु भएको छ, प्रारम्भिक विधा कुन होला ?

कविताबाट नै भन्नुपर्छ, तर यसको एउटा कथा नै छ- दश या बाह्रवर्षको उमेरमा म दरवार हाइस्कूलमा पढ्दा त्यहाँ विभिन्न कार्यक्रमहरू हुने गर्दथे । विद्यार्थीहरूलाई साहित्य लेखनतर्फ आकर्षित गर्न कथा कविता आदि लेख्ने अभ्यास गराइन्थ्यो । सानै उमेरदेखि पढ्न लेख्न रुचि राख्ने भएको हुनाले मलाई पनि केही लेख्ने प्रेरणा जाग्यो । स्कूलमा अत्यन्त रोचक ढंगले शिक्षकहरूवाट कार्यक्रम निर्धारित भएको थियो । प्रत्येक वारको हिसाववाट छ मण्डल बनाई समूह विभाजन गरिएको थियो । आइत मण्डल, सोम मण्डल, बुध मण्डल, वृहस्पति मण्डल र शुक्र मण्डल । विभाजनअनुसार शुक्र मण्डलमा समाविष्ट थिएँ म । मण्डलाक्रमअनुसार केही न केही लेखेर सुनाउनु पर्थ्यो । त्यसरी सुनाइएका कथा कविताहरू प्रारम्भिक अवस्थाका भएकाले त्यति उत्कृष्ट त भएनन् तर

प्रेरणाप्रद चाहिं अवश्य भए । फलस्वरूप वि.सं. १९९७ सालतिर मैले पहिलो कविता छाप्ने अवसर पाएँ । छाप्ने जिम्मा भवानी भिक्षुले लिनुभयो । तर त्यो छापिंदा पूरै परिवर्तन भएछ, अर्थात् त्यस कविताका अंशहरू मेराभन्दा अरू कसैका थिए । पहिलो कविता छापिएकोमा खुशी त लाग्यो तर मेरो कविता भन्न आफ्नै मनले मानेन र अद्यापि मानेको छैन ।

त्यो कविता छापिनुभन्दा पहिले मैले एउटा कथा पनि लेखेको थिएँ । जसको विषयवस्तु स्कूलको गेटका पसलेहरू थिए । प्रसंग यस्तो थियो – दरवार स्कूलको गेटमा दुइवटा पाङ्ग्रे पसल थिए । गुडाएर ल्याइन्थ्यो र लगिन्थ्यो । सानै पसल भए पनि ती दुई पसलेहरूको सामान बेच्ने क्रममा ठूलो प्रतिस्पर्धा चल्थ्यो । एउटा पसलका लोग्ने स्वास्नीमा त्यही प्रतिस्पर्धालाई लिएर द्वन्द्व चल्थ्यो । त्यसैबाट प्रभावित भएर मैले त्यो कथा लेखेको थिएँ र पत्रिकामा प्रकाशित पनि भएको थियो । तर अहिले मलाई त्यस कथाको शीर्षक पनि सम्झना छैन, कथा पनि छैन । त्यसकारण त्यस कथालाई मैले पहिलो कथा भन्न सकेको छैन ।

(बीचैमा प्रश्न) कविताबाट वितृष्णा त आएको छैन ?

वितृष्णा आउने त कुरै आउँदैन । अन्य विधामा बढी सम्बद्ध भएर पाठकलाई यस्तो लागेको हुन सक्छ तर त्यो कदापि हैन । कवितामा धेरै कुरा समेटन सकिन्छ । मनमा आएका भावनाहरूलाई थोरै तर मिठासपूर्ण ढंगबाट अभिव्यक्ति गर्न सकिन्छ । त्यसैले थोरै भाषामा धेरै कुराको अभिव्यक्ति दिन सकिने व्यञ्जनापरक शैली हो - कविता । कविता लेख्न सहिजो पनि छ गाह्रो पनि । कलात्मक प्रस्तुति एवं सशक्त शाब्दिक चित्रण नै कवितामा हुनुपर्ने गुण हो । मैले कविता लेख्दा नबुझिने खालको विषयवस्तु या शब्दाडम्बर गरेर लेख्दिन । मैले भन्न खोजेको कुरा पाठकले बुझ्न सक्नुपर्छ । कविता वा कथा लेखनबारे मेरो मान्यता यस्तै छ ।

प्रश्नः तपाईंको उपन्यास अनुराधाले यौटा नयाँ मोड ल्याएको थियो भनिन्छ, यस सम्बन्धमा यहाँको विचार ?

– यसवारे म के भन्छु भने – मैले साहित्यमा कलम चलाउँदा कुनै नयाँमोड ल्याउने आशयले लेखेको होइन । कुनै विधामा कलम चलाउँदा मलाई के लाग्छ भने समाजमा भएका विभिन्न घटनाबाट प्रभावित भएर मात्र केही लेख्न सकिन्छ । मस्तिष्कमा कुनै घटनाविशेषले ठक्कर दिन्छ र त्यसलाई लेखनीको माध्यमबाट प्रस्तुति दिइन्छ । तर सो घटनालाई कुन विधामा प्रस्तुत गर्दा बढी रोचक हुन्छ त्यसको निर्णय स्वयं लेखकले गर्नु पर्दछ ।

'अनुराधा' उपन्यास २००७ सालपछि आएको मनोभावनालाई भनौं अथवा खासगरी आइमाईमा आएको परिवर्तनलाई देखेर राष्ट्र र साहित्यको उत्थानमा केही सहयोग पुऱ्याउँ भन्ने आशयले लेखिएको हो । यसमा दुई–तीनवटा आइमाईको चरित्रलाई समेटिएको छ र ती मध्ये खासगरी तीव्र स्वभाव भएकी दार्जिलिङबाट आएकी एउटी रूपवती आइमाईलाई केन्द्रविन्दु बनाइएको छ ।

हामी स्वतन्त्रताको कुरा गर्दछौं तर स्वतन्त्रता दिन चाहदैनौं । जबसम्म आइमाईहरूलाई स्वतन्त्र अस्तित्व दिइदैन तबसम्म हाम्रो स्वतन्त्रताको नारा भाषणमा मात्र सीमित रहन्छ । त्यसैले म त्यो उपन्यास लेख्दा दार्जिलिङ, काठमाण्डौ र तत्कालीन परिस्थितिलाई हेरेर, नारी स्वतन्त्रताको अस्तित्वलाई ध्यानमा राखेर लेखेको छु । मलाई खुसी नै लागेको छ कि अनुराधा पाठकहरूको हृदय छुन सफल भयो ।

प्रश्नः तपाईंका कृतिहरूको लेखकीय निष्कर्ष र समीक्षात्मक दृष्टिकोणमा कत्तिको समानता पाउनु भएको छ र कसैबाट प्रभावित पनि हुनुहुन्छ कि ?

– समीक्षकहरूले विभिन्न किसिमले व्याख्या गरे वा गरेहोलान्, अनुराधाले गर्दा मलाई कसैले अस्तित्ववादीको संज्ञा पनि दिए, त्यसमा मैले केही भन्नुछैन । मैले नाटक लेखेको छु, उपन्यास लेखेको छु, मेरो लेखन शैलीलाई

समालोचकहरूले कसरी विश्लेषण गर्दछन् म त्यसतर्फ ध्यान दिन्न, किनकि मेरो लेख्ने धर्म हो, लेख्छु । म देश विदेशका विभिन्न साहित्यकारहरूबाट प्रभावित भएको छु । विशेषगरी रसियन र फ्रेन्च उपन्यासहरू मेरोलागि प्रेरणाका स्रोत भएका छन् । मैले दस्तोवेस्की, चेखव र सेक्सपियरका कृतिहरू पढेको छु र प्रभावित भएको छु । मैले जे-जति उपन्यास र नाटक लेखेको छु ती सबैमा यी लेखकहरूको प्रभाव परेको छ ।

(बीचैमा प्रश्न) राजनीतिबाट पनि प्रभावित हुनुहुन्छ कि ?

राणाकालीन अवस्था दर्दनाक थियो । जनतामा स्वतन्त्रता थिएन, त्यसको विरोधमा सिद्धिचरणलगायत मेरा धेरै साथीहरू लागेका थिए, म पनि संलग्न थिएँ, संघर्ष गरियो, जेलनेल भोगियो, हामी राणाहरूको एकतन्त्री निरंकुश शासनदेखि स्वतन्त्र हुन चाहन्थ्यौं, लुकिछिपी हिंड्नु पर्ने बाध्यता थियो । मेरा पिता ऋद्धिबहादुर मल्ल प्रजातन्त्रका पक्षपाती भए पनि नरम स्वभावको हुनुहुन्थ्यो, तर त्यसको ठीक विपरित हामी दाजुभाइ (गोठाले र म) गरम स्वभावका थियौं । शारदा प्रेस यसै घरमा थियो । नेपाली भाषा साहित्यको विकासमा प्रेसको माध्यमबाट अत्यन्त महत्त्वपूर्ण योगदान गर्नुभएको हुनाले पिताजीले त्यसलाई बचाइराख्न चाहनुहुन्थ्यो । तर हामी भने साहित्यको माध्यमबाट राणाहरूमाथि तीव्र व्यंग्यबाण प्रहार गर्न चाहन्थ्यौं । नेपाली जनताको संघर्ष र बलिदानस्वरूप जब नेपालमा प्रजातन्त्र आयो त्यसको सँगसँगै नेपाली काँग्रेसमा द्वन्द्व पैदा हुनथाल्यो –शक्तिको द्वन्द्व । त्यसबेला मैले मातृकाबाबुलाई सघाउ पुऱ्याएँ । म एउटा लेखक भएको नाताले मैले जे योगदान गरें, बिशेषत: लेखको हैसियतले योगदान गरें । तेस्रोसम्पादकको रूपमा मैले केही समय 'नेपाल पुकार'को सम्पादन पनि गरें । सायद त्यो १६-१७ साल अर्थात् वि.पि.को प्रधानमन्त्रीत्व कालको समय होला !

प्रश्न: यहाँका नाटकमा असामान्य मनोविश्लेषण र अतियथार्थवादी प्रभाव पाइन्छ, कसैबाट प्रभावित भएर हो कि ?

सामान्य/असामान्य मनोविश्लेषण, यथार्थवादी/अतियथार्थवादी प्रभाव भन्नेकुरा गर्नुभयो । यो कुरा मैले पहिले नै भनें कि समाजको यथार्थता र विभिन्न कारणहरूबाट प्रभावित भएर नै लेखकले लेख्ने गर्दछ तर म भने हरेक सजीव वा निर्जीव वस्तुहरूमा अस्तित्वलाई आरोपित गरेर लेख्दछु । मैले ढुङ्गालाई बोल्ने बनाएको छु । अर्थात् मेरो ढुङ्गा बोल्छ, लास गर्जिन्छ । म भन्छु - यहाँ ढुङ्गाको अस्तित्व छ, लासको अस्तित्व छ ।

मेरा नाटकहरू यस्तै परिवृत्तमा अटाएका छन् । 'पत्थरको कथा' नाटक यथार्थमा उभ्याएर अतियथार्थमा प्रयोग गरिएको छ । पत्थर जति छन् ती हरेक पत्थरको आफ्नै कथा छ, आफ्नै व्यथा छ । मेरा रचनामा मरेका मानिसहरू बोल्छन् । कुनैपनि मानिसले जिन्दगी छउञ्जेल बोल्न नसकेको कुरा लासमा परिणत भएपछि बोल्छ । यो कुरा साँचो हो कि कतिपय कुराहरू मैले आफ्नो बिषयमा लेख्न खोज्दा पनि लेख्न सकिन । बोल्न सकिन - जिउन नपाउने डरले । त्यसैले म भन्छु -मरेपछि लेख्न सकिन्छ, बोल्न सकिन्छ, कुनै डर हुँदैन । मेरा पात्रहरू मरेपछि निस्फिक्री बोल्छन्, ढुङ्गामाटोहरू कुर्लिन्छन् ।

'कोहो किन बर्बाद होस्' 'जिउँदो लास' मेरा मनोविश्लेषणात्मक नाटक हुन् । यिनले पनि समाजकै यथार्थतालाई बोकेका छन् । कोही किन बर्बाद होस् वि.सं. २०१४ सालतिर मञ्चन भएको नाटक हो । मञ्चन गर्दा कलाकारहरू रुन्थे, दर्शकहरूलाई रुवाउँथे । त्यसैले यो नाटक पूर्ण सफल भएको अनुभूति हुन्थ्यो । यस्तै 'बौलाहा काजीको सपना' पनि देश उत्थानको लागि कृयाकलापहरू गर्ने नेपाली जनताको जीविकाको वारेमा सोच्ने र सामाजिक विकृति विसंगतिलाई देखेर आक्रोशित हुने, कराउने व्यक्तिलाई अत्यन्त नजिकबाट देखेको हुनाले त्यसैलाई प्रतीक बनाएर लेखिएको नाटक हो । त्यतिबेलाको शासन व्यवस्थाले दु:ख देला भन्ने

ठानेर 'बौलाहा' भनिदिएपछि छुट पाइने हुँदा सबैले बौलाहा अर्थात् 'बोएँ' (नेवारीमा) भन्ने गर्थे । मैले पनि त्यो अनुभव गरेको हुँदा बौलाहाकाजीको सपना लेख्न पुगें । त्यसमा देश विकासमा शिक्षाको आवश्यकता र गरीबहरूको दयनीय अवस्थालाई औंल्याइएको छ । अर्को उपन्यास हो -'कुमारी शोभा' । जुन जापानी भाषामा समेत अनुवाद भएको छ र त्यसको विश्लेषण पनि लगभग यस्तै छ ।

प्रश्न: नेपाली भाषा, साहित्य, कला र संस्कृतिको उत्थानमा राजकीय प्रज्ञा प्रतिष्ठान जस्ता संस्थाहरूले पनि केही गर्न सकेको देखिँदैन भन्नेहरू पनि छन् । तपाई रा.प्र.प्र.मा धेरै वर्ष संलग्न रहनु भएकोले संस्थाको कार्यप्रति के भन्न चाहनुहुन्छ ?

नेपाली भाषा सहित्य, कला र संस्कृतिको उत्थानमा प्रतिष्ठानले काम नै गरेको छैन भन्न त मिल्दैन, किनभने मलाई त्यो अनुभव छ । मैले २२ वर्षसम्म त्यहाँ बसेर काम गरें -२०३६-०४५ सम्म सदस्यसचिव र ०४६-४७ मा करिव डेढवर्ष उपकुलपतिको ओहदामा रहेर । देशको समग्र विकास गर्न साहित्यको उत्थान र कला संस्कृतिको सम्बर्द्धन हुनु जरुरी छ तर बजेटको कमी, काम धेरै हुने हुनाले पनि सोंचेजस्तो गर्न सकिदैन । वास्तवमा त्यो ठाउँ, प्राज्ञहरूको ठाउँ भएको हुनाले सानातिना कुरामा नअल्झई संस्थाको उद्देश्यमा निरन्तर लागिरहनु पर्दछ र सरकारीस्तरबाट पनि साहित्यको उत्थानमा सहयोग पुऱ्याइनु पर्दछ । साहित्य-संस्कृतिको उत्थान र संरक्षण भएन भने देशको अस्तित्व रहँदैन भन्ने मेरो मान्यता छ ।

प्रश्न: एक दशकदेखि समाजमा देखिएको फिल्मी प्रभावले गर्दा राष्ट्रिय नाचघर जस्ता संस्थाहरू निष्क्रिय रहेका छन्, नाटकको अवस्था चिन्ताजनक लाग्छ वा लाग्दैन ?

आजको स्थितिमा नाटक विग्रँदो अवस्थामा छ तर त्यो कहिल्यै मर्दैन/मर्न सक्दैन । अहिलेको विश्वमा इलेक्ट्रोनिक प्रभावले गर्दा नाटकको महत्त्वमा कमी आएको अनुभव भएको हो तर संसारका विकसित मुलुकमा आज पनि नाटक खेलिन्छ, हेरिन्छ । विदेशी जीवनमा नाटक हेर्ने प्रचलन खासगरी भेटघाट गर्ने, प्रत्यक्ष मनोरञ्जन लिने प्रसङ्गमा लिइन्छ । यो अवश्य हो कि नाटक हेर्दा बढी पैसा खर्च हुन्छ, त्यसैले गरीब परिवारको मानिसले हेर्ने क्षमता राख्दैन । अर्कोकुरा समय पनि चाहिन्छ - जसको मज्जा लामो समयसम्म बसेर लिन सकियोस् । हाम्रोजस्तो निर्धन समाजमा एकदिन काम गरेन भने बिहान-बेलुकाको समस्या तेर्सिन्छ । त्यसैले यस्तो नाटक विशेषमा भेटघाट गर्ने र मनोरञ्जन लिने परम्पराको विकास हुन सकेको छैन । अर्कोकुरा निर्देशक र पटकथा सम्वाद बनाउनेहरूले पनि कथाको स्वरूप र मर्मलाई बिगारिदिने गरेका छन् । नेपाली साहित्यका शिखर पुरुषहरूले लेखेका कति काव्य र कथाहरूलाई फिल्ममा ढालेर ती विशिष्ट व्यक्तिहरूको भावना र संवेदनामाथि आघात गरिएको छ । अतः यसतर्फ सबै क्षेत्रबाट सचेतता र सतर्कता अपनाइनु पर्दछ । नाटकको सम्बन्धमा म के भन्दछु भने नाटकको क्षेत्रमा ह्रास आएको देखिए तापनि यसको औचित्य समाप्त भएको छैन । स्थिति सँधै एकनास रहन्न । जनमानसमा पछि यसको आवश्यकता स्वतः महशुस हुन्छ ।

प्रश्न: नेपाली साहित्यमा नयाँ प्रयोग गर्ने प्रचलन आएको छ र राजनीतिले पनि साहित्यलाई डोऱ्याएको जस्तो अनुभूति भएको छ । के साहित्यलाई यसले टेवा पुऱ्याएको अनुभव गर्नुहुन्छ ?

हिजोआजको लेखनशैली र नयाँ प्रयोगले नयाँ मोड ल्याएको अनुभव भएको छ । यसलाई नराम्रो चाहिं भन्न मिल्दैन तर नयाँरूप दिंदा सँधैभरि त्यो नयाँपन टिकाउ भइरहन्छ भन्न सकिदैन । एउटा नयाँ लहर आउँछ, नयाँ प्रयोग र अवधारणाहरू देखापर्छन् र समयको गतिसँगै परिवर्तित हुन्छन् । समाजमा विभिन्न विसंगति र विकृतिहरू हुन्छन् तिनलाई हटाउन एउटा न एउटा उपाय निकालिन्छ त्यही प्रयोग हो । साहित्यले विसंगति हटाउन प्रयास अवश्य गर्छ तर निर्मूल गर्न सक्दैन । समाजलाई पूर्ण चेतना नभएसम्म विकृतिहरू हट्न

सक्दैनन् । त्यसो भन्दैमा साहित्य लेख्न छाड्नु हुँदैन र नयाँ प्रयोग गर्छु भनेर पनि लेख्न हुँदैन । साहित्यिक प्रतिफल तुरुन्त पाइँदैन -पचास बर्ष पर्खनु पर्दछ । त्यसैले साहित्य टिकाउन जनमानसलाई नै उठाउनु पर्दछ । जसको लागि समय लाग्छ नै । विश्वका विकसित राष्ट्रको शुरुको अवस्था पनि यस्तै थियो । नेपाली साहित्यको अवस्था अहिले विश्व साहित्यको तुलानामा प्रारम्भिक अवस्थामा छ तापनि मैले नेपाली साहित्यको भविष्य राम्रो देखेको छु । राजनीति र साहित्यको गति फरक हुन्छ, राजनीतिक गतिमा उतार-चढाव आउँछ भने साहित्यको गति क्रमश: अगाडि बढिरहेको हुन्छ । अर्थात् उतारचढावको स्थिति आउँदैन । नेपाली साहित्य पनि यसै अनुरूप चलेको छ । विश्वेश्वरप्रसाद कोइराला राजनीतिज्ञ र साहित्यकार दुबै हुन् तर राजनीति भन्दा साहित्यमा उनी धेरै माथि छन्, अमर छन् । त्यसैले साहित्यलाई केहीसँग पनि दाँज्न हुँदैन, जसको भविष्य सँधै उज्ज्वल रहन्छ । कालान्तरसम्म अविरल बगिरहने प्रवाह हो - साहित्य ।

प्रश्न: विभिन्न कठिनाइको बावजुद पनि प्रकाशित हुँदै आएको दायित्व साहित्यिक पत्रिकाको सम्बन्धमा आफ्नो धारणा पाठक समक्ष राखिदिनु हुन्छ कि ?

- साहित्यिक पत्रिकालाई कालान्तरसम्म जोगाई राख्ने लेखकहरूको र पाठकहरूको पनि दायित्व हो, दायित्व पत्रिकाको मात्र दायित्व होइन । त्यसैले दायित्व पत्रिकाका सञ्चालकहरूले यस दायित्वलाई पनि बुझिदिनु पर्छ र सबैको दायित्व हो भन्ने कुराको अनुभूति लेखक तथा पाठकवर्गहरूमा गराउनु पर्दछ ।

प्रस्तुति:

ठाकुर शर्मा/रामप्रसाद पन्त

कविता

आँखा

❑ तेजेश्वर बाबु ग्वंग

आँखा न गिद्ध हो
आँखा न बुद्ध हो
आँखा त आँखै हो
विशुद्धपनै आँखा न हो !

आँखा त सेतो पर्दा हो
जहाँ सप्तरंग अवतरण हुँदो छ ।

आँखाले रातोलाई रातै देख्छ
आँखाले कालोलाई कालै देख्छ
आँखाको धर्म हेर्नु हो
आँखाको कर्म देख्नु हो
आँखाले जे हेर्छ
आँखाले त्यही देख्छ ।
मलाई हेर्ने आँखा पनि चाहिन्छ
मलाई देख्ने आँखा पनि चाहिन्छ ।
किनकि हेर्नु आँखाको धर्म हो
किनकि देख्नु आँखाको कर्म हो ।

हेर्न दिए नै
आँखाले देख्न सक्ने हुन्छ ।
तिमीले आँखा दिएरै हो
मैले आँखाले हेर्न पाएको
तिमीले आँखा नदिएको भए
मैले देख्न सक्ने थिइन जो ।

आँखा भित्र रस पलाए
हेर्ने रहर लहलहाउँछ
आँखा भित्र विवेक पलाए
देख्ने जाँगर जगमगाउँछ ।

रस पलाएर आँखाले हेर्ने गर्छ
विवेक फैलाएर
आँखाले देख्ने गर्छ ।
आँखै भएर
म हेर्ने गर्छु,
हेर्नै गरेरै त
म देख्ने गर्छु ।
म भन्नु आखिर आँखै रहेछ

म भन्नु एउटा दृष्टिकोण रहेछ
दृष्टिकोण भन्नु विश्लेषण रहेछ
विश्लेषण भन्नु विवेक रहेछ
म भन्नु आखिर विश्लेषण रहेछ
म भन्नु केवल विवेक रहेछ ।

आँखा त एउटा बन्धन बनेछ
हेरेर मैले आफूलाई बाँधे छु
देखेर मैले यो, उ चिनेछु
चिन्नु पनि त बन्धनै बनेछ ।

नहेरेको भए आँखाले
तिमीलाई देख्ने नै थिइन
नदेखेको भए तिमीलाई
बन्धनमा पर्ने नै थिइन ।

आँखा बन्धन हो
या, आँखा भित्रको तिमी
संकट छ मलाई
घोषणा गर्न यही ।

- भक्तपुर

लेख

मेरो कथाको कथा-गाउँमा

❑ परशु प्रधान

चालीसको दशकमा **'गाउँमा'** कथा मधुपर्कमा प्रकाशित हुनासाथ चर्चामा आयो । गोरखापत्र संस्थानभित्रै पनि त्यस कथाको सम्बन्धमा कुराकानी भएको कुरा सुनें । गाउँमा यति चर्चित कथा होला भन्ने मैले सोचेको थिइन । विसङ्गतिपूर्ण कथा लेखे झैं कथाकार स्वयंले पनि विसङ्गत स्थिति कहिले काहिं भोग्नुपर्दो रहेछ । अर्थात् जुन कथा राम्रो छ र सबैले सराहना गर्लान् भन्ने सोच्यो, त्यसबारे कुनै प्रतिक्रिया नआउने, सबै मौन । जसलाई आफूले सामान्य ठान्यो, त्यसले एकाएक चर्चा-परिचर्चा पाउने । पाठकीय प्रतिक्रियाका साथै धेरै व्यक्तिगत चिठीहरू पनि आउने । यसलाई के भनौं ? नियति कि ! भाग्य कि ! परिबन्द ।

लगभग १५ वर्ष अगि अर्थात् २०४०/०४१ तिर म सुदूर पश्चिमको डोटीमा थिएँ - स्थानीय विकास मा । त्यसै पनि मन खल्लो थियो - विराटनगरबाट आठमहिना पनि बस्न नपाई सरुवा हुन परेकोमा । कसैलाई पनि सुदूर पश्चिमाञ्चल क्षेत्र अर्थात् कर्णाली पारी यौटा रहस्यात्मक र रोमाञ्चक क्षेत्र लाग्दछ । भर्खरभर्खर सबैतिर बाटो र टेलिफोन पुग्न लागेको, विकास र संचारको छायाँ पुग्न लागेको त्यो क्षेत्र आफैमा फरक र मूल नेपालको धारासँग गाँसिन नसकेको अनुभूति जो कसैलाई हुन्थ्यो । यो १५/१६ वर्ष अगाडिको कुरा हो । लाग्छ - अहिले पनि स्थितिमा खास अन्तर नहोला ।

दिपायल यौटा सानु उपत्यका छेउमा राजपुरको रातो डाँडामा स्थानीय विकासको क्षेत्रीय कार्यालयमा विहान ७ देखि वेलुकी ७ सम्म कडा घाम लाग्थ्यो । दिनभरि खास काम केही हुँदैनथ्यो । निरुद्देश्य उठ्नु, निरुद्देश्य कार्यालय बस्नु र निरुद्देश्य सुत्नु जस्तो हुन्थ्यो । बाहिर हिंड्न, घुम्न मन लाग्दैनथ्यो । एक किसिमको निराशा र उत्साह हीनता थियो । यौटा ठूलो जेलमा बसेको जस्तो लाग्थ्यो - न साथी भाइ, न पत्र-पत्रिका, न भेटघाट, न चिनारी, न कुनै इच्छा, न आकांक्षा, न कुनै सपना, न विपना । गाउँघरतिर घुम्न जाँदा चौतारीमा बसेर रोइरहेका महिलाहरू भेटिए । भोकले आत्तिएर कराइ रहेका केटा-केटी भेटिए । ती डोटेली भाषामा आफ्नो दुःख, पीर-मार्का पोख्थे । म केही बुझ्थें र केही बुझ्दिनथें । तर यौटा कुरा भने राम्ररी नै बुझ्थें - ती भोका थिए, ती नाङ्गा थिए, तिनले स्कूल देखेका छैनन्, तिनले गहुँको वाक्लोरोटी र नून खोर्सानी बाहेक अरू पनि खाने कुराहरू हुन्छन् भन्ने थाहा पाएका छैनन् । तिनको आँसुले मलाई बाटो छेक्थे । तिनका आँखाहरूले मसँग रोजी-रोटी माग्थे । तर म निरीह कर्मचारी मात्र थिएँ - पूर्वबाट आएको गोर्खाली ।

डोटीमा नै देखियो - अग्लो ठूलो रुखमा चढेर महिलाले दाउरा काटिरहेकी । त्यहीं देखियो - महिलाले गोरु जोती रहेकी । सही थाहा पाइयो - लोग्ने मान्छेहरू मिलिजुली दिनभरि तास खेल्ने, रक्सी खाने र राति स्वास्नीलाई मज्जाले कुट्ने । अनि त्यही क्षेत्रमा देखियो- जति अर्काको स्वास्नी जोड्न सकियो उति त्यो बहादुर । रुपैया/पैसा कमाउन लाहुरे हुन दिल्ली र बम्बै जानेहरूको ताइँफाइँ पनि त्यही क्षेत्रमा हेरियो । मलाई लाग्छ - नेपाली मेची महाकालीको त्यो यौटा फरक आकाश हो, जहाँ घाम पश्चिमबाट उदाएर पूर्वमा अस्ताउँछ । जहाँको भाषा पूर्वको भाषासँग नेपाली नै भए पनि बुझ्न सकिन्न । जहाँ सय ठाउँ टालेका लुगाहरू लाएर मान्छे (?) जिन्दगी काट्छन् । त्यही अभावको, गरीबी र अज्ञानताको चेतना-शून्यको कथा हो **गाउँमा** । जुन गाउँले पिछडिएको, अज्ञानता र अभावको पीडाले छटपटाइरहेको सम्पूर्ण नेपाली गाउँको प्रतिनिधित्व गर्छ । समष्टिमा भन्न पर्दा **'गाउँमा'** कुनै कथा होइन भन्ने मलाई लाग्छ । बरु त्यो हाम्रो पचासवर्ष (आधा शताब्दी) को विकासको विन्दु हो, उपलब्धि हो । आजको नेपाल र दुई करोडभन्दा बढी नेपाली जनताको प्राप्ति हो भन्ने म ठान्दछु ।

'गाउँमा' गरीबी र नग्नताको कथा मात्र होइन, हाम्रो तेस्रो विश्वको विसङ्गतिको कथा पनि हो । अझ मानव अधिकार प्रतिको व्यङ्ग्य र मानवीय जीजिविषाको विम्ब पनि हो । त्यो यथार्थ हो-अनुभूति पूर्ण यथार्थ, अझ अतियथार्थवादी कथा हो - जसका विषयमा धेरै साथीहरूले चर्चा गर्नुभएको छ ।

यस सन्दर्भमा मैले कवि र नाटककार अशेष मल्लको टिप्पणी सम्झें । उहाँले लेख्नुभएका 'जनमञ्च' का यी हरफहरू टिप्छु - 'गाउँमा ले ग्रामीण जीवनको आर्थिक पक्षलाई उदाङ्गो पारेको छ । हामीकहाँ सैयौं गाउँहरू छन्, जहाँ विकासका पूर्वाधारसम्म पुग्न सकेको छैन । मानिसका कुनै इच्छा, आकांक्षा र महत्त्वाकांक्षा छैनन् । एक पेटसम्मको आवश्यकता वाहेक अर्को आवश्यकता अनुभूत छैन । परशु प्रधानको सबभन्दा ठूलो विशेषता नै हो - सरल र संक्षेपमा समाजको कटु यथार्थलाई प्रस्तुत गर्नु ।

गाउँमा कथासँग खोटाङ्गको पृष्ठभूमिमा लेखेको **यथावत** कथा पनि केही अंशमा सम्बद्ध छ । **गाउँमा** सुदूर पश्चिमको भोक

र नग्नताको कथा छ भने **यथावत** मा चरम शोषणको । २०३६ देखि २०३९ सम्म म खोटाङ्ग जिल्लाको प्रमुख जिल्ला अधिकारी भई काम गरें । जिल्लाको लगभग ७४ गाउँ विकास समितिहरू मैले घुमेको छु । यही क्रममा हलेसी-क्षेत्र घुमेको थिएँ । त्यहाँ एउटा राम्रो खसी देखेर सोधें - यो खसीको दाम कति हो ? खसीको मालिक देखा परे - यो खसी म बेच्न सक्तिन हजूर । मैले ठूलोराईको अधियामा पालेको । उहाँको अनुमति विना मेरो केही लाग्दैन हजूर । नभन्दै गाउँका राम्रा र उत्तम वस्तुहरू जत्ति ठूलोराईका रहेछन् । यो भैंसी दुधालु र राम्रो रहेछ नि ! कसको हो ? जवाफ आउँथ्यो - ठूलोराईको । यो सुन्तला कसको नि ? जवाफ आउँथ्यो - बोट हाम्रा, सुन्तला ठूलोराईका । त्यस्तै गाईबस्तु हाम्रा-गोरस ठूलोराईका ।

बाटो छेउको बारीको डिलमा यौटा खन्यूको रुखलाई च्यापेर दुईमहिला लडिरहेको दृश्यले म टक्क अडिएँ । ती दुई चूल्ठो तानातान गरी त्यो रुख मेरो हो, तैंले घाँस काट्न पाउन्नस् भनिरहेका थिए । दुईजनाको बारीको साँधमा रहेको त्यस रुखलाई च्यापेर रुनु, कराउनुको दृश्यले म मर्माहत भएँ । जाबो यौटारुखको घाँसका लागि यत्रो लडाई र मारामार छ । आफूभित्र सोचें- विश्वको ठूलो नक्सामा नेपाल कहाँ छ ? अनि नेपालभित्र हलेसी क्षेत्र कहाँ छ र हलेसीभित्र यो दूर्गम गाउँ कहाँ छ ? एक दुई मुठा घाँसका लागि हामी ज्यानको बाजी लगाइरहेका छौं । त्यस रुखलाई आधिआधि बण्डा गरिदिएर म त्यहाँबाट उम्कें । यसलाई मैले **यथावत** कथामा प्रस्तुत गरें - यौटा कर्मचारी हरिकृष्णको माध्यमबाट । अन्यथा **गाउँमा** को कथावस्तु र **यथावत** को कथावस्तु एउटै हुन्- चरम गरीबी र नग्नता । चरम शोषण र पीडा ।

गाउँमा को रचना गर्भ पनि त्यही हो, कोरा माल पनि त्यही हो । तयारी माल अथवा Finished Material पनि त्यही हो । त्यहाँ जुन कथावस्तु छ - त्यो नै मेरो कथाको पहिलो पनि हो अन्तिम पनि हो । त्यसलाई आफू भित्र मैले उभारिन, पकाइन र झ्याङ्गिन दिइन । त्यसलाई जुनरूपमा मैले पाएँ, त्यसैलाई सहज किसिमले प्रस्तुत गरें । कथाको कथा पनि त्यही हो, कथा पनि त्यही हो । त्यस कथाको कथा छैन भन्नपर्दा पाठकहरूलाई, मेरा शुभचिन्तकहरूलाई अन्याय हुनसक्छ । यसका लागि क्षमा माग्नु सिवाय म के गर्नसक्छु र ?

डोटीको कुनै अति पिछडिएको गाउँको यौटी दुःखी महिलासँगको यही कुराकानी **गाउँमा** को कथावस्तु हो । जसलाई म यथावतरूपमा यहाँ प्रस्तुत गर्दछु -

'म उसको छेउमा पुगें र मैले नसोधी रहन सकिन - बहिनी ! क्या गर्दै हुनुहुन्छ ।'

'सिस्नो टिपेको' ऊ हत्तारमा थिई ।

'किन टिप्नुहुन्छ ? ....'

'हामीले खाने नै यत्ति हो - अरू केही छैन ।' उसले आफ्नो विवशता प्रकट गरी ।

'किन गहुँ पनि हुँदैन ? ....'

'हुन्न ....' उसले लाज मानी । लाज मान्नु पर्ने कुनै कुरा थिएन । मलाई थाहा थियो ती खालि सिस्नो खान्छन् । ऊ अलि समझदार जस्तो लाग्यो । मैले सोधिहालें - 'यो गाउँमा तपाईहरूलाई के चाहिन्छ ?'

' .....' उसले बुझिन ।

'तपाईंले बुझ्नुभएन ? तपाईलाई पानी, बाटो, स्कूल के बढी आवश्यक छ ? के चाहिन्छ भन्नोस्' मैले अझ स्पष्ट गरेर सोधें ।

'हामीलाई केही चाहिन्न ....' उसले छोटो जवाफ दिई । मलाई ऊसँग कुरा गर्न रमाइलो लाग्यो । ऊ शायद बाहिर कतै गएर आएकी हुनुपर्छ । किनभने भाषा अलि प्रष्ट थियो ।

तै पनि .... मैले कर गरें ।

'तिमीलाई सिस्नोसम्म खान भगवान्ले जुराएन । एक किसिमको किराले यो सिस्नो खाइदिन्छ । सिस्नोमा जम्मै लाई लाग्छ र पात समेत रहँदैन । हामीले काँडामात्र खानु पर्छ .....' ऊ रुन खोजी ।

'अनि .....।'

'हामीलाई तपाईंले यो सिस्नो खाइदिने कीरा मार्ने औषधि दिनोस् - हामीलाई आवश्यक यत्ति हो ...' ऊ जाने हत्तारमा थिई ।

'अरू केही चाहिन्न .....?'

'केही चाहिन्न ....'

घटना पनि यही हो । विवरण पनि यही हो । मेरो प्रस्तुति पनि यही हो । एकसय प्रतिशत सत्य र यथार्थ कुरालाई मैले कल्पनाको जलप लाइन । आफ्नो अनुभूतिलाई सिधै र प्रत्यक्ष **गाउँमा** उतारेको हूँ । **गाउँमा** को कथा वा रचनागर्भ छैन वा थिएन भन्नुपर्दा कवि र गजलकार श्री राजेश्वर रेग्मीसँग क्षमा माग्छु । किनभने यसको कथा उहाँले चाहनु भएर, कर गर्नु भएर नै म लेख्न बाध्य भएँ । नत्र **गाउँमा** को कथा लेख्ने मेरो कुनै इच्छा थिएन ।

बुद्धिमान व्यक्तिले आफ्नो अनुभवबाट सिक्छ तर धेरै बुद्धि भएकाले भने अरूको अनुभवबाट पनि सिक्छ – **चिनियाँ उखान**

कविता

राष्ट्रज्ञान

स्व. पं. सोमनाथ उपाध्याय घिमिरे 'व्यास'

लुण्ठन् दोर्भ्यां च जानुभ्यां यशोदाङ्के हसन् मुदा ।
नृत्यन् नन्दाजिरेनित्यं नम्यतां श्याम सुन्दरः ॥
घुँडा टेकेर दुइटा यशोदा काखमा बसी ।
नन्द आगनमा नाच्ने प्रणाम श्यामका प्रति ।

॥१॥

तेषु तेषु च पर्वेसु पर्व माहात्म्यको विदाः ।
राष्ट्र ज्ञानेषु निपुणाः कार्याराष्ट्र हितैषिभिः ॥
पर्व उत्सव जान्नेले प्रजामा पर्व पर्वमा ।
ऐतिहासिक सम्झाउन् किसान जन सर्वमा ॥

॥२॥

कृषाणां जल हारिण्यो गोपाला अपि यत्नतः ।
राष्ट्र ज्ञानेषु निपुणाः कार्या राष्ट्र हितैषिभिः ॥
राष्ट्रका हितका लागी श्रमजीवि सबै महाँ ।
राष्ट्रीय ज्ञान गरनू नछिपाउनु लोकमा ॥

॥३॥

नरा नार्यस्तु यत्रस्यू राष्ट्र ज्ञान विचक्षणाः ।
अराष्ट्रियास्तु तद्राष्ट्रं प्रभवन्ति न शासितम् ॥
नारी पुरुष जाने छन् विद्वान जुन राष्ट्रमा ।
अराष्ट्रिय प्रजा शासन् गर्न सक्तैन लोकमा ॥

॥४॥

राष्ट्रनेता राष्ट्रभाषां धर्मग्रन्थान् विशेषतः ।
समभ्यस्येदर्थकाम मोक्ष शास्त्राणि तत्त्वतः ॥
नेताले राष्ट्रको भाषा धर्मग्रन्थ यथार्थ त ।
जान्नैपर्दछ कामादि जान्नू पछि क्रमैसित ॥ ५

महती राष्ट्रपरिषत् स्थापनीयाश्च राष्ट्रियैः ।
पूर्वोक्त लक्षणास्तत्र विनियोज्याः सभासदः ॥
राष्ट्रिय परिषत्तार्नू राष्ट्रका बुद्धिमान को ।
माथि बताए सरिको सभा निश्छल व्यक्तिको ॥

॥६॥

वृत्तिं समुचितां दत्त्वा राष्ट्रकार्याणि कारयेत् ।
संयोजयति कार्येषु साहि गौरवकारिणी ॥
पूरावृत्ति दिनू पर्छ कर्मचारी रिझाउन ।
राष्ट्र नै कर्मचारी हुन् राष्ट्र गौरव ल्याउन ॥

॥७॥

गृहीत्वा वृत्तिमुचितां कुर्युः कार्याणि राष्ट्रियाः ।
राष्ट्रियाणां राष्ट्रसेवा राष्ट्र माहात्म्य कोविदाः ॥
वृत्ति पाई कर्मचारी आफ्नो कार्य गरी रहून् ।
राष्ट्र महात्म्य गाएर कार्य तन्मयता लिउन् ॥

॥८॥

भृतिरन्या वृत्तिरन्या भृतिर्गास्या नराष्ट्रियै : ।
भृतिं गृह्णन्ति ते भृत्या निर्दिश्यन्ते न वृत्तियाः ॥
भृति भिन्नै वृत्ति भिन्नै हुन्छ दुइ प्रकारका ।
लोकले भृतिको भोग वृत्ति हो कर्मचारिका ॥

॥९॥

वृत्तियुक्ता विधातव्या राष्ट्रिया राष्ट्र नेतृभिः ।
राष्ट्रियाणां समस्तानां राष्ट्रे स्वोक्तेन जन्मतः ॥
नेता राष्ट्रिय सम्पत्ति योगक्षेम चलाउनु ।
हो यो राष्ट्रिय सम्पत्ति आफ्नो भन्ने नठाननु ॥

॥१०॥

पङ्ग्वन्धवधिराऽशक्ता रोगिणो राष्ट्रियास्तु ये ।
तेभ्योऽपि वृत्तिर्दातव्या राष्ट्रे तेषां निजत्वतः ॥
लंगडा अन्ध वहिरा असक्त रोगि राष्ट्रमा ।
वृत्ति प्रदान गरनु सबै हुन् राष्ट्रकै प्रजा ॥

॥११॥

यथाशक्तिश्च तेभ्योऽपि राष्ट्रकार्याणि कारयेत् ।
नानाविधानि शिल्पानि तेषांयोग्यानि शिक्षयेत् ॥
सिकाऊ सबमा काम जस्तो रूचि छ लोकमा ।
कला कौशलको धेरै महत्त्व हुन्छ देशमा ॥

॥१२॥

क्रमशः आगामी अङ्कमा...

सूत्रकथा

सूत्रकथा:मृत्यु

❑ भुवन ढुंगाना

उनको मृत्यु भएको चारवर्ष बितिसकेछ । यस कथाकी सूत्र माथिकी उनी होइनन् । सूत्र हो रोग, अर्बूदरोग क्यान्सर । अहिलेकी जीवित पात्रले सम्झाइदिएकी छन् मृत उनीलाई । उमेर, परिवेश बेग्लाबेग्लै भएता पनि दुबै एउटै रोगले थलिएका, ती मध्ये चारवर्ष अगाडि एउटीको मृत्यु भइसकेको छ । र, अर्की उनी आज एकवर्षदेखि यो रोगबाट पीडित भएर अहिले त थलानै परेकी छिन् ।

म आँखा नझिम्काई मृतप्राय: उनीलाइ नै हेरिरहेछु । सम्झिरहेछु यस खबत उनको त्यो मोटो, थलथले, पाउरोटी बन जस्तो उक्सिएको शरीर कहाँ गयो । शरीरको मासु कता हराएर अब हाड छाला मात्र बाँकी छ । हेरिरहेछु आँखाका नाममा दुइटा खोपिल्टा र पानी बिनाका निस्तेज नानीहरूमा मृत्युको करूण क्रन्दन, सकि नसकी हो कि होइन जस्तो गरेर रुनरुन खोज्दा पानी टलपल गरिहेको, झर्न न सकेको आँसूको थोपा गालाका पाटाहरूमा । सम्भवत: आँसू भएर झर्ने पानी पनि रित्तिइसकेको जस्तो । कुनै बखत हाथका नाडीमा टम्म मिलेका सुनका चुराहरू अहिले झण्डै कुहिनासम्म पुगेको छ, चुराहरूको गोलार्धबाट फुत्किन खोजिरहेछ एक मुठ्ठिसास । उनी बिस्तारै ती सुनका चुराहरू चलाउँदै मतिर हेरे जस्तो गर्छिन्, इंगित गर्दैछिन् कसरी ती चूराहरू त्यति खुकुला हुँदै गए, बाँच्ने जीजिविषाको तीब्रतम अभिव्यक्ति हुन् हाथमा लगाइएका ती दुइटा सुनका चुरा ।

मेरो मन अमिलो हुन्छ ।

र, अहिले चारवर्ष अगाडि दिवगंत भएकी माथिकी उनीलाई सम्झिरहेछु । यो यस्तै फागुन महिनाको कुनै दिन थियो । सामान्य पेट दुख्ने गुनासो लिएर डाक्टर देखाउन लगिएकी उनीका बारेमा पेटको जाँच गरिसकेपछि विरामीलाई कोठाभित्र बस्नु भन्दै डाक्टर बाहिर निस्किएर कुरिरहेको उसलाई देखेर भन्दछन् - 'खोइ, वहाँको त अल्ट्रासाउण्ड (यन्त्रद्वारा भित्रको रोग हेरिने) जाँचमा रमो देखिदैन ।'

'किन के भयो र ? उसले अचम्म मान्दै सोध्छ ।'

'वहाँलाई त क्यान्सर नै भएको हो । अब यो उमेरमा के गर्न सकिन्छ र ?' डाक्टरले भन्यो ।

उ एक पटक भित्रदेखि कामेको जस्तो भयो । क्यान्सर भनेपछि त ..... उसले सोंच्यो त्यसको अर्थ अब उनी धेरै दिन बाँच्दिनन् ।

'भित्र आउनुहोस्, अहिलेलाई औषधि लेखिदिन्छु ।' डाक्टरले त्यसो भनेपछि उ संगसंगै कोठा भित्र पस्यो ।

कोठाभित्र उनी डाक्टरले जाँचने टेबुलमा पल्टिरहेकी थिइन् । अहिले मात्र उसले थाहा पायो उनी कस्ती पहेंली र दुबली रोगी जस्ती भएकी रहिछन् । आफ्नो हाथले सहारा दिंदै उनलाई उठायो ।

अहिले जीवित उनी चलमलाएकी छिन् । हाथ छातीनेरि राखेर केही खोजेजस्तो गरिरहेकी छिन् । चोलोको तुनामा एउटा थैली बाँधेको रहेछ । थैलीमा औंला छिराएर चानचून पैसा झिक्दैछिन् । चानचून पैसा मेरो अगाडि राख्दै अस्पष्ट स्वरमा सकि नसकी भनिरहेकी छिन्, 'तिमी .....जाँदा पशुपतिको बाटोमा बसिरहेका माँग्नेलाई बाँडिदिनु ।' उनले भुँइमा राखेको सिलेवरका पातला चक्का पैसाहरू मैले हेरिरहेछु । उनको यस बखतको मन दुखाउन चाहन्न । नजीकैको कागजको एक टुक्रो टिप्छु र ती चानचून पैसा सबै बटुलेर कागजमा पोको पारेर खल्तीमा राख्छु । उनी एकछिन उज्याली देखिन्छिन् मानौं गरीबलाई दान गरेर स्वर्गको ढोकामा उभिन पुगेकी छिन्, यस्तो विश्वासमा म कसरी विश्वासघात गर्न सक्छु र ?

भोली बिहान पशुपति दर्शन गर्न जाँदा यी चानचून पातला पैसाहरू उनका नाममा माँग्नेहरूलाई बाँडिदिन्छु ।

उसले उनलाई डोऱ्याउँदै डाक्टरको कोठाबाट बाहिर लिएर आयो । हाथमा बोकेको औषधिको पूर्जा खल्तीमा राख्यो । घर आइसकेपछि हठात् उसले फेरी सम्झियो अब उसकी आमा धेरै दिन बाँच्ने छैनन् । उसलाई एकपटक बालक जस्तै लुटपुटिएर

आमालाई अँगालो हालेर डाँको छाडेर रुन मन लाग्यो । तर त्यसो गर्दा अस्वाभाविक देखिने र आमाले पनि कुनै कडा रोग लागेछ भनेर थाहा पाउने डरले उसले आमालाई खाटमा सुताउँदै भन्यो - 'अब आराम गर्नुहोस्, औषधि खाएपछि ठिक भइहाल्छ नि ।' आमाले लोलाएका थकित आँखाहरूले उतिर हेर्दै भनिन् - 'खोइ यसपालि त म निको हुन्न क्या रे ! किन हो जिउ त्यसै फतक्क गलेर आउँछ ।'

हुन पनि हो त्यसदिन देखि उनको दिनचर्यामा पनि परिवर्तन आउँदै गयो । आज उठेर बाहिर आँगनसम्म आउन सकेकी उनी भोलिपल्ट ढोकामा आइपुगे पछि नै थचक्क बसिन् । बुहारीले लिएर आएको चियामा मट्टितेलको गन्ध आयो भनेर फर्काइदिइन् । खानेकुरा देखेपछि मुन्टो बटार्दै भनिन्, - 'मलाई खान मन छैन' । उनी पल्टिरहेको ओछ्यान छेउ कोही न कोही आएर सोधि रहन्थे - 'आमा तपाईंलाई कस्तो छ ।' यो प्रश्न सुन्दासुन्दा उनी आजित भइसकेकी थिइन् । एकदिन अन्तस्करणको कुन भावनाबाट प्रेरित भएर हो वा आफ्नो जीवन अरुलाई बोझ भयो भन्ठानेर हो उनले सुस्केरा हाल्दै भनिन्- 'हे ईश्वर ! अब त तिमीले लगिदिए पनि हुन्थ्यो ।' यो उनको कष्ट कसैले बाँड्न पनि नमिल्ने, साट्न पनि नसकिने र कुनै औषधि र मलहमले पनि निको नहुने थियो । आमाको त्यो पीडा देखेर उ रातभरी जसो छटपटाएर सुत्न सकेको थिएन ।

हठात् उ झस्कियो । अहिले मृतप्राय: तर जीवित उनी पनि ईश्वरसँग त्यस्तै पुकारा गरिरहेकी छिन्, 'हे ईश्वर ! मेरो बाँच्नुको के अर्थ छ अब लगिदिए पनि हुन्थ्यो ।' उसको आँखा पनि रसाएर धमिलो हुँदै जान्छ, उसले त्यहाँ उनको साटो आफ्नी आमा नै सुतिरहेको देख्छ ।

उ त आफन्तको बिरामीलाई हेर्न मात्र गएको हो । 'यिनको मृत्यु मैले आँखाले न देख्न पनि सक्छु' उसले भन्ठान्छ । 'कुनै दिन समाचार भएर उनको मृत्युको खबर थाहा पाउनेछु' । तर आमाको मृत्यु भने ..... ।

एकदिन बिहान सँधै झैं आमाको मुटुको स्पन्दन घट्ने बढ्ने प्रकृया चलिनै रह्यो । हठात् घाँटीमा आएर अड्किएको सासलाई मोक्षप्राप्तिका लागि तुलसीको मठसम्म ल्याई पुऱ्याउनु पर्ने स्थितिमा भुँइचालो आए जस्तै, भुँइचालोमा भाग्नु परेको जस्तै हडबडीमा बाहिर आँगनमा ल्याइएको थियो । त्यसपछि निस्प्राण झुम्राको पुतली जस्तै उसकी आमाको शरीर लमतन्न चोकमा सुताइ राखिएको थियो । त्यसपछिको कोलाहल, रुवावासी, त्यो दृश्य .....।

उसले उनले नदेख्ने गरी कोटको खल्तीबाट रुमाल झिकेर रसाएका आँखाहरू पुछ्यो ।

जीवित उनी निस्तेज अँखाले उ पट्टिनै हेरिरहेकी छिन् । परिवारका मानिसहरू आलोपालो गरी कुरिरहेका छन्, कसले त्यो टक्क अडेको सास पहिले देख्ने हो ? थाहा छैन । यात्राका लागि गरिने पूर्व तयारीहरू क्रमश: पूरा गरिदैछ, दान धर्मका कुराहरू । यात्रामा हिंड्न मात्र बाँकी छ ।

डेमोकिल्सको तखार जस्तै मृत्यु ढुकढुक गर्दै परिवारका मानिसहरूको निन्द्रा तन्द्रामा हल्लिरहेछ, क्रमश: कोही सुती रहेछ, कोही उठी रहेछ र मृत्यु भने घस्री रहेछ पलपल । थाकेर आजित भइसकेका परिवारका मानिसका अनुहारमा, आँखाको अभिव्यक्तिमा एउटै भाव छ 'हे भगवान् ! अब त मृत्युले वरण गरिदिए पनि हुन्थ्यो ।'

जुन कुरा हुनु नै थियो, त्यो भयो । आज विहानै कसैले फोनमा खबर गऱ्यो, हिजो राती उनको निधन भयो, उनी अर्थात् मेरी आमा जस्तै पात्र, क्यान्सर (अबूर्द रोग)बाट पीडित पात्रको मृत्यु । यो अपेक्षित मृत्युमा ममा हठात् कुनै भाव प्रवाह भएन, म एकछिन टोलाएँ मात्र । उनको मृत्यु सूत्रले चारवर्ष अगाडि वितिसकेकी मेरी आमाको सम्झना गरायो, बश ।

आज पशुपति दर्शन गर्न जाँदा अस्ति कागजमा पोको पारेर ल्याएको चानचून पातला पैसाहरू बाँडिदिन्छु । उनले बाँच्ने जीजिविषामा दिएका पातला पैसाहरू अब मृत्यु पछि बाँडी दिनेछु ।

कथाको अन्त्य भइसकेको छैन । भोलि फेरि शोक सन्तप्त परिवारलाई समवेदना प्रकट गर्न जानुछ, सम्भवत: एकछिन पछि नै जानुछ । म केही अभिव्यक्त गर्ने शब्दहरू खोजिरहेछु, आमाको मृत्युसँग मिल्दो जुल्दो केही दृश्य, कुनै सम्झनाहरू ।

चारवर्ष अगाडि वितिसकेकी मेरी आमाको मृत्युसूत्रका सम्वादहरू म फेरि त्यहाँ दोहऱ्याउँनेछु, पुनरावृत्ति गर्नेछु .... । म फेरि त्यही दिन, त्यही क्षणमा हुनेछु - सूत्रकथा मृत्युलाई दोहऱ्याइरहनेछु । ❖❖❖

सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन गर्नु कला हो **– महाकवि देवकोटा**

कविता

विरहिणी प्रति

❑ बालकृष्ण भट्टराई

सुख दुःख दुबै हुन्छन् घाम छाया सरी यहाँ
सुखले मात्र मान्छेको उन्नति देखियो कहाँ ?
त्यसैले मनकी रानी ! दुःखमा रुनु हुन्न है !
दुःख नै नगरी कैल्यै सुखले पनि छुन्न है !

१

रुनु जीवनको हार सहनु जीत हो बुझ
सङ्घर्षमय जीवनमा खुशीका आँसुले रुझ
नझार तिमीले आँसु रोई एकान्तमा बसी
बरु सृजनका निम्ति समाऊ लेखनी मसी ।

२

सृजना सुख हो हेर, साधना गर्नुपर्दछ
लोक कल्याणका निम्ति सृजना गर्नुपर्दछ
थिएनौं भवमा हामी नहुनेछौ भविष्यमा
साँचो त आज मात्रै हो नभोलि नहिजो यहाँ ।

३

आज सार्थक गर्छौं त भविष्य पनि बन्दछ
कोरिन्छन् भाग्यका रेखा श्रमले श्रुति भन्दछ
देखेर उन्नति हाम्रो समाज ईर्ख गर्दछ
मान्छे नै किन मान्छेको यसरी रीस गर्दछ ?

४

भावना शुद्ध राखेर कल्पनामा डुबेपछि
विपना-दुःख बिर्सिन्छन् सपनामा लुकेपछि
काव्यमा बाँच्न खोज्नेले कल्पना सुख खोज्दछ
भविष्य-सुखका निम्ति आज ऊ दुःख रोज्दछ ।

५

मनका लक्ष्यमा पुग्न सक्तैन जब मानव
मान्छे नै उसका निम्ति जब बन्दछ दानव
दुःख मात्र गरी बस्ता नैराश्य जब पाउँछ
बिर्सेर विपना मान्छे सपनातिर धाउँछ ।

६

सपना मात्र देखेर नबिर्स विपना तिमी
कर्तव्य बिर्सनु हुन्न सपनामा पनि तिमी
मायामा मुग्ध मान्छेले कर्तव्य बिर्सियो भने
मायाको मूल्य खस्नेछ कर्तव्य बिर्सियो भने ।

७

यात्रामा कति भेटिन्छन् भेटिन्छन् कति मानव
कुनै ती ईशका मूर्ति हुन्छन् ती कति दानव
विवेक बुद्धिले हेर नोक्सान नगरुन् तिनी
तिम्रो सुन्दर संसार नबिगारुन् कतै तिनी ।

८

भैरहवा, रुपन्देही

नववर्ष २०५६ को
शुभ उपलक्ष्यमा समस्त नेपालीमा
हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

बालप्रसाद शाही
(निर्देशक) तथा

श्रम राष्ट्रिय मा.वि.
कुमारीगाल, काठमाडौं

— कथा —

संकल्प

❑ गीता केशरी

भन्छन्, अर्धचेतनामा दवेका भावनाहरूले साकार रूप लिन्छन्, शायद त्यसैले पो हो कि मैले एकरात अनौठो सपना देखें । अचम्भित भएर म, साँचै मैले प्रष्ट रूपले ठम्याउन नसकेका ती अर्थहरू सबै छर्लङ्ग हुन थाले- मस्त निद्रामा । स्वछन्द थियो त्यो, मुक्त भएर निस्कदै थियो क्रमशः .....क्रमशः ।

बिहानको चिसो हावाको स्पर्शले जब म विउँझिएँ मेरो दिमागमा तिनै सपना अझै रुमल्लिइ नै रहेको पाएँ । एकछिन तिनैलाई ओर्काइ फर्काइ जाँची रहें, निश्चय नै त्यो अनौठो र घतलाग्दो थियो । मैले अतुललाई त्यो नसुनाइरहन सकिन । उसको अगाडि गएर खिस्स हाँस्दै भनें, 'बुझिस् अतुल ! आज त्यो जङ्गबहादुरको सालिकले पट पट बोल्यो, बोल्यो मात्र होइन अर्ति बुद्धि पनि हामीलाई दिने भयो ।'

अतुलले पनि छक्क परेर सोध्यो, 'के भन्छ यो ! छटाउन त छटाइनस् के बोल्यो त्यो सालिकले ?'

भन्यो - 'तिमीहरूले पनि हामीले गरे जस्तै भूल गर्न थालि रहेछौ, याद राखे जसरी हामी घृणाको पात्र भएर पन्छाइएका छौं, तिमीहरूको स्थिति पनि त्यस्तै हुन वेर लाग्दैन । अब त टुँडिखेलमा पनि ठाउँ पाउन गाह्रो भइसकेको छ अनि कहाँ जान्छौ ? मलाई पनि झोक चल्यो र भनें 'तिमीहरूसँग हाम्रो के को तुलना ! एक अत्याचारको प्रतीक अर्को प्रजातन्त्रको अनुयायी, तिमीहरूले हामीलाई कसरी चिन्न सक्छौ र यसो भन्छौ ! भन्दा के भन्छ - अतुल थाहा छ ? अट्टहासको हाँसोमा भन्छ, - 'सब कुरा सुन्न अभ्यस्त पनि प्रजातन्त्रमा हुनुपर्छ जङ्गिएर हुँदैन । हामीले यहाँबाट तिमीहरूको विभिन्न तमासाहरू देखेकाले नै बेलैमा सम्झाउन खोजेका हौं । इतिहास भइसकेका हामीले तिमीहरूलाई गर्नै के सक्छौं र हामीदेखि रिसाउँछौ ? सक्छौ भने हाम्रो अधोगति हुनाको कारणहरू दोहऱ्याएर सचेत बन । त्यसैबाट थाहा पाउने छौ कुन बाटोमा लाग्न सकेमा तिमीहरू स्थायी भएर जनप्रिय हुन सक्छौ । जनताको मन जित्ने कोशिश गर ।'

जनतालाई मूर्ख सम्झनु, शक्तिलिप्सा भई आफूआफू टुट्नु,फुट्नु भइरहनु, सडकलाई नाटकको रङ्गमञ्च बनाउनु, बोली एकातिर कर्म अर्कोतिर पारेर जनतालाई छक्काउनु, हामीले जहानिया शासन प्रणाली हुँदा आफू र आफ्नै जहानको मात्र उन्नती प्रति लक्षित भए झैं तिमीहरू आफू र आफ्नो पार्टीतर्फ मात्र ध्यान दिनु के यी गतिहरू मिल्दाजुल्दा छैनन् र ? भन्छौ भने, झुक्काउने र सडक तमासा देखाउने अझ थप भएको छ अहिले ।

हामी जब फुटेर ए.वि.सी. भयौं जनतामा, हाम्रा नियतीहरू, हाम्रै असन्तुष्ट समूहहरूबाट पुग्यो र आफ्नै भाइ भारदार र जनता मिलेर बाँकी रहेको एक चोइटा समूहलाई उछिट्याइ दिए, त्यस्तै त तिमीहरू पनि हुँदै छौ ?

तिमीहरूलाई एकताको जरुरत छ, त्यो एकता जसको उद्देश्य जनजीवनको उत्थान र देश विकास रहेको होस् । यसैसँग गाँसिएर नै तिमीहरू सबैको साथै विकास हुन्छ । यही तथ्य हामीले बुझ्न नसक्नाले आफूहरू र जनता बेग्लाबेग्लै एकै देशका नागरिक ठानेर शासन गर्न थाल्यौ । जनताको त्यत्रो समूह अगाडि हामी एक मुट्ठी- कतिन्जेल टिक्न सक्ने ? त्यसमा पनि राष्ट्र प्रमुख श्री ५ समेत हामी देखि रुष्ट ! अनि त्यसको नतिजा, यी हेर हामीहरूलाई ! अत्याचारी शासकको परिचय लिएर बसेका छौं । बाटामा हिंड्नेहरू हामीलाई देखाउँदै भन्छन् - 'यिनको शान हेर न कस्तो छ ? ठीक भएको छ, यहाँ राखेको ।

लौ भन त अतुल, यसमा सत्यता छैन कसरी भनुँ ? त्यसैले म तँसँग सल्लाह गरी .....यो सन्देश प्रत्येक पार्टीहरूमा पुऱ्याइ दिउँ कि भनेर आएको ।

श्रीदेवलाई गम्भीर भएको देखेर अतुलले हँसाउने प्रयास गर्दै भन्छ- 'तेरा यी सपना हुन् या के हो, यस्ता कुरालाई लिएर उनीहरूलाई बताउन गए हामीलाई के भन्लान् ? त्यो पनि सोचिराख । सपनामा देखिस् अब विपनामा विर्सिदे । नत्र ....?'

'नत्र के नै भन्लान् ? भन्लान् कही यो त बहुलाएन ? तर म कसरी विर्सु त्यसले भनेका कुराहरू । भन्छ- 'हामी यहाँ बसेर हेर्दैछौं सडक भरी जुलुस निस्की रहेको । विभिन्न पार्टीका विभिन्न नेताहरूले दिएका भाषण पनि सुन्छौं र नारा पनि । त्यो चिच्याइ र तमासाको अर्थ एकै हुन्छ । पार्टीमा राम्रो र सक्षम

उसको मात्र छ र उसले मात्र सत्तामा पुग्न सके जनतालाई धेरै राहत दिन सक्छ। यस्तो होडबाजी के को लागि ? जनसेवाको लागि होइन-सत्ताको न्यानोमा पुगेर भुसुक्क निदाउँन र विउँझीहाले धित मर्नेगरी भोक मार्न। सबै पार्टीको उद्देश्य यदि जनसेवा हुँदो हो त त्यहाँ सहयोगको भावना हुनुपर्ने हो, यहाँ त्यो छैन। छ भने पार्टी एक कमाउने बाटो भएको छ। नत्र प्रतिपक्षमा रहेका पार्टीहरूले सत्तापक्षलाई राम्रो सल्लाह दिएर जनताको हितको लागि काम गराउन सक्थ्यो – भड्किन लागेमा ठीक बाटोमा ल्याउन सक्थ्यो- खै यस्तो सोचाइ आउन सकेको ! हामीले जनतालाई पैतालामुनि राखेर शासन चलाउँछौं भनेर भूल गर्‍यौं। अहिले तिमीहरू यी मूर्ख जनताहरूलाई अल्मल्याएर पार्टीलाई बलियो बनाउँछौं भनेर लाग्दै छौ जुन अर्को भूल हो। न त पार्टी धनले मात्र बलियो हुनसक्छ न त जनताले धैर्य लिएर सहेर बसिरहन सक्छ। जनता यहाँ सबै पक्षले भिर्ने कब्जा भएको छ भने सबै पार्टीले लगाएको चोट पनि खपेर बस्नुपर्ने बनाइएको छ। तर याद राखे - यस्तो धैर्यको बाँध भत्कियो भने ..... को कसलाई कहाँ पुऱ्याइ दिन्छ त्यो भन्न सकिदैन। त्यस अवस्थामा पनि दुःख पाउने जनता नै हुन्छन् जुन त्यसबेला शासित थिए।

हामीले यहाँ बसेर सुन्न थालिरहेछौं 'राणा शासनमा भाइ भारदारले सुख भोग गरे, पञ्चायत शासनमा एकमुट्ठी भक्तहरूले र अहिले प्रजातन्त्रमा पार्टीहरू रमे। हामी जनता माथि किन आखाँ पर्दैन कुनैबेलामा पनि कसैको पनि। यस प्रश्नको जवाफ छैन कुनैसँग पनि। प्रजातन्त्रमा वहस गर्ने थलो संसद तोकिएको भए पनि त्यहाँ केही बोल्न नसकी बाहिर आइ हल्ला मच्चाउँदै गुहार माग्दै जनजीवन अस्तव्यस्त बनाउँदै हिंड्ने ती राजनीतिज्ञहरूलाई देख्दादेख्दै हामी दिक्क भई टुँडिखेलको चारैदिशाबाट हामीले पनि आवाज उठायौं र सल्लाह गर्‍यौं - तिमीहरूलाई आफ्नो अनुभव बताइ दिउँ। सार्वभौमसत्ताधारी जनताको विश्वास जित्न सक्ने कसरी हुन्छौ भनेर नीतिशास्त्रको अनुगामी बनेर शासन प्रणाली चलाउन थाल। अब त हामीले पनि प्रजातन्त्र बाँचिरहोस् भन्ने चाहन थालेका छौं। यसलाई पश्चाताप सम्झन्छौ कि समयको माग भन्न सकिन्छ तर पनि चाहना लिएका छौ नेपाल स्वतन्त्र रहोस् यहाँबाट नागरिकहरूले आफूलाई स्वतन्त्र राख्न सकुन्। धेरै दुःखपाइसके यिनीहरूले अब स्वतन्त्रता बचाइ राख्ने अभिभारा तिमीहरूमा आइपरेको छ।

त्यो सालिकको मुखबाट निस्किएका यस्ता कुराहरू सुनेर म छक्क परेर हेर्दै थिएँ। जङ्गबहादुर जङ्गेर मलाई घचेट्दै भन्न थाल्यो- 'के हेर्छस् मलाई ? जा गएर पार्टीका सदस्यहरू, नेताहरूलाई हामीले कल्पिदै पछुताउँदै बताएका यी तथ्यहरू सुनाइदे र जनतालाई पनि सचेत गराइदे। जवान भएर यसरी सुति राख्छस् ! सपनामा डुब्न छोडेर साकार अवस्थामा उत्रन कोशिश गर !'

म झसङ्ग भएँ र यसो हेर्छु त बुझिस्, पलङबाट झण्डै लड्ने अवस्थामा पुगिसकेको। म एकछिन त यसै टोलाइ रहें, यही सोचेर कि यी तर्कहरू फजुलका छैनन्। साँचै जहानिया शासन एकढिक्को हुँदा कसले छुन सकेको थियो ? हाम्रा पार्टीहरूलाई पनि एकताको जरुरत आफ्नो स्थिरताको लागि छ र पार्टीहरूको शुद्धिकरण नै प्रजातन्त्रको उदय हो। होइन त अतुल ? बोल न किन चुप छस् तँ ?

'पहिले तेरो भन्ने सबै सिध्या अनि म भनिहाल्छु नि ? तेरो मनलाई शान्त पार, अनि म बोल्छु।'

'राजनीतिप्रति नै अब वितृष्णा लागिसक्यो। सबै पार्टी, सबै नेताहरू भन्छन्, कैयौं आमाहरूले आफ्नो सन्तान गुमाएर ल्याएको यो प्रजातन्त्रलाई मर्न हामी दिदैनौं। जे-जसो भोग्न परे पनि हामी तैयार छौं।

हो, अवश्य मर्न दिदैनौं तर स्वस्थ्य भएर बाँच्न पनि त दिइरहेका छैनौं र एकवर्ष हुन पाउँदैन मन्त्रीमण्डल परिवर्तन हुन्छ। त्यहाँ अस्थिरता आएपछि सबै त्यसमा बाँधिएका तानामाना हल्लिन थाल्छन्। प्रगतिमा सुस्ती आउन थाल्छ। जनताको गुनासो बढ्न थाल्छ अनि फेरि आवाज यिनै पार्टीहरूबाट उठ्न थाल्छ मध्यावधि चुनावको लागि- पूरा बहुमत लिएर आई सरकार चलाउने।

होइन, मध्यावधि चुनावै किन चाहिएको ? अहिले पनि एकमना सरकार भएर शासन नचलाएको होइन ? दुईदल, तीनदल भएर पनि चलाएकै छन्। हुन त अब यो टऱ्यो भने पनि भयो तर कुरा आउन सक्छ भोलिको पनि ? के अब आउने चुनावमा पनि बहुमत ल्याएर विजयी हुने पार्टी निस्किएला त ? विश्वास अविश्वासको संसदमा हुने चुनावको त नतिजा यस्तो निस्किरहेको छ भने आम जनताबाट प्राप्त गर्नु पर्ने विश्वासको भोट पाउन कस्तो होला? अनि फेरि यही, यस्तै दोहऱ्याउँदै जाने ?

यहाँ पनि प्रश्न एउटै छ, पार्टीहरूले आफ्नो नियत र

धारणा बदली जनता र हामी एकै हौं, जनताको उन्नती आफ्नो भन्ने मनमा राखी कर्म गर्दै जानु पर्‍यो । अहिले जनता भन्दैछन्- 'प्रजातन्त्र फेरि फर्कियो, हामी आम जनताले के पायौं ? महँगी या सुविधा ? पानी पिउन गाह्रो, वत्ती बाल्न गाह्रो, सुरक्षित हुन गाह्रो, जता हेर्‍यो उतै गाह्रोगाह्रो । चोरी गर्ने, केटी बेच्ने, बलात्कार गर्ने' जस्ता कुकृत्य बढ्दै छन् । हाम्रो बलिदान यसै खेर जाने भयो भनेर शङ्का लिएर छटपटाइ रहेकाहरू कहाँ पुगेर जब म सम्झाउँदै भन्छु - 'केही दिन पर्खनोस् बलिदानको नतिजा राम्रै आउँछ । सबै मिलेर फेरि आपसी समझदारी ल्याउँदै छन् । विकास आउँछ । जनता, हामीले मनग्य सुविधा पाउने छौं' यति भनेर जब म घर फर्कन्छु त्यसपछि म आफू आफैसँग प्रश्न गर्न थाल्छु, कहिं तेरो सम्झाइ पनि आदर्श भाषण मात्र त होइन ! अरूलाई झुक्काउने मीठो बोली ?

अतुलले अब जवाफ दिन्छ - 'होइन, तिमीले ठीक सम्झाएका छौ । प्रजातान्त्रिक व्यवस्था यसै मासिदैन । यहाँ होहल्ला हुन्छ किनकि यो व्यवस्थामा कुरा धेरै भित्र भित्र गुम्सिएर रहेको हुँदैन । निर्णय हुनुभन्दा पहिले नै वहस हुने भएकोले यस्तो भएको हो र यो व्यवस्थासँग पार्टीहरू र जनता हामीहरू पनि अभ्यस्त नहुने अवस्थासम्म यस्तै स्थिति आउँछ । प्रजातन्त्र हाम्रो आफ्नै तन्त्र हो । यसमा आफू आफै अनुशासित हुनुपर्छ र एकले अर्कोको अधिकार बुझेर त्यसको रक्षा गर्ने कर्तव्य मेरो हो भन्ने सम्झनुपर्छ । तीसवर्षसम्म लगाएको छापलाई यति छिटो मेटाई अर्को व्यवस्थामा ढाल्न समय लाग्छ । हेर, राणाकालीन अवस्थाका व्यक्ति हजुरबा आमा भएर अझै यहीं छन्, त्यसपछिको पञ्चायत शासनका बाआमा, दाजु, दिदीहरू र हामी पनि केही अंशमा यहीं छौं । त्यसमा पनि २००७ सालपछि प्रजातन्त्रलाई तर्साउने ख्याकहरू पनि छँदैछन्, अनि अति यस्तो अवस्थासँग जुझेर पुनर्वहाली गर्न खोज्दा यस्तै हुनसक्छ ।

'सुन, तेरो यो सपनाका कुराहरू पनि तेरो दिमागमा लुकेर बसेको छापको आवाज हो, जङ्गवहादुरको सालिक बोलेको होइन । त्यस सालिकले तँलाई सम्झाएको मात्र हो । व्यवस्थाको सुदृढीकरण र भावना परिवर्तन हामी सबैमा निख्खर रूपले नआई हाम्रो देशमा प्रजातन्त्रको उपलब्धी देखापर्न सक्दैन । यो व्यवस्था हामी तमाम जताको भएकोले यसलाई उभ्याएर मात्र पुग्दैन, हिँडाउने र दौडाउने कोशिशमा पनि त्यसरी नै एकताबद्ध भएर लाग्नुपर्छ, नत्र प्रजातन्त्र भ्रममा नै हराउन सक्छ ।'

श्रीदेव जुरुक्क उठ्छ र सङ्कल्पबद्ध भएर भन्छ - 'यसो भन्छौ भने राष्ट्रिय हितको लागि एकता माग गर्दै स्वतन्त्र देशको स्वतन्त्र नागरिकको परिचय दिएर राष्ट्रको इज्जत बढाउन लाग्छु, लौ हिँड् तँ पनि । ❖❖❖

कविता

मेरो जलुकिनी

❑ श्रीहरि फुयाँल

मीठो छन्द टिपेर साँझ पखमा टुक्का म जोड्दै थिएँ
काव्योद्यान सजाउँने मन गरी कल्पेर लेख्दै थिएँ
साह्रै नै मधुरो भएर नभमा हिँड्दै थिए भास्कर
आ-आफ्ना घर पुग्न आतुर थिए ती यात्रुका लस्कर ।

१

त्यै बेला अति मन्त्रमुग्ध म भएँ हेरेर चारैतिर
आफ्नै गाउँ रमाइलो हुनगयो सम्झेर आभ्यान्तर
टाढा दृष्टि पुर्‍याउँदा प्रकृतिमा नौलो कुरा देखियो
गाढा भैकन टाँसिएर मनमा यस्तो कुरा लेखियो ।

२

रातो भैकन सूर्यको किरणले पक्रन्छ अस्ताचल
पन्छीका चिरवीरमा अति मजा सङ्गीत बर्सन्छ र !
पङ्खा हम्कन मन्द-मन्द गतिले हावा निको चल्दछ
सन्ध्याको मुख शान्त सौम्य सुखको आभा लिई खुल्दछ

३

आफैमा मनमुग्ध भैकन सधै सङ्गीतका रागमा
हल्लन्छन् रुख, पात, मञ्जु लहरा नाचेर यै बागमा
खोलाले शुभगीत गाउँछ निको गाना सुसेलेसरी
यौटा सुन्दर गाउँ हाँस्छ मुखमा मुस्कान ल्याइवरी

४

मेरो सुन्दर गाउँ हो जलुकिनी आनन्दको मन्दिर
हुर्केथें यस ठाउँमा डुलिडुली पाखा, पखेरा, भिर
साह्रै नै प्रिय लाग्छ यै जलुकिनी डुल्दै म जाउँ जहाँ
बाचा गर्छु म शीघ्र अन्त नभुली फर्केर आउँ यहाँ

५

कविता

परिचय

❑ डा. टीकाराम अधिकारी

म जन्मिएँ यो वनकुञ्ज भित्र
म नाँच्छु आफ्नै छविपुञ्ज भित्र ।
मेरो अलङ्कार छ शीतविन्दु
नक्षत्रमाला परिपूर्ण इन्दु ।

१

हिमालछाँयातिर खेल खेल्छु
म जङ्गली पल्लवले सुसेल्छु ।
पीयूषका खण्ड टिपेर खान्छु,
कैले म बेसीतिर घुम्न जान्छु ।

२

'उषा' भनेकी सँगिनी छ यौटी
दिन्छे उ लालीपनको पछ्यौरी ।
बस्छे उ कैलाशपुरी कुब्रेर
झर्छे विहानीपख व्युँझिएर ।

३

म गर्छु संग्राम शिला बनेर
वैरीहरूलाई किरा गनेर ।
सौभाग्यद्वारा विजयी म हुन्छु
अवीरको रूप लिई फिजिन्छु ।

४

अस्तित्व हूँ जन्म धराभरीको
संगीत हूँ यी छहराभरीको ।
हसाउने हूँ जननी मुहार
बनेर राम्रो शिरको जुहार ।

५

आवास राम्रो र रमाइलो छ
मेरो सबैका अघि पाइलो छ ।
देखेर थोपा भर रक्तविन्दु,
बैरी तरीहाल्दछ सप्तसिन्धु ।

६

मेरो छ तातो पसिना बहन्छ
रोपिन्छ मुक्ताफल भै नुहुन्छ ।
उर्लन्छ संग्राम भरी धरामा
चिनाउँदै पुत्र र वीर-आमा ।

७

उत्साहद्वारा हथियार हुन्छ
बन्दूकद्वारा बल-शक्ति उड्छ ।
म बस्छु यौटा स्थिर भै तथापि
भो वीरता-साहस विश्वव्यापी ।

८

गनिन्छु, पृथ्वीभर वीरपात्र
सक्दैन कोही पनि हेर्न मात्र ।
मेरो छ माटो पनि भीतिकारी
पहाड, वेसी, घर, गाउँ वारी ।

९

आपत्तिमा बन्दछु अश्रुधारा
चम्कन्छु बन्दै सुखमा म तारा ।
म स्वर्ग-शय्या भर पल्टँदैछु
म गण्य यो भूतलमा हुँदैछु ।

१०

मेरो यहाँ गीत चुही गुडिन्छ
मेरो यहाँ शीत मिली चुडिन्छ ।
टोपी वनी हिंड्छ सँगै हिमाल
अचानु भै खप्दछु खड्गधार ।

११

मलाई आलिङ्गित गर्न चन्द्र
फेंक्छन् छटा शीतल मन्द मन्द ।
श्रीसूर्य मेरो मुख हेर्नलाई
बोलाउँछन् रात छँदै जगाई ।

१२

'लैजान्छु कैलाशपुरी' भनेर
बस्छन् मलाई शिवजी कुब्रेर ।
रोकें यही मंगल गर्नलाई,
यो काखमा नै पछि मर्नलाई ।

१३

- कास्की, मिजुरे

एकाङ्की नाटक

समस्यै समस्या

❑ वेदकुमारी न्यौपाने

पात्रहरू

१. हरि - ५०-५५ वर्ष
२. पुन्टे - १०-१५ वर्ष
३. कृष्ण - ६०-६५ वर्ष
४. विजय - ३५-३६
५. सरीता - ३२-३३
६. अमित - ४५-४६ वर्ष
७. राधा - ४८-५०
८. मोहन - ३८-४० वर्ष
९. प्रहरी - २२ - २४ वर्ष
१०. एक व्यक्ति २८-३० वर्ष

दृश्य - एक

(शहरको सडकको दृश्य । भित्रतिर खलबल र मोटरको आबाज लगातार आइरहन्छ)

पर्दा खुल्छ

हरि र पुन्टेको प्रवेश

हरि - (पुन्टेले ल्याएको बोर्ड देखाउँदै) त्यो बोर्डलाई यहाँनेर देखिने गरी राख् । अँ .... ल ठीक छ । अब सबैले सुन्ने र बुझ्ने गरी बोर्डको अक्षर ठूलो स्वरले पढ् । के गर्ने ! शहरको महंगीले गर्दा भीख मागेको पैसाले दुई दिनमा एकछाक खान पनि नपुग्ने भैगो । यो पापी पेट त जसरी पनि भर्नै पर्‍यो क्यारे । कसो त पुन्टे ?

पुन्टे - त्यसै हो दाइ ! अब पढुँ कि ?

हरि - पढ् पढ् ... एउटा अक्षर पनि फरक नपारी पढ् ।

पुन्टे - (भाका मिलाएर पढ्दै) दशौंवर्ष सडक र गल्ली घुमेर, मन्दिर र पाटीमा बसेर शहरको विश्वविद्यालयबाट डाक्टरी र आचार्य एकैचोटी गर्नुभएका स्वामी हरिभक्त कुनै पनि समस्याको समाधान तुरुन्त गर्नुहुन्छ । एउटा समस्या समाधानको रु. १००/- मात्र । आउनुहोस्, आफ्नो समस्या बताउनुहोस्, र तुरुन्त समाधान लिएर जानुहोस् .....।

कृष्णको प्रवेश

हरि - (खिस्स हाँस्दै) ए ... ! पढी नसक्दै ग्राहक आइसक्नु भएछ .... । भन्नोस्, तपाईंको समस्या के छ ?

कृष्ण - के हुनु हजुर ! साठीवर्षको कलिलै उमेरमा श्रीमतीको असामयिक निधन भयो (सयको नोट हरिको अगाडि राख्छ)

हरि - बिचरी: च्व ....च्व ....

कृष्ण - म एक्लो भएँ .... छोरा नातिले हेरेनन्, एउटी गतिली केटी विहे गर्नुपर्ने, बेलै नभइ दाँत झरे, उमेरै नपुगी कपाल फुले, कैसरी होला हजुर.....'

हरि - ए.... (टाउको नचाउँदै) त्यसको चिन्ता गर्नै पर्दैन । दाँत नक्कली राख्नोस्, कपालमा कालो लाउनोस्, डिङ्गो जुत्ता लगाएर पपगीत गाउँदै हिंड्नोस् भनेजस्ता पाउनु हुन्छ । अझ सक्नु हुन्छ भने नक्कली नै भए पनि गतिलो लालपुर्जा देखाउनोस् ।

कृष्ण - (दंग पर्दै) आहा: त्यस्तो सजिलो (उठदै) हवस् त हजुर ! म त्यसै गर्छु ....विदा पनि पाउँ हजुर ! नमस्कार !

हरि - नमस्कार ! नमस्कार ! (नोट सिटमुनि घुसार्छ)

विजयको प्रवेश

विजय - (आउँदै) नमस्कार हजुर ! (हरिको नजिक बस्छ)

हरि - आउनोस् आउनोस् ! के नाम पर्‍यो यहाँको ?

विजय - (दिक्क मान्दै) नाम त विजय हजुर ! तर सधैं पराजय भोग्नु परिरहेछ । पन्ध्रवर्ष जागिर खाइयो जहिले पनि गए गुप्रेको अफिस पर्‍यो । एकपटक गतिलो अफिसमा सरुवा हुन मन लागेको थियो हजुर .... ।

हरि - (हाँस्दै) ए ... ! तपाईंलाई राम्रो ठाउँ चाहियो ? अँ ... तपाईंलाई शुभलाभको अर्थ थाहा छ ? (पैसा दिने संकेत गर्छ)

विजय - थाहा छैन हजुर ! (सयको नोट दिन्छ)

हरि - (पैसा खल्तीमा राख्दै) अनि चारप्रकारको च... अर्थात् चाकडी, चाप्लुसी, चुक्ली र चम्चागिरी प्रयोग गर्न जान्या छ ?

विजय - छैन हजुर ..

हरि - फरीयाको नाता कहाँ सम्म छ ? घुम्ने मेचसम्म निर्णय गर्ने कलसम्म या फोन हान्ने हैसियतसम्म ? कहाँसम्म ... ।

विजय - छैन हजुर ...

हरि - (लोप्पा ख्वाउँदै) त्यसो भए के जागिर खान्छौ त ? जागिरले तिमीलाई नै खान्छ । अँ .....मितेरी साइनो लगाएर भएपनि फरियाको नाता बलियो बनाउनु ... नत्र....

विजय - के गर्नु हजुर ... ! आफ्नो त कोही छैन । आफ्नो बनाउने तरीका पनि थाहा छैन .....

हरि - अनि के थाहा छ त ? सौगात, उपहार, कोशेली,

विजय - (खिस्स हाँस्दै) त्यो त थाहा छ .... । अहिलेसम्म कतिपटक घीउ, मह, खसी, चामल टक्याई सकें .....

(उदास स्वरमा) तर खै ..... ।

हरि - धत्तेरीकी ! त्यस्ता स्वदेशी बस्तु पनि सौगात हुन्छ त ? आजभोलि सबैलाई विदेशी रोग लागेको छ थाहा छैन ? विदेशी रातो, कालो, हरियो, नीलो लेवल टक्याउनु पर्छ। सुकुटी, ढुकुटी बरु नेपाली भए पनि चल्छ .....बुझ्नु भो त ?

विजय - बुझ्न त बुझें हजुर .. ।

पुन्टे - (केही पर उभिएर कराउँदै) आउनोस् हजुर ! आउनोस् ! आफ्नो समस्याको समाधान तुरुन्त लिन पाल्नुहोस् ...

हरि - अरू केही प्रश्न छ कि ?

विजय - आजलाई यत्ति हजुर ..फेरि आउँला नि ! विदा पाउँ (जान्छ)

सरीताको प्रवेश

सरीता - (आउँदै) हजुर नमस्कार !

हरि - (शिरदेखि पाउसम्म हेर्दै) अँ तपाईको समस्या बताउनुहोस् ।

सरीता - मलाई साह्रै मर्का परेको छ हजुर ! म सँगै जागिर खाएकी मेरी साथीको दुईपटक प्रमोशन भै सक्यो ....जहाँ भन्यो त्यहीं सरुवा पनि हुन्छ। मेरो चाहिं एकपटक पनि प्रमोशन भएन। फेरि सधैं गए गुज्रेको अफिस, उही दर्ता चलानी ।

हरि - (जिस्क्याए झैं गर्दै) अहिलेसम्म जागिर खान कस्तो नजान्या त ? आफ्ना मान्छे माथि नहुनेले हाकिमलाई नै सर्वस्व ठान्नु पर्छ, उसले जे जे भन्छ सबै मान्नु पर्छ .... खोइ जान्या ?

सरीता - मैले मानेकी छु हजुर.... जे काम अह्राए पनि तुरुन्तै गरेकी छु ....आफ्नो अभिभावक ठानेर उहाँलाई सर्वस्व पनि ठानेकी छु .. तर खै .....

हरि - त्यसरी हो त लाटी !

सरीता - कसरी त हजुर ?

हरि - (हातको भाउ लगाउँदै) हाकीमको अगाडि आँखा नचाएर बोल, कम्मर मर्काएर हिँड, पिकनिक जाँदा हातसमातेर नाच, हाँसो नलागे पनि उसका कुरा सुनेर मस्कीमस्की हाँस, रेष्टुरामा सँगै गएर वियर तान, अरु पनि जे भन्छ त्यो मान..... तिमीले भनेजस्तो हुन्छ । यो कुरा जान....ल जाउ अब जागिर खान (हाँस्छ)

सरीता - त्यसै गर्नुपर्ने भए गरुँला (पैसा दिंदै) हवस् त हजुर ! नमस्कार अहिले जान्छु (जान्छे)

अमितको प्रवेश

हरि - ल, तपाईं आउनोस्, छिटो गर्नोस्, भनि हाल्नोस् ।

अमित - (आउँदै) हजुर म परें राजनीति गर्ने मान्छे ! वीसौंवर्ष राजनीतिमा लागेर बल्लबल्ल एकपटक मन्त्री भा को .....त्यही पनि सपना जस्तै भो ! कतिखेर मन्त्री भएँ कतिखेर खुस्कें थाहै भएन । केही बुझ्नै पाइनँ । एकपटक फेरि हुनपर्ने ....कसरी हुने होला ? लौ न गतिलो उपाय बताइ दिनुपर्‍यो

हरि - (रहस्यमय मुस्कान छोड्दै) ए ! तपाईं भू.पू. मन्त्री ? त्यति छिटै मन्त्रीको चस्का लागिसक्या ? (हाँस्दै) नलागोस् पनि किन ? त्यो पदै त्यस्तै हो ! अँ यहाँलाई फेरि मन्त्री हुन पर्‍यो हैन त ?

अमित - हजुर .... (पैसा गनेर दिन्छ)

हरि - (सोचमग्न भए झैं गर्दै) अँ..... त्यसो भए पहिलो काम आफ्नो मनवाट प्रतिवद्धता झिकेर फाल्नोस्, आफ्नै साथी भए पनि आफूभन्दा अगाडि छ भने खुट्टा तान्नोस् .. यताको कुरा उता र उताको कुरा यता गरेर अरूको मन विगारी राख्नोस्, जसको हातमा शक्ति छ उसैको वरिपरि घुमीरहनोस् ..... मौका अनुसार धम्की दिनोस्, घुर्की देखाउनोस्, भूमिगत हुनोस् सक्नुहुन्छ भने आफैंभित्र फाटो पार्नोस् । कुर्चीमा नपुगुन्जेल निहुरेर सवैलाई नमस्कार गर्नोस्, कुर्चीमा पुगेपछि कसैलाई नहेर्नोस्....दुबैहातले कुर्ची समातेर बस्नोस्, छोड्दै नछोड्नोस् .....

अमित - दुबै हातलें कुर्ची समातेर बसे पछि ....अनि खाना कसरी खाने नि ?

हरि - (हाँस्दै) तपाईंले दह्रोसँग कुर्ची समातुन्जेल तपाईंलाई खुवाउने हातहरू धेरै हुन्छन् ..... त्यसको तपाईं चिन्तै नगर्नोस् ....बरु धक नमानी, लाज नमानी, जति सक्दो खानु होला, नत्र अहिले झैं पछुताउनु पर्ला .....लौ त .....अब पाल्नोस् हजुर..... यति लामो लाइन छ, अरूलाई पनि हेर्नु पर्‍यो .....नमस्कार .....

अमित - हवस् (जाँदै) नमस्कार ! (बाहिरिन्छ)

पुन्टे - अलि छिटो जवाफ दिनु पर्‍यो हरि दाइ ! लाइन कहाँ पुगिसक्यो .....

राधाको प्रवेश

राधा - (आउँदै) हजुर ! म साह्रै विपद्मा परें । चार/चारवटा छोराछोरी छन् ....नाति समेत भैसक्यो अहिले आएर मेरा श्रीमान् अर्की केटीतिर लागेर मलाई हेर्नै छोड्नु भो । के उपाय गर्ने होला हजुर ?

हरि - (हातको भाउले पैसा दिने संकेत गर्दै) साग नकिन्नोस्, गुन्द्रुक खानोस् । भात खान नपुगे पनि गालामा महंगो

पाउडर लगाउनोस्, कपाल छोट्याएर खैरो पार्नोस् आजभोलिको चलन अनुसार ओठमा गाजल लगाउनोस्, आँखामा लिपष्टिक दल्नोस् ... । सारी काटेर कुर्ता सुरुवाल सिलाउनोस्, हप्तामा एकचोटी ब्युटीपार्लर जानोस् । तपाईंको समस्या समाधान हुन्छ । खोइ पैसा ल्याउनोस्, तपाईं जानोस्.....

राधा - हवस् त हजुर ! धेरै धेरै धन्यवाद ! (जान्छे)

मोहनको प्रवेश

हरि - ल, तपाईं भन्नोस् ! के छ तपाईंको प्रश्न ?

मोहन - (बस्दै) मेरो त खोइ समस्या भनुँ कि इच्छा ? दशौंवर्ष साहित्य साधनामा लागें । आजसम्म कसैले कुनै पुरस्कार दिएनन् । सजिलैसँग कुनै गतिलो पुरस्कार पाउन के गर्नु पर्ला ?

हरि - (टाउको देखि खुट्टासम्म हेर्दै) यस्तो भर्खरको मान्छेले पनि हाम्रो देशमा कहाँ पुरस्कार पाउँछन् र ? पुरस्कार त कि मरेपछि पाउँछन्, कि मर्ने बेलामा पाउँछन् । लेख्दै जानोस् मर्ने दिन गन्दै जानोस् । अकस्मात् मर्नु भयो भने मरणोपरान्त पाउनु हुन्छ । रोग र रक्सीले गाल्दै मृत्युको मुखतिर घिस्रन थाल्नु भयो भने जिउँदैमा पनि पाउन सक्नुहुन्छ ।

मोहन - अहिले नै पाउने कुनै उपाय छैन ? मलाई त रकम भन्दा नाम कमाउनु परेको छ हजुर !

हरि - उपाय त छ । गर्न सक्नुहुन्छ भने म बताइदिन्छु सुन्नोस् ! कि कपालमा सेतो दलेर सेतै फुलाउनोस्, कि नागरिकतामा वर्ष घटाउनोस् या त डाक्टरद्वारा कडा रोग लागेको सर्टीफिकेट बनाउनोस् या .....

मोहन - यो कस्तो उपाय हो, कि बुढो हुनुपर्ने, कि तरुनो हुनुपर्ने, कि बिरामी हुनुपर्ने ....कि .....

हरि - (हाँस्दै) यहाँको पुरस्कार फरकफरक छ, योग्यता पनि फरकफरक छ । अँ .....यदि त्यसो गर्न सक्नुहुन्न भने पुरस्कारको रकम दातालाई नै दिने वाचा गर्नोस् र अझ सजिलो त पुरस्कारको रकम आफै दिनोस् ...पुरस्कार आफै लिनोस् । नाम पनि हुने दाम पनि नजाने बुझ्नु भएन के ! अझ सक्नुहुन्छ भने तुरुन्तै गएर आफ्नो बाजेको नाममा साहित्यिक प्रतिष्ठान गठन गर्नोस् र नविकेका साहित्यकारलाई सदस्य बनाइ दिनोस् ।

मोहन - (पैसा दिएर) हस् हजुर ! त्यसै गर्छु (जान्छ)

पुन्टे - ओहो ! लाइन त निकै लामो भैसकेछ ... छोटोछोटो जवाफ दिएर छिटोछिटो सक्नु पर्‍यो क्या ! हरिदाइ ...

हरि - (विस्तारै) आजकलका समस्या पनि कस्ता कस्ता उदेक लाग्दा !

प्रहरीको प्रवेश

प्रहरी - (आउँदै) ए ....। के को लाइन हो यो ? के को तमासा गरेको यहाँ ?

पुन्टे - (हाँस्दै) तमासा हैन पुलिस दाइ ! शिक्षा दिएको ही ही ही (हाँस्छ)

प्रहरी - यस्तो सडकमा पनि शिक्षा दिइन्छ ?

हरि - आजभोलि सही र उपयोगी शिक्षा सडकमै हुन्छ ...यति धेरै कुरा मैले यही सडकबाट जानेको हो, बुझ्नु भो !

प्रहरी - अँ ....अघि देखि हेरिरहेछु, तिमीहरूले जनतालाई ठगी रहेछौ .....

हरि - हामीले ठगेको ? कसले भन्छ ? सबैले हाँसी खुसी प्रसन्न भएर दिएको पनि ठगेको हुन्छ ? त्यसमा पनि हामीसँग न पद छ, न पोशाक छ । कसरी ठग्ने हामीले ?

प्रहरी - ल, ल लामो कुरा हैन । खुरुक्क यहाँबाट गै हाल ....नत्र समातेर लान्छु .....

हरि - (विस्तारै) बलियालाई समात्ने हैनौ क्यारे ! निर्धालाई पाए समात्ने त हौ नि !

प्रहरी - के रे ! के भनिस् ?

पुन्टे - केही हैन, केही हैन ! पुलीस दाइ कति जाती भन्या !

प्रहरी - अझ गएनौ ? ठोकूँ डण्डाले ?

हरि - हिँड, पुन्टे हिँड जाउँ ! (बिस्तारै) बलियाले चाहिँ अपराध गरेको देखे पनि नदेखे झैं अर्कातिर मुन्टो फर्काएर बस्छन् । निर्धालाई चाहिं डण्डा देखाएर तर्साउँछन् । (अलि बेसरी) कति राम्रो आम्दानी भा'थ्यो । के गर्ने । अझै यति लामो लाइन छ, कसरी छोडेर जानु ?

प्रहरी - हैन के भुत्भुताएर बस्छस् हँ ? डण्डा खान मन लाग्यो ? हँ ?

हरि - भाग् पुन्टे भाग् .....

एक व्यक्ति - (प्रवेश गर्दै) ए ....ए पर्खनोस् ! हामी यतिका मान्छेको रोग, भोक र अभावले जेलिएको थुप्रै प्रश्नको जवाफ अब कसले दिन्छ ? कसलाई सोध्ने हामीले ?

हरि - जाँदै (परबाट) त्यो त सिंहदरबारलाई सोध्नोस्, सिंहदरबारलाई ! हामी त हिड्यौं..... (दुबै बाहिरिन्छन्)

एकव्यक्ति - (सोचमग्न भएर) सिंहदरबारलाई ? त्यो त न सुन्छ, न देख्छ, न बोल्छ, के सोध्ने ? यो त झन् ठूलो समस्या भो ! धत्तेरीकी ! (पर्दा बन्द हुन्छ)

- समाप्त -

नववर्ष २०५६ को सुखद् उपलक्ष्यमा
हामा समस्त ग्राहक तथा
शुभचिन्तक महानुभावहरूमा
हार्दिक मङ्गलमय
शुभकामना व्यक्त गर्दछौं ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
परिवार
नयाँवानेश्वर, काठमाण्डौ



नव बर्ष २०५६ को
सुखद् उपलक्ष्यमा हाम्रा समस्त ग्राहक
महानुभावहरुमा हार्दिक मंगलमय
शुभ-कामना व्यक्त गर्दछौं ।
सोल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड समुह
परिवार

कविता

यात्रा

❑ प्रह्लाद पोखेल

यात्रा जीवनको अमूल्य धन हो सद्ज्ञान भण्डार हो
यात्रा जीवनको नयाँ क्षितिजमा पस्ने खुला द्वार हो
यात्रा जीवन-राजमार्ग पनि हो यात्री सबै दौडिने
गैरो जीवन-पोखरी छ कसरी यात्राबिना पौडिने ?

१

यात्राले परिपक्व गर्छ मनमा काँचोपना हर्दछ
यात्राले परिताप हर्छ जनमा साँचोपना भर्दछ
यात्राले परिपूर्ण गर्छ मनका इच्छा अनेकौं थरी
भेट्टाउँ भरिपूर्णता र कसरी संक्षिप्त यात्रा गरी ?

२

यात्राले बनिए प्रसिद्ध भवमा 'भास्को डि गामा' पनि
यात्राले गनिए निकै अनुभवी कावागुची नै पनि
'ह्वेन्साङ्'को इतिहास बोल्दछ सधैं-'सक्छौ त यात्रा गर
उत्साहीपन साथ उत्सुक बनी बोकी नयाँ जाँगर ।

३

मुक्तिक्षेत्र/वराह/खप्तड कि होस् या होस् हलेंसी पनि
गोसाइँस्थल/मालिकार्जुन कि होस् या स्वर्गद्वारी पनि
यात्रा गर्न अनेक तीर्थ-थल छन् आनन्द भेट्टाइने
आँखामा रमणीयता हृदयमा आत्मीयता पाइने ।

४

यात्राबाट पलाउँछन् प्रतिपला उत्साहका आँकुरा
यात्राबाट पुगिन्छ रे ! सहजमै गन्तव्यका टाकुरा
यात्राबाट सिकिन्छ निर्भय भई सन्देह हर्ने कला
यात्रा गर्न अनेक आज कसरी चालौं दरा पाइला ?

५

कविता

भोट कसलाई दिउँ ?

❑ रामहरि ढुंगाना

निर्वाचन, मतदान र भोट
यतिखेर यसकै चर्चा र परिचर्चा छ
गाउँका ठालु भन्छन्
'रुखमा भोट हाल्नु'
पल्लाघरे काका भन्छन्
'भोट सूर्यलाई हाल्नु'
माथ्लाघरे दाइ भन्छन्
'भोट हलोलाई है भनेर'
अनि आफ्नै भाइ भन्छ
'भोट तारालाई दिनु भनेर'
म त अन्यौलमा छु
भोट कसलाई दिउँ भनेर .....।

सबै दल वा स्वतन्त्रका कुरा सुनें
मनपर्ने केलाउन थालें
रुखले बसन्तमा पनि हरियाली दिएन
बेमौसममै पतझड हुन पुग्यो
सूर्यले प्रचण्ड ताप वाहेक अरू दिनै जानेन
हलो जति चलाए पनि
हात मुख जोर्न सधै हाहाकार
अनि तारा लाखौंले पनि
अँध्यारोमा प्रकाश दिदैन
यस्ता प्रकृति र स्वभावकालाई
मेरो मतदान किन खेर फालौं
भोट कसलाई दिउँ ?
भन्न त प्रजातन्त्र विधिको शासन भन्छन्
यहाँ त विधि विधान कितावमा रहन्छ
कहिं नभएको जात्रा हाँडिगाउँ, नेपालमा हुन्छ
यहाँका सांसदले प्रकृतिलाई पनि
उछिनेका छन्
यहाँ पुरुष सांसद पनि सुत्केरी हुन्छन्
उनीहरूका कोखबाट
विकृति र विसंगतिले जन्म लिन्छ
लिएको छ र देश वरवादीमा डुवेको छ
अनुभव आम नेपालीको यही हो
सबैको एउटै आवाज छ
भोट दिएर के हुन्छ ?

दोष त कसलाई दिनु र
संसद भनेको समाजको प्रतिविम्ब न हो
समाजमा जे जस्तो स्वभाव र प्रकृति छ
तिनकै प्रतिनिधिको सदन हो, संसद
मतदाता चेतनशील र विवेकशील नभएसम्म
नोटमा भोट विकेसम्म
यहाँ यस्तै हुन्छ,
सबैतिर यस्तै हो
नपत्याए छिमेकलाई हेरे हुन्छ
गरीबी र पछ्यौटेपन यसका कारण हुन् ।
मैले त अठोट गरें
भोट उसैलाई दिन्छु
जस्ले देशको मूल्य र मान्यतालाई आत्मसात् गर्न सक्छ

- कोटेश्वर, काठमाडौं

नववर्ष २०५६ को पावन अवसरमा
सम्पूर्ण नेपाली जनताप्रति हार्दिक
मङ्गलमय शुभकामना व्यक्त गर्दछौं !

ग्रामीण आवास कम्पनी लि.

श्रीमहल, पुल्चोक
ललितपुर

ट्वन्टी ट्वन्टी वावासान, अर्थात् २०२० भिजन

❑ रामप्रसाद पन्त

सन् २०२० सम्म विकसित देशको दाँजोमा पुग्ने महत्वाकांक्षी योजना अगाडि सारेर मलेसियाका प्र.म. डा. महाथीर मोहम्मद निकै चर्चामा आएका छन् । त्यहाँका प्रमुख उत्पादित वस्तुहरू हुन् – पाम, रवर, काठका सामान, सूति कपडा, इलेक्ट्रोनिक सामान । खाद्य पदार्थको उत्पादन त्यहाँ कमैमात्रामा हुन्छ । चामल, आलु, प्याज, दालजस्ता अधिकांश खाद्य पदार्थहरू इण्डियाबाट आयात गरिन्छ ।

त्यहाँको प्रमुख आय स्रोत हो – पाम आयल । नरिवरको जस्तो पात , उचाई केही कम, आकार मोटो, पातमाथि बस्न पनि सकिने बलियो, मेवाजस्तो फल, त्यसमाथि कटहरका दानाजस्तै फल लाग्ने र दाना छोडाउन पर्ने । मेवाजस्तै भएर होला – नेपालमा आयात गरिने तेललाई 'मेवा' नामाकरण गरिएको ।

पाम आयल उत्पादन गर्ने एशियाको प्रमुख राष्ट्र चाइना दोस्रो पाकिस्तान र तेस्रो स्थानमा मलेसिया आउँछ । यो आयल निकै स्वस्थकर हुन्छ भनी त्यहाँका विशेषज्ञहरू बताउँछन् । पाम बृक्षको अधिकतम आयु २०/२२ वर्ष हुँदोरहेछ, र ती बृक्षहरूको अधिकतम उचाई १५/२० मीटरसम्म अग्लो हुँदो रहेछ ।

दोस्रो उत्पादनमा रवर, अर्थात् स्थानीय भाषामा 'प्लाष्टिक पोको' । हामीकहाँ हुने लाँकुरीको रुखजस्तो । त्यसलाई कोपेर निकालिएको रसवाट रवर उत्पादन गरिंदो रहेछ । तेस्रो हो- काठको सामान । राम्रो काठ अष्ट्रेलियाबाट आयात गरेर बनाइने आकर्षक एवं वहुमूल्य काठका सामानहरू यूरोप र अमेरिकासम्म पुग्दा रहेछन् । चौथो हो- सुतिको कपडा । कच्चा पदार्थ इण्डोनिसियाबाट समेत आयात गरी राम्रा बलिया र सस्ता सुतिका बस्त्रहरू त्यहाँ उत्पादन गरिंदो रहेछ । पाचौं हो- इलेक्ट्रोनिक सामान । हवाई जहाज, कारलगायतका इलेक्ट्रोनिक पार्टपूर्जाहरू जापानबाट मगाई तैयार गरिने ती सामानहरू जापानभन्दा धेरै सस्तो मूल्यमा पाइदो रहेछ ।

त्यहाँ खास गरेर चाइनिज मूलका नागरिकहरू, इण्डियन मूलका नागरिकहरू र स्थानीय मलेसियाका नागरिकहरू छन् । चाइनिजहरू निकै बाठा जाँगरिला र शिक्षित छन् र तिनीहरू व्यापारिक प्रशासनिक र राजनैतिक क्षेत्रमा पनि अगाडि छन् । इण्डियनहरू खासगरेर योजना तयार गर्ने काममा, व्यापारमा र केही मजदूरीमा संलग्न छन् । मलेसियनहरू कुनै न कुनै रूपवाट सवै क्षेत्रमा लागेको भएपनि कृषि क्षेत्रमा वढी निर्भर छन् । यहाँ वेरोजगारी भन्ने छँदैछैन भने पनि हुन्छ । र, प्रतिदिन प्रति व्यक्तिले ५५-६० सेण्ट बचत गर्न सक्छ । नेपाली ३५/४० रुपैयाँ । त्यसकारण काठ, रवर र पामको उत्पादन त्यहाँ बढी रूपमा हुने भएकोले संक्षेपमा भन्नुपर्दा मलेशियाको अर्थ-व्यवस्था कृषिमा आधारित छ भन्न सकिन्छ ।

२०२० VISION अर्थात् प्रत्येक मलेशियनको जिब्रोमा झुण्डिएको शब्द ट्वन्टी ट्वन्टी वावासान (Twenty Twenty WAWASAN) लाई अगाडि सारेर त्यसैलाई पछ्याएर हाल अगाडि बढिरहेको छ मलेशिया । अर्थात् सन् २०२० सम्म जापानको दाँजोमा पुग्ने लक्ष्य अनुरूप प्रत्येक वर्षको लक्ष्य हाशिल गर्दै गइरहेको छ मलेशिया । त्यहाँको विकास द्रुतगतिमा हुँदै जानुको कारण त्यहाँको राजनैतिक स्थिरता हो र ठूलो कारकतत्त्व त्यहाँको लिडरशिप हो । अत्यन्तै डाइनामिक छन् - त्यहाँका प्रधानमन्त्री महाथीर मोहम्मद । सबै तहको नेतृत्वपक्ष प्रशंसा गर्छ महाथीर लाई ।

प्राकृतिक स्वच्छता र राजनैतिक स्थिरताका कारण त्यहाँ टुरिष्टहरू पनि प्रशस्त आउने गर्छन् । भनिन्छ - प्रत्येक वर्ष एक लाख पर्यटक औपचारिक रूपमा र अर्को एक लाख पर्यटक अनौपचारिक रूपमा क्वालालम्पुरमा मात्र आउने गर्छन् ।

राजतन्त्रात्मक पद्धति भएको मेलसियामा तेह्रवटा राज्यहरू छन् - जोहोर, कदाह, केलाङ्टन, मलक्का, सेम्विलान, पेनाङ, पेहाङ, पेराक, पेर्लिस, सेलाङ्गोर, ट्रेङगानु, सावा र सरावाक, जसमध्ये नौवटा राज्यहरू सुल्तान (राजा) द्वारा र चारवटा राज्यमा गभर्नरद्वारा शासन गरिन्छ । गभर्नरद्वारा शासित

४ राज्यहरू पेनाङ्, मलक्का, सावा र सरावाक हुन् भने बाँकी ९ वटा सुल्तानद्वारा शासित राज्य । निर्वाचनद्वारा राजा छानिने पद्धति भएको विश्वको एममात्र देश मलेशिया भन्ने कुरा हामीलाई थाहा छ। सामान्य सोचाइमा त्यो निर्वाचित राजा देशको सर्वोच्च शासक हो भन्ने धेरैलाई भ्रम परेको हुन सक्छ तर त्यसो होइन रहेछ । प्रमुख शासक निर्वाचित हुँदैनन् । प्रान्तीय राज्यप्रमुख मात्र निर्वाचित हुन्छन्, जसलाई राजा (सुल्तान) भनिन्छ । निर्वाचित राजा भए पनि तिनीहरूले प्रशासनिक काम गर्छन्, गभर्नर (प्रशासक) हरूले जस्तै । तर सुल्तान (राजा) शासित वा गभर्नरशासित १३ वटै राज्यमा १/१ जना चीफ मिनिष्टर पनि हुन्छन् । त्यसो त मलेशिया भरमा कूल ३३ वटा चीफ मिनिष्टरहरू छन् र तिनीहरूले राजनैतिक वा विकास सम्बन्धी काम गर्दछन् ।

राज्य सञ्चालनका प्रमुख तीन अङ्ग- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका भन्दा माथि सर्वोच्च शासकको रूपमा सुल्तान रहने भएतापनि राजाले अनावश्यक हस्तक्षेप गर्दैनन् । निर्वाचित र मनोनित गरी व्यवस्थापिकामा ६९ सिनेटरहरू हुन्छन् । विशेष अदालत र सर्वोच्च अदालत गरी दुइवटा अदालतको व्यवस्था छ। विशेष अदालत राजाको नाममा विन्तिपत्र चढाउने अदालत हो भने सर्वोच्च अदालत जन-अदालत ।

हाम्रो देशमा जस्तै त्यहाँ पनि दुई सदनात्मक व्यवस्था छ र मुख्य पार्टीहरूमा मले पार्टी, चाइनिज पार्टी र इण्ययन पार्टीहरू छन्। पुग न पुग दुई करोड जनसंख्या भएको मलेशियामा ५० प्रतिशत जति मले मूलका ४० प्रतिशत जति चाइनिज मूलका र बाँकी इण्डियन मूलका नागरिकहरू छन् । त्यहाँको मुख्य भाषा 'वहासा' भाषा हो र त्यही राष्ट्रिय भाषा पनि हो। तर अन्तर्राष्ट्रिय स्तरको कुनै पनि कार्यक्रम हुँदा वहासा भाषाले कुनै प्रभाव पार्दैन र अफीसहरूमा पनि लिखित रूपमा अंग्रेजी भाषालाई नै प्रचलनमा ल्याइन्छ । धार्मिक दृष्टिकोणले हेर्दा करिव ८५% मुस्लिम, ७/८ जति हिन्दू र बाँकि बौद्ध तथा क्रिश्चियनहरू छन् ।

मलेशिया सन् १९४७ मा ब्रिटिसबाट स्वतन्त्र भएको हो। त्यसअघि त्यो राष्ट्र पोर्चुगिचको नियन्त्रणमा थियो। त्यहाँको रहनसहन र संस्कार मिश्रित प्रकृतिको छ । मले नागरिकहरूको विवाह मुश्लिम संस्कार अनुसारनै हुने गर्दछ, चाइनिज र इण्डियनको बेग्लै । खास गरेर त्यहाँका चाइनिज र इण्डियन मूलका नागरिकहरू प्रायः प्रेमविवाह गर्ने गर्दछन् । त्यहाँको निर्वाचन प्रक्रिया वा राज्य सञ्चालन प्रक्रिया ब्रिटिस सिष्टममा आधारित छ। वहुमत ल्याउने पार्टीको नेता प्रधानमन्त्री हुने र निजको अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुन्छ ।

मलेशियाको विकास योजनाबद्ध रूपवाट द्रुतगतिमा अगाडि बढिरहेको छ। मलेशियाको बहुचर्चित दीर्घकालीन योजना २०२० भिजनलाई सफलताको शिखरमा पुऱ्याउन पूरकको रूपमा अल्पकालीन पञ्चवर्षीय योजनाको रूपमा पाँचौं मलेशियन योजना (१९९६-२०००) चालु अवस्थामा छ ।

हाल मलेशियन जनताको प्रतिव्यक्ति आय २६,१०० रिङ्गिट (करिव ९ हजार यु.एस. डलर) छ । जनसंख्या बृद्धिदर बढाउने लक्ष्य लिएको विश्वकै एउटा नमुना राष्ट्र मलेशियाको जनसंख्या हाल नेपालकै हाराहारीमा छ भने क्वालालम्पुरमा मात्र बीस लाख । त्यहाँका जनता ८५ प्रतिशत साक्षर छन् तापनि प्राविधिक जनशक्ति कम भएको कारण मलेशियाका औद्योगिक प्रतिष्ठानहरूमा दक्ष जनशक्तिको अभाव खड्किएको छ ।

परिचयात्मक कार्यक्रम अन्तर्गत उल्लेख गरिएको तथ्याङ्क अनुसार त्यहाँको जंगल ७०%, कृषियोग्य भूमि २०% र बाँकी अन्य । यसैगरी ८४% लाई खानेपानीको उपयुक्त व्यवस्था मिलाउन सकिएको छ भने ८३% लाई विद्युत सेवा उपलब्ध गराउन सकिएको छ ।

मलेशियाको भूमि दुई भागमा विभाजित छ आधा-आधा जस्तै गरेर । जुन भागमा राजधानी क्वालालम्पुर छ, त्यस भागमा ११ वटा राज्यहरू पर्दछन् भने इण्डोनेसियाको सीमा क्षेत्रमा पर्ने अर्को भूमिमा २ वटा राज्य मात्र सावा र सरावा पर्दछन् । क्वालालम्पुरबाट वायुयानमा यात्रा गर्दा आधा घण्टा लाग्ने र निकटतम समुद्रबाट जलयानमा यात्रा गर्दा साढे दुई घण्टा लाग्ने कुरा सरावाबाट आएका एक जना सहभागीले हामीलाई बताएका थिए । र, यो पनि बताएका थिए कि सामुद्रिक दूरी ८ सय कि.मि. छ। त्यहाँको भूमि भौतिक विकासमा भन्दा प्राकृतिक संरचना कायम राख्नमा प्रवृत्त रहेको छ। त्यहाँको जंगल, त्यहाँका

प्राकृतिक पार्कहरू, जनावर आरक्षित क्षेत्र एवं सुरक्षित निकुञ्जहरू र सुन्दर झरनाहरू नै दर्शनीय स्थलहरू हुन् । सरावा क्षेत्र भइ बग्ने एउटा विशाल नदीमा निकै शक्तिशाली विद्युत पावरहाउस छ भन्ने कुरा पनि हामीले थाहा पायौं । तर जाने मौका भने मिलेन ।

विकासको तीब्र गतिमा अगाडि बढिरहेको मलेशिया जोडतोडले निजीकरण (Privatisation) मा लागेको छ । जताततै देखिने SDN BHD ले मलाई सोध्न बाध्य बनाएको थियो 'यसको अर्थ के हो ?' बजारमा छ्यापछ्याप्ती देखिने वोर्डका यी अक्षरहरूको अर्थ प्रा.लि. रहेछ । मलेशियाले अवलम्बन गरेको प्राइभेटाइजेसनको विशेषता र त्यसबाट परेको सकारात्मक असरबारे हामीलाई तालिमको अवधिमा जानकारी गराइएको थियो । अहिलेसम्म त्यहाँ जे जति संस्थान, प्रतिष्ठान वा आयोजनाहरू निजीकरण गरिए, ती सबै अत्यन्त प्रभावकारी एवं फलदायी भएका छन् । प्रजातन्त्रको ठाउँमा चरम प्रजातन्त्र छ । त्यहाँका मानिसहरूले प्रयोग गरेको मानवीय हक र अधिकारमा कुनै पनि मानवाधिकारवादी संस्थाले औंला ठड्याउन सक्दैन । मुश्लिम राष्ट्र भए तापनि महिला र पुरुषमा भेदभाव छैन । महिलाले वुर्का लगाउने वा पुरुषले दाढी पाल्ने चलन त्यहाँ छैन । महिलाहरू आफूखुसी हिंड्न सक्छन्, बोल्न सक्छन्, काम गर्न सक्छन् र पोशाक अंकलन गर्न सक्छन् तर परम्परालाई अनुसरण गर्ने महिलाहरूले एउटा पातलो रुमालले कपाल र कान ढाकिने गरी घाँटीमा बाँध्ने र हल्का बुट्टेदार तर खुल्ला प्रकारका कुर्ता र लुङ्गी लगाउने गर्दछन् । त्यस्तो पहिरन चाइनिज मूलका मुश्लिम महिलामा भने देख्न पाइँदैन । पहिरनमा त उनीहरू यति खुल्ला हुँदा रहेछन् कि युरोपियन महिलासँग तुलनागर्दा पनि फरक नपर्ने । तिनीहरूको फेसनबाट, रंग र लवाइका कारणले पनि मलेशियन महिलाको तुलनामा चाइनिज मूलका मलेशियन महिलाहरू बढी आकर्षक र स्वच्छन्द ।

हाम्रो क्लास लिने महिलाटीचरहरूमा चाइनिज मूलका महिला नै हुन्थे, पुरुषको प्रतिस्पर्धा गर्न सक्ने । तर संगीत क्षेत्रमा भारतीय मूलका नागरिकहरू प्रायः संलग्न भएको हामीले अनुभव गर्यौं । जब हामीले कल्चर सो गर्यौं, फेसन र आ-आफ्नो देशका गीतहरू प्रस्तुत गर्ने मौका पायौं । जुनवेला समूहगत रूपमा देशको सभ्यता झल्काउने झाँकी र छोटकरीमा एकल मञ्चनहरू पनि भएका थिए । सो अवसरमा दक्षिणी भारतीय मूलका संगीत पारखी नारीहरूले संगीत दिएर कार्यक्रमलाई यथार्थपरक एवं रोचक बनाएका थिए ।

चर्चा हुँदै थियो स्वतन्त्रताको । जो कोही पनि त्यहाँ प्रजातान्त्रिक मानवीय अधिकार उपभोग गर्न सक्छ तर, स्वतन्त्रताको उपयोग गर्दा अर्काको प्रजातान्त्रिक अधिकारमा हनन हुन पुग्यो वा गलत उपयोग हुन गयो भने त्यसले कुकुरले नपाउने दुःख पाउँछ - त्यति कडा नियम छ त्यहाँको । तपाई ठूलठूला शपिङ्ग कम्प्लेक्सहरूमा जानुहुन्छ, त्यहाँ खुल्ला रूपमा सामानहरू फिजिएका हुन्छन् । तपाईंले आफूलाई आवश्यक सामान झोलामा हाल्दै जानुहुन्छ र पैसा तिर्ने ठाउँ खोज्नुहुन्छ । कति ठाउँमा त सजिलै भेट्टाउनु होला पे गर्ने ठाउँ । कति ठाउँमा धुइँधुइँती खोज्नुपर्छ । त्यसबेला तपाई पैसा नतिरीकन लुसुक्क निस्कन चाहेमा निस्कन पनि सक्नुहुन्छ, कसैले सोध्दैन तपाईंलाई । सबै ठाउँमा क्लोज सर्किट टेलिभिजन (CSTV) फीट गरेको हुँदैन । कुन ठाउँमा फिट गरेको छ त्यो तपाइँ थाहा पाउन पनि सक्नुहुन्न । फिट नगरेको ठाउँ रहेछ भने ठिकै भयो, तपाईंले विना पैसा मालसामान लिएर निस्केको कसैलाई थाहा भएन । तपाई मालामाल हुनुहुन्छ । यदि तपाईंको दिन विग्रेको रहेछ र थाहा भैहाल्यो भने वा पैसा नतिरी हिंड्ने व्यक्तिलाई सूचित गर्ने यन्त्र फिट गरिएको रहेछ र गेटबाट निस्कने वित्तिकै तपाई समातिनु भयो भने तपाईंको हविगतै हुन्छ । सानोतिनो कुटाइ वा थोरैमोरै जरिवाना तिरेर छुटकारा पाउन सक्नुहुन्न, कुनचाहीं चीसो कोठामा वसेर कति वर्ष बिताउनु पर्ने हो भोगेपछि मात्र थाहा हुन्छ ।

हामी क्वालालम्पुर शहरका जापानिज कम्प्लेक्स, इण्डियन कम्प्लेक्स, फिलिपिनो कम्प्लेक्स र मले कम्प्लेक्सहरू चाल्यौं र यस्तै अरू धेरै सुपर मार्केटहरू घुम्यौं । त्यहाँका आ-आफ्ना विशेषताहरू थिए । यस्तै त्यहाँका नाइट टी स्टलहरूमा गयौं । नाइट क्लवहरूमा गयौं । पार्कहरू घुम्यौं ।

स-साना रेष्टुराँको अगाडि खुल्ला आकाश मुनीको खुल्ला आँगनमा लामोगरी सजाइएका मण्डलीकृत टेवुलहरू र कुर्सीहरू मध्ये कुनै एउटालाई आत्मस्वीकृति दिएर वसिसके पछि कोही न कोही सोध्न त आइहाल्थ्यो नै । हामीहरू डिनर गरी सकेपछि मलेशियन साथीहरूको अनुरोधमा उनीहरूकै कारमा वसेर कहिले काहीं यस्तै रेष्टुराँ र टि स्टलहरूको मज्जा लिन निस्कन्थ्यौं । त्यहाँ हामीले खाली हल्का नास्तापानी मात्र

लिने गर्थ्यौं । अल्कोहोलयुक्त पेयपदार्थ पान गर्न त खुल्लमखुल्ला रूपमा जस्तोतस्तो ठाउँमा पाइँदैन । र, खरिद गर्न पनि लाइसेन्स प्राप्त डिलर बाहेक अन्यत्र पाइँदैन । यदि त्यस्तो खुल्ला ठाउँमा छाडा प्रवृत्ति देखाउने हो भने परिवार वा प्रेमी प्रेमिकाले समूहिकृत भइ लाइनै बसेका सयकडौं भोक्ताहरूले कसरी उन्मुक्त वातावरणमा बसेर स्वतन्त्र अस्तित्व स्वीकार गर्ने ? प्राय: आधा तिघ्रा देखिनेगरी हाफपाइन्ट लगाएका चाइनिज मूलका मलेशियन नर-नारीहरूले ढाकिएका हुन्थे त्यस्ता स्टलहरू ।

यसैक्रममा हामी कहिले काहीं नाइट क्लवहरूमा जान्थ्यौं । त्यहाँ वियरसम्म खान छुट हुन्थ्यो तर महँगो पर्थ्यो । मलेशियन साथीहरू यी सबै विषयवस्तुसँग परिचित भएकाले बाहीरबाटै लिएर जाने वा त्यही खाने वा नखाने जिम्मा उनीहरू माथि निर्भर हुन्थ्यो । हामी जे-जति नाइट क्लवहरू घुम्यौं र क्वालालम्पुर बाहीर जाँदा जेजस्ता होटेलहरूमा बस्यौं त्यहाँ गीत गाउने र डान्स गर्ने युवायुवतीहरू प्राय: फिलिपिन्स र इण्डोनेशियाका भएको पायौं, कुनै जागिर खानका लागि गएका कुनै माइग्रेड भै बसेका ।

यस्तै हामी मलेशियाका प्रसिद्ध पार्कहरू नेशलन पार्क, आशियान गार्डेन, अर्किड गार्डेन लगायतका सानाठूला पार्कहरू र नेचुरल पार्कहरूमा घुम्यौं । त्यहाँ घुम्न जाने वच्चादेखि बूढासम्म वयअनुसार हुनुपर्ने रोमाण्टिक क्रियाकलापहरूमा विखण्डन नआउने गरी स्वतन्त्र अस्तित्वलाई आत्मसात गरेको पायौं । साथै स्वस्थ आलोचना, स्वस्थ प्रतिस्पर्धा, विरोध प्रदर्शन र बोल्ने लेख्ने मानवाधिकारमा आघात भएको पनि थाहा पाइएन । अर्थात् हामी जहाँ जहाँ गयौं जे जे हेर्यौं मानिसहरू यति स्वतन्त्र थिए कि लाग्थ्यो त्यहाँभन्दा बढी स्वतन्त्रता अरू के हुनसक्छ ? मैले यूरोप र अमेरिकाको कुरो गरेको छैन । एशिया महादेशकै कुरा गरेको छु र त्यो पनि जापानको होइन, अस्तिसम्म विकासशील भनिने राष्ट्रको । तर अहिले त्यहाँका कर्मयोद्धाहरूले देशलाई धेरै माथि उठाए र उठाउँदै छन्/चुल्याउँदै छन् । त्यहाँका काम गर्ने तरिकाहरू, हिंड्ने नियमहरू र बोल्ने खाने वा प्रयोग गर्ने विधि व्यवहारहरू हामीसँग नितान्त भिन्न भएको मैले पाएँ । हामी त्यो वरावरीमा पनि कहिले पुग्ने त ! महती अभिलाषातिर त लाग्दै नलागौं ।

त्यहाँका चिल्ला र फराकिला बाटाहरू र छेउछाउमा सजिएका पुष्प वनस्पतिहरूको चर्चा गरेर त म पाना खर्चन्न । यूरोप अमेरिका भ्रमण गरिसकेका र एशिया कै टोकियो शहर घुमेर थाकिसकेका पाठकले मात्र होइन, कोठामा बसेर टी.भी. को च्यानल बदली बदली विश्वभ्रमण गर्ने दर्शकहरूले पनि मलाई इल्याउनु होला – के व्यर्थ वकवास गरेको, केही नदेखेजस्तो !

जसले जेसुकै भने पनि मैले एउटा विषयलाई अगाडि सारेर प्रश्नको जवाफ खोज्न चाहेको छु र त्यो जवाफ मलाई चाहिन्छ पनि । किनभने म त्यसै विषयक तालिम वा सेमिनारको लागि त्यहाँ गएको थिएँ - शहरी वातावरण । वातावरण सम्बन्धी स्थलगत अनुभवको लागि हामी फोहोरका थुप्राथुप्रा चालेका थियौं । फोहोर संकलन गर्ने र तह लगाउने सिष्टमहरूको अध्ययन गरेका थियौं । र, त्यसको प्रशोधनबाट तयार गरिएको मल र मिथेन ग्याँसको संकलनलाई पनि प्रत्यक्ष अवलोकन गरेका थियौं । फोहोरबाट उनीहरूले ठूलो आय आर्जन गरिरहेका छन् । के तुलंना गर्ने तिनीहरूसँग हाम्रो । त्यसबाट आय आर्जन गर्न त हामीले नसकौंला, फोहोर तह लगाउन त सक्छौं । आफ्नो फोहरलाई आफै तह लगाउन पनि सक्तैनौं भने हामीले अरू के गर्न सक्छौं ? यो सरकारको दोष हो कि जनताको ! म त भन्छु- गर्नु पर्छ जनताले तर जनता अल्मलिएको छ भने बताइ दिने र भौतिक सुविधा जुटाइ दिने काम गर्नुपर्छ सरकारले । जनता अटेरी गर्छ भने कडाइका साथ कारवाही पनि गर्नुपर्छ सरकारले । तर खोइ ! हामी कहिलेसम्म आफ्नो फोहोर आफै तह लगाउन सक्षम हुने ?

मलेशियाले जापानलाई पछ्याइरहेको छ भने हामीले त्यो नसके भारत वा चीनलाई त पछ्याउन सक्छौं । हामीले पनि मलेशियाले अपनाएको २०२० भिजन जस्तै दीर्घकालीन योजना बनाऔं र प्रत्येक वर्ष लक्ष्य परिपूर्ति गर्दै जाऔं । यदि लक्ष्य बमोजिम काम हुन सकेन भने कमी कमजोरीहरू कंलाऔं । आफूलाई सक्षम,बनाऔं र आत्मशुद्ध गरी देश बनाउने संकल्प गरौं ।

❖❖❖

दायित्व प्रकाशनद्वारा प्रकाशित तथा प्रसिद्ध साहित्यकार **सूब सेन**द्वारा लिखित –
अञ्जूश्रीदेखि आन्दोलनसम्म (पाँच लघु-उपन्यास)
आफ्नै खोजका सन्दर्भहरू (यात्रा संस्मरण) बजारमा छ ।
पढेर, उपन्यास र यात्राको मज्जा अवश्य लिनुहोस् ।

गीत

❑ प्रकट पगेनी 'शिव'

खुशी हुन्न जून पनि तारा झर्ने बेला
म कहिले पो एक्लै हाँसे तिमी रुने बेला ।

दु:ख सुख बाडेकै छु पेवा राखे छैन
लुकाएर तिमीबाट केही चाखे छैन
भागे छैन टाढा कतै छोडी तिम्लाई वारी
घाम तापे छैन एक्लै तिम्लाई ओझल पारी ।

शंका गर्न हुन्न प्रितको पाथी भर्ने बेला
म कहिले पो एक्लै हाँसे तिमी रुने बेला ।

जून देखे जूनै राम्रो मैले भने छैन
घाम लाग्दा घामै प्यारो मैले सम्झे छैन
भेटेदेखि सम्झेको छु मनै मिल्ने साथी
अर्को प्राप्ति खोजे छैन तिमीलाई ढाँटी ।

हात छोड्ने बानी छैन जंघार तर्ने बेला
म कहिले पो एक्लै हाँसे तिमी रुने बेला ।

पोखरा

कविता

यो देश यसप्रति....

❑ नारायण खतिवडा

हाम्रा पर्वत यी निशान यसका मोती सधै टल्किने
सल्लाको मधुरी सुसाइ जगमा संगीतमा रम्दिने
पूजा गर्नुछ कूलको हरघडी आस्था लिई काममा
डल्ला फोर्नुछ देशको बगरमा कोक्रो लिई साथमा ।

१

लाखौं हण्डरले सुशोभित भयो पुर्खा थिए सक्कली
स्वार्थी भो अब ता जहाँ पनि सुकै मान्छे भए नक्कली
फैलेको जगमा दुषित यसको हावा छिटै फ्याक्नु छ
महात्मा मुनिको मिलेर सबले आस्था सदा राख्नु छ ।

२

जन्मेका अनेकौं महान जन ती राष्ट्रियता छर्कने
छोडेका कृति छन् असंख्य यसमा स्वच्छन्दता फैलने
आफ्नो संस्कृतिका मुहान यहिं छन् चारै दिशा फुल्नु छ
नेपाली सबले छिटै अब भने माटो लिई उठ्नु छ ।

३

जोडेथे उहिले अनेक दु:खले राष्ट्रियता साथमा
ढुङ्गाको भरमा लडेर सबले नेपालको काखमा
पुर्खाको सपना बुझेर सबले स्वार्थीपना छोड्दिनू
नेपाली ममता उनेर सबमा चारैदिशा फुल्दिनू

लक्ष्मीपुर, सुनसरी

WISHING A VERY HAPPY AND PROSPEROUS ON THE AUSPICIOUS OCCASION OF NEW YEAR 2056

NAMASTE TRAVELS PVT. LTD.
World Cargo and Air Booking Pvt. Ltd.

An Associate of **BAX GLOBAL**

P.Box No. 2566, Maitighar, Ramshahpath, Kathmandu, Nepal
Ph: 225405, 226984, 227093, 227484, 212918
Telex: 2478 Ocab N.P., / Fax: 977-1226590

समीक्षा

विभिन्न तीन कृतिमाथि संक्षिप्त टिप्पणी

❑ ठाकुर शर्मा

'संज्ञा-सर्वनाम' भित्र पस्दा

साहित्यकार ध.च. गोतामे नेपाली साहित्यमा प्रचलित नाम हो । 'घामका पाइलाहरू' जस्तो महत्त्वपूर्ण उपन्यास (२०३५) दिएर ठूलो योगदान पुऱ्याउने उपन्यासकारले अर्को उपन्यास 'यहाँदेखि त्यहाँसम्म' (२०४२) प्रकाशित गरेर प्रसिद्धि प्राप्त गरेका छन् । निबन्ध क्षेत्रमा पनि कलम चलाउने ध.च. गोतामेको 'कालान्तर' संस्मरण २०५३ मा प्रकाशित भयो । व्यंग्य निबन्धको संगालो 'संज्ञा सर्वनाम' (२०५४) प्रकाशित भएको छ । 'सम्झनाका गल्छेडाहरू' संस्मरण र 'अग्राखका पालुवा' व्यंग्य उपन्यास प्रकाशोन्मुख रहेका छन् । यहाँ चर्चा गर्न थालिएको नारायणी वाङ्मय प्रतिष्ठानबाट प्रकाशित व्यंग्य निबन्धको संगालो 'संज्ञा सर्वनाम' हो । साहित्यका विविध विधामा कलम चलाउने निबन्धकार गोतामेका यस पुस्तक भित्रका निबन्धहरू सरल, सुस्पष्ट शैलीमा व्यक्त भएका छन् । आफ्नो विषयवस्तुलाई छर्लङ्ग देखाउन सक्षम निबन्धकारले व्यंग्यविधानको परिपुष्टता आफ्ना निबन्धहरूमा दर्शाएको पाइन्छ ।

यस पुस्तकको भूमिका लेख्ने श्री चुडामणि रेग्मीको भनाइ यस्तोरहेछ - ध.च. शब्द प्रयोग गर्न कसरत गर्दैनन् । उनी सरल छन् । आफू नै संज्ञा हुन् । अर्को नामवाला पनि संज्ञा नै हो । त्यही आफू र अर्को 'सर्वनाम' हो - संज्ञाको वारेस, संज्ञा-प्रतिनिधि .....। लेखकले आफ्नो लेखनीद्वारा समाजमा भएका विभिन्न कुरीति, कुसंस्कार, विकृति, अन्याय र विसंगतिलाई देखाउँछन् र त्यसलाई हटाउने प्रयासतिर अग्रसर रहन्छन् । त्यही लेखकको धर्म हो, त्यो धर्म निभाउने प्रयास 'संज्ञा सर्वनाम' भित्रका निबन्धहरूले पनि गरेका छन् । अत्यन्त रोचक ढंगबाट आफ्नो भनाइ प्रस्तुत गर्ने निबन्धकार ध.च. गोतामेको कलम सरल भएर पनि अत्यन्त धारिलो छ । पहिलो निबन्ध 'गफ एक परिचर्चा' मा नै उनको लेखनकला प्रष्ट देखिन्छ । यो निबन्ध २०२४ सालमै 'मधुपर्क' मा प्रकाशित भएको रहेछ । धेरै समयको अन्तरालमा पुस्तकाकारको रूपमा ल्याउँदा अग्रस्थानमा पर्न गएको छ यो निबन्ध । आफूले जीवनमा भोग्नु परेका, अनुभव गरेका, समाजको आरोहावरोहमा देख्नु वा सुन्नु परेका विषयवस्तुलाई यस पुस्तक भित्र समाविष्ट गरी विविध क्षेत्रमा देखिएका विसंगतिलाई स्पष्ट गरिएको छ । निबन्धकार-'गफ' चारित्रिक गुणको 'हव्वी' बनेको चर्चा गर्छन् भने 'भान्छा गर्नु भो ?' जस्ता निबन्धबाट हाम्रो संस्कारप्रति तीखो व्यंग्य प्रहार गर्छन् । यहाँ भान्छा गर्नु भो ?' नै नमस्कार बनेको छ । व्यंग्यात्मक किसिमबाट ऐतिहासिक, पौराणिक कथादेखि वर्तमान समयका विविध संस्कारहरूलाई आफ्नो निबन्धहरूमा समेटी व्यक्त गर्न सक्नु निबन्धकारको चातुर्यता नै हो । आज समाज कतातिर गइरहेछ ? यसले भविष्य कस्तो बनाउँछ ? भन्ने कुरा हरेक निबन्धमा हास्यव्यंग्यको पुट दिएर व्यक्त गरिएको छ ।

यस संगालो भित्र २१ वटा शीर्षक रहेका निबन्धहरू मध्ये अन्तिम व्यंग्य उपन्यासको अंश राखिएको छ, शायद निबन्धकारले प्रकाशोन्मुख तिर रहेको यस उपन्यासको स्थितिको पूर्वाभास दिन खोजेर यस पुस्तकभित्र राखेको हो कि ? पाठकलाई उत्सुकता अवश्य जगाउने छ । निबन्धकारका दुई शब्दमा - 'अग्राखको पालुवा भन्ने व्यंग्य उपन्यास लेख्न थालेको पनि धेरै भयो । बस्तामा वेरिएर धुलो खाइरहेको थियो । थपथाप गरेर संग्रहमा हालेको छु । पाठकहरूले रुचाएको संकेत पाएँ भने छिटै सानोतिनो उपन्यासको जामा पहिऱ्याएर मञ्चमा उभ्याउँने छु .....।' वरिष्ठ साहित्यकारको भनाइ नम्रता हो, यस्ता सिद्धहस्त लेखकबाट नेपाली साहित्यले एउटा कृति पाउनु भनेको गौरवको कुरा हो । ध.च. गोतामेको कलम कहिल्यै नरोकियोस् नयाँ-नयाँ कृतिहरू नेपाली साहित्यमा थपिँदै जाउन् यही शुभकामना ।

कृति: संज्ञा-सर्वनाम (व्यंग्य निबन्धहरूको संगालो)
लेखक: ध.च. गोतामे
प्रकाशक: नारायणी वाङ्मय प्रतिष्ठान वीरगञ्ज
प्रथम संस्करण: २०५४
संख्या: ११००
मूल्य: .....

जनताबाट म विश्वास चाहन्छु तर आशा होइन । विश्वासमा सक्रियता, कर्मण्यता, उद्यमशीलता र सख्यभाव परिलक्षित रहन्छ, आशा भनेको अकर्मण्यता र परमुखापेक्षी भावना हो **– वी.पी. कोइराला**

'संस्कृति संरक्षण -केही लेख: केही विचार' लाई नियाल्दा'

नेपाली भाषा, इतिहास तथा संस्कृतिका विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनु भएका इतिहासविद् प्राध्यापक डा. गोविन्द टण्डन श्रद्धापूर्वक लिइने नाम हो । सांस्कृतिक क्षेत्रमा विशेष अध्ययन, अनुसन्धान गर्नुभएका डा. टण्डनका यसभन्दा पहिले पनि काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू, पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (बृहद् ग्रन्थ), नेपालमा गुठी व्यवस्था, पुस्तकाकारका रूपमा प्रकाशित भैसकेका छन् । यी वाहेक सांस्कृतिक, धार्मिक क्षेत्रका विभिन्न संघसंस्थाहरूसँग डा. टण्डन संलग्न रहनुभएको छ भने अद्यापि पाश्चात्य प्रभावबाट विमुख हुन नसकेको आजको नेपाली समाजमा सांस्कृतिक धरोहरका रूपमा रहेका विविध कला, संस्कृतिको संरक्षण र सम्बर्द्धनार्थ क्रियाशील र हेको सबैमा विदितै छ ।

आफूले भोगेका अनुभव गरेका र आफ्नो दृष्टिगोचरमा आएका विभिन्न ऐतिहासिक स्थल, सांस्कृतिक स्थल, धार्मिक स्थल र देशको अनादिकालदेखि गौरव बढाइरहेका सम्पदाहरूको विषयमा अनुसन्धानात्मक शैलीमा कलम चलाएर नेपालको सांस्कृतिक धार्मिक धरोहरलाई संरक्षण गर्नेतर्फ सबैलाई सचेत गराउनुको साथै प्रत्येक नेपाली जनमानसलाई त्यसतर्फ उन्मुख गराउने उद्देश्य लिएर कान्तिपुर दैनिकमा वि.सं. २०५४ भाद्रदेखि २०५५ पौषसम्म पाक्षिक रूपमा प्रकाशित भएका डा. टण्डनका लेखहरूलाई यौटै पुस्तकमा आबद्ध गरी प्रकाशित गरिएको पुस्तकको नाम हो - 'संस्कृति संरक्षण केही लेख केही विचार' ।

अत्यन्त सुन्दर आवरणले सजिएको यस पुस्तकमा देशको कला, संस्कृति अक्षुण्ण राख्न सहयोग पुऱ्याउने विभिन्न सुझाब सहितका लेखहरू रहेका छन् । यस्ता अमूल्य लेखहरू अमर हुन्छन्, सदैव मार्गदर्शन गर्न सहयोग पुऱ्याउँछन् तसर्थ यस्तो कार्यमा अग्रसर रही प्रकाशकहरूले धेरै महत्त्वपूर्ण कार्य गरेको अनुभव भइरहेको छ ।

यसको भूमिकामा 'दृष्टिसृष्टि' शीर्षक दिएर डा. स्वामी प्रपन्नाचार्यको यस्तो उद्गार रहेको छ - 'प्रस्तुत पुस्तकमा दिएका विचारहरू विद्यार्थी, बुद्धिजीवी, प्रशासक, योजनाकार सबैका लागि उपयोगी छन्..... ।'

अर्का 'समालोचक, वरिष्ठ विद्वान् प्राध्यापक घटराज भट्टराईको उद्गार यस्तो रहेको छ - 'यसो हुनुपर्छ, उसो हुनुपर्छ अथवा यसो भएन, उसो भएन भन्नेहरूको समाजमा कमी छैन तर यसरी गर्नुपर्छ भनेर सुझाब तथा समाधानसहित आफ्ना दृष्टिकोणहरू अगाडि राख्ने विद्वान्हरू नेपालमा कमै छन्'.....

'गहकिला चिन्तनहरू समसामयिक वस्तुस्थितिहरू अध्ययन पूर्ण रूपमा प्रस्तुत गरी राष्ट्रिय संस्कृतिको जगेर्नामा आवाज उठाउने डा. टण्डन धन्य हुनुहुन्छ । .....'

यी भनाइ नै डा. टण्डनप्रतिको सद्भाव मात्र हैन आस्था विश्वास र यत्रतत्र छरिएर रहेका वा विलुप्त हुने महत्त्वपूर्ण लेख-रचनाहरू विभिन्न खोजहरू सदैव रहनुपर्छ त्यसैले यस किसिमको पुस्तकको रूपमा आउनु नै अमरत्वतिर उन्मुख हुनु हो । यस पुस्तकको विषयमा सामान्य जानकारी दिने मात्र प्रयास स्वरूप आफ्नो गहन अध्ययन नभए पनि सामान्य जानकारीको हिसाबबाट लेख्ने प्रयास गरेको छु । मलाई के लाग्छ भने नेपालप्रति, आफ्नो संस्कृतिप्रति ममत्त्व राख्ने हरेक व्यक्तिले यो पुस्तक पढी आफ्नो कर्तव्यतिर अग्रसर हुनु देश सेवा गर्नु हो ।

यस पुस्तकमा ३३ वटा लेखहरू समाविष्ट गरिएको छ - पहिलो खण्डमा । अर्को परिशिष्ट खण्डमा त्यही पत्रिकामा आएका स-साना लेखलाई राखिनुका साथै डा. टण्डनलाई, वधाई, जीवनशैलीको लोप हुँदैछ, वास्तुशैली र 'डा.' उपाधि शीर्षकमा सम्पादकको नाममा लेखिएका पत्रहरूलाई पनि समावेश गरिएको छ । यो पुस्तक १५८ पृष्ठको रहेको छ र महत्त्वपूर्ण पुस्तकको रूपमा आएको यस संग्रहलाई सबैले पढ्नुपर्ने मनन गर्नुपर्ने कृतिको रूपमा हाम्रो सामु प्रकाशित भएको ठानेको छु ।

कृति - संस्कृति संरक्षण- केही लेख: केही विचार
लेखक - डा. गोविन्द टण्डन
संस्करण - पहिलो/ वि.सं. २०५५
मूल्य - रु. १००/-

नववर्ष २०५६ को सुखद् उपलक्ष्यमा सम्पूर्ण सहयोगी संस्था, सेवामूलक निकाय, तथा खानेपानी उपभोक्ता समुदायहरूमा हार्दिक मंगमय शुभ-कामना व्यक्त गर्दछौं ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालय: पानीपोखरी, लाजिम्पाट, काठमाण्डौ
टेलिफोन: ४१०७६१, ४१४५२९ फ्याक्स: ४१०७६१
इ-मेल: Pani @ Khaskosh mos. m. np.

'प्रकृति' कथासङ्ग्रहको प्रकृति

नेपाली साहित्य दिनानुदिन फस्टाउदैछ, फस्टाउनु पर्छ, फस्टाउन दिनुपर्छ। विविध विधामा कलम चलाउने लेखकहरूको जमात हुँदाहुँदै पनि सभा गोष्ठीमा विद्वान्हरूले नेपाली साहित्यप्रति चिन्ता व्यक्त गरेको देखिन्छ। जति उत्थान हुनुपर्ने हो भएन, जति परिष्कार हुनुपर्ने हो भएन। यो अत्यन्त स्वाभाविक नै हो जुन वस्तुलाई जति माया-ममता गरिन्छ त्यति नै चिन्ता हुन्छ। उसप्रति साहित्यकार, साहित्यप्रेमी भाषाप्रेमीले चिन्ता लिनु स्वाभाविक छ। आमाबाबुले छोराछोरीलाई जस्तै नेपाली साहित्यिक क्षेत्रमा लुकेका प्रतिभा पनि अनगिन्ती छन् विविध क्षेत्रसँग सम्बन्धित भएर पनि आफ्नो प्रतिभालाई कुण्ठित बनाई यसप्रति माया गर्ने व्यक्तित्वहरूको कमी छैन नेपाली साहित्यमा।

दिनानुदिन ऊर्वर बन्दै गएको नेपाली साहित्य फाँटमा एक न एक मौलिक रचनाको उदय भएको छ, समाहित भएको छ। साहित्यप्रति रुचि राख्ने व्यक्ति भएको नाताले यसको श्री बृद्धिमा हर्षित हुनु स्वाभाविक हो। यसको उदय गराउने उदीयमान, अन्य विविध क्षेत्रसँग सम्बन्धित व्यवस्थापन पक्षका सिद्धहस्त लेखक श्री श्यामप्रसाद शर्मा हुन्। उनी आजसम्म व्यवस्थापन पक्षका विद्यार्थीले चिन्ने लेखक कथाविधाको उत्कृष्ट कोसेली नेपाली साहित्यलाई प्रदान गरेर कथाकारको रूपमा स्थापित हुन पुगेका छन्।

श्यामप्रसाद शर्माको तलेजु प्रकाशनद्वारा प्रकाशित 'प्रकृति' कथा संग्रह (२०५५) नेपाली साहित्यले पुस्तकाकारका रूपमा प्राप्त गरेको प्रथम कृति हो। यस भन्दा पहिले फाट्टफुट्ट पत्रिकामा कथा लेख्ने कथाकारले अत्यन्त राम्रेसँग समाजका यथार्थ घटनालाई आत्मपरक शैलीमा प्रस्तुत गरेका छन्। समग्र कथा सरल छन्, परिष्कृत भाषाको प्रयोग, कथाको जीवन्तता, विषयवस्तु हो। जुन विषयवस्तु कथामा छानिएको छ त्यो समाजकै हो, समाजमा घट्ने घटना नै हो तर यौनता र कामुकतावाट सिर्जित भएर पनि सीमाबद्ध भएर प्रष्टिनु कथाकारको चातुर्यता हो भन्नुपर्छ। जीवन यस्तै हुन्छ, कतिपय कुराहरू गर्दागर्दै, सोच्दासोच्दै, बोध हुँदाहुँदै मानिस चल्न बाध्य हुन्छ।

यस संग्रहको शीर्षक रहेको 'प्रकृति' प्रतिकात्मक प्रकृतिको कथा हो, यो यस पुस्तकको पहिलो कथा हो। प्रकृति भित्र व्यापक अर्थ लुकेको छ, प्रकृति सुन्दर छ, स्वच्छ छ, विगार्ने मानिस नै हो अब प्रकृतिको सुन्दरता धमिलिएको छ, मानिसले नै खोज्नुपर्ने भएको छ, सुन्दर संयोजन भएकोछ, यसलाई जसरी प्रयोग गरे पनि हुन्छ। कथाकारले यो शीर्षक दिएर पुस्तकको गरिमा नै बढेको छ किन कि प्रकृति देवि हुन्, प्रकृति स्वभाव हो, प्रकृति जीवनको सम्पूर्णता हो, आज प्रकृतिको कारण समाजमा विचलन आएको छ। यस संग्रह भित्रका केही कथालाई हेरौं -

अनौपचारिक सम्बन्ध - पुरुषको कमज़ोरीपन र नारीले आफ्नो लोग्नेबाट सन्तान हुन नसक्ने, सामाजिक बन्धनले सन्तान चाहिने अवस्थाबाट सिर्जिएको, अलिकति सामाजिक धरातलवाट माथि उठेको देखिन्छ तर त्यो असम्भव अवश्य होइन। दुवैको सहयोग र सहमतिमा घर-सन्सार चल्दछ। त्यसलाई सुमधुर बनाउन कुनै संस्कार विपरीत भए पनि ठीक हुन्छ भन्ने धारणामा कथावस्तु अगाडि बढेको छ। आधुनिकताको यस संसारमा नयाँ प्रयोग भएको छ।

'मर्यादा' मा एउटी नारीलाई प्रेमको फन्दामा फँसाएर अलपत्र पारी अर्को नारीसँग सम्बन्ध गाँस्नु कति उचित थियो र आफ्नो मर्यादा कायम राख्न अन्त्यमा पुन: भेट भएपछि एउटा छोरो भएकी विधुवा स्वीकार गर्नुले कति मर्यादा कायम भएको छ त! पुरुषले जे गरे पनि नारी विवश छे। समाजमा नारीप्रति सहानुभूति देखाए पनि पुरुषवर्गले नारीलाई मुक्त हुन र स्वतन्त्र बाँच्न नदिएको देखिन्छ कथामा। अर्पणा र कल्पना केवल खेलौना मात्र भएका छन् तर सामाजिक दायित्वबाट पर हटेको भने देखिदैन। पुरुषको कमजोरीले सिर्जना गरेको नारीप्रतिको व्यवहारलाई अत्यन्त मीठो शैलीमा व्यङ्ग्य गरेका छन् कथाकारले।

'तिक्तता'मा एकतर्फ कल्पनाको प्रेमभावलाई व्यक्त गरिएको छ, निम्नवर्गीय नायक र उच्चवर्गीय परिवारको चित्रण छ, उच्चशिक्षा हासिल गर्न पनि कठिन, शिक्षानुरूप जागिर पाउन पनि मुस्किल। व्यक्ति बेरोजगार भएपछि त्यसप्रति देखिने मानिसको भावना र स्वयंको मानसिकतालाई देखाइएको छ। यी उदाहरण मात्र हुन्। यस भित्रका धेरै जसो कथा नारीसँग सम्बन्धित छन् तर नारीमुक्तिको प्रयासमा भने कथा सक्रिय देखिएका छैनन् कि जस्तो अनुभूति हुन्छ तर प्रेम प्रणयको प्रसङ्गलाई यथार्थताको धरातलमा उतार्न कथाकार सक्षम छन्। प्रतिभावान् भाषा साहित्यलाई माया गर्ने व्यक्तित्वका धनी कथाकार श्याम शर्माले साहित्यको कुनै सीमा हुँदैन पनि भन्ने र फुर्सदको क्षणमा मात्र उपयोग गर्नु ठीक भएन कि ? राम्रा एवं मीठा कथाहरूको माध्यमबाट पीयूष वर्षा गराउने आफ्नो प्रतिभालाई दब्न दिनु हुँदैन, प्रस्फुटित हुन दिनुपर्छ कि! भन्ने धारणासहित कथा लेखनको निरन्तरता रहिरहोस्, यही शुभकामना!

कृति- 'प्रकृति' कथा संग्रह
कथाकार- श्याम सुन्दर शर्मा
प्रकाशन- तलेजु प्रकाशन
सस्करण- प्रथम २०५५
मूल्य- रु. ६०/-

कविता

समय

❑ गोकुल अधिकारी

सङ्क्रामक रोगहरूले ग्रसित रोगीहरू
जताततै छरिएका छन्
तर समय
आलो काँचो उपचार बोकेर हिंडिरहेछ
मानवीय सम्वेदना ओवाउने रोगले
शहरलाई सताएको छ
विकासका आधारशीलाहरूमा ठगिनुपर्ने रोगले
गाउँलाई डसेको छ
तर समय
अलिकति दैविप्रकोप राहतकोषको पोको फुकाएर
जीवनजल र सीटामोल को सानो भारी बोकाउँदै
झारा टार्ने काम गर्दैछ ।
हुनसक्छ भने सुकेनाशका विरामीहरू
सबै ब्युँझेर
समयकै उपचार गर्नुपर्ने भएको छ
समयको पाखुरामा गतिशीलताको इन्जेक्शन
लगाउनै पर्ने भएको छ
किनकि, समय अचेल
काम थोरै र कुरा धेरै गर्ने रोगले
आफै ग्रसित भएको छ ।

कविता

आँसु अनुभूति हो

❑ शीला पन्त

दु:ख सुखका भुमरीमा पिल्सिरहने
जीवनका बाटाहरूमा
बरदै सुक्दै गर्ने नदी झैं
झर्दछन् अश्रुधाराहरू
कहिले बढी कहिले घटी भएर
सिंची दिन्छन् थोपाथोपाहरूले
मेरो जीवनको मरुभूमिलाई ।

करुणा ममताका वर्षाहरूले
भिजेका परेलीहरूमा
सहानुभूतिका भावनाहरू पोखिंदा
साच्चीनै मन विभोर हुँदो रहेछ
एक आत्मामा अर्को आत्मा मिले जस्तै
त्यसैमा जीन्दगी साकार हुँदो रहेछ ।

त्यसैले आँसु केवल पानी होइन
दु:ख सुखका एकाएक सजिलै वगिदिने
भावनाका अन्तस्करणबाट
मूल फुटे झैं फुट्ने
आँसु एउटा अभिव्यक्ति हो
अनुभूति हो जीवनन्तताको ।

नववर्ष २०५६ को पुनीत उपलक्ष्यमा
सुख, शान्ति तथा समृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

नगर विकास कोष
परिवार
नयाँ वानेश्वर, काठमाडौं

नववर्ष २०५६ को उपलक्ष्यमा
सुख, शान्ति तथा समृद्धिको लागि
हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।

मेरिनोल नेपाल 'आशादीप'
(मानसिक विरामीहरूको पुन:स्थापना केन्द्र)
सिफल, काठमाडौं

निबन्ध

नेपाली कला, संस्कृति र सङ्गीतको आरोह अवरोह

❑ भगवत ढकाल

मानव संस्कृतिको उपज कलाको उद्‌गम सौन्दर्यको प्रेरणाबाट भएको हो । कुनै पनि काम राम्रोसँग गर्ने सीप वा कौशललाई कला भनिन्छ । व्यावहारिक रूपमा गायन, नर्तन, चित्रकारी आदि उपयोगी कला चौसट्ठी मानिन्छन् । यी कला व्यवहारजनित कोटिमा पर्दछन् भने ललितकला मानसिक सन्तुष्टिका लागि उपयुक्त मानिन्छ । समग्रमा यी दुबै कलाको उद्देश्य सौन्दर्यको खोजी र रसानुभूति रहेको छ ।

मानव सभ्यताको विकासका क्रममा मानवीय भावनाहरू भाषामा भन्दा कलामा नै प्रथमत: अभिव्यक्त भएको तथ्य गुफाहरूमा पाइने चित्रहरूबाट स्पष्ट हुन्छ । पश्चिमतर्फ दृष्टि दिंदा ईसापूर्व तीनहजार वर्षदेखिका इजिप्सियन कलाकृति या इसापूर्व पाँचौ शताब्दीतिरका सोक्रेटस, प्लेटो, अरिस्टोटलकालीन कलाले पनि चित्रकला, मूर्तिकला साहित्य र सङ्गीतजस्ता क्षेत्रमा ठूलो विकास गरेका छन् । त्यस्तै ग्रीक र रोमन सभ्यतामा पनि साहित्य सङ्गीत र कला अध्ययनको अभिन्न अङ्ग बनेको पाइन्छ । पूर्वीय आकाशमा भने कलाले त्यति व्यापकता र विस्तृतता पाउन सकेको देखिंदैन ।

नेपाली कला लिच्छवीकालीन समयमै निकै उच्च रहेको तथ्य तत्कालीन अभिलेख एवं चिनिया यात्रीहरूको प्रशंसाबाट स्पष्ट हुन्छ । चाँगुनारायण, देउपाटन आदिका मूर्तिहरूले पनि लिच्छिवीकालीन कलाकारहरूको उच्चतालाई अद्यावधि जीवन्त राखेका छन् ।

आर्थिक उन्नति र राजनैतिक स्थिरता कलाको विकासका लागि उपयुक्त पृष्ठभूमि मानिन्छ । लिच्छवि शासन प्रणालीको अन्त्यसँगै अर्थात् ९३७-१२५८ को राजनैतिक अस्थिरतामा कलाको समुचित विकास र विस्तार हुन सकेन । मल्लकाल १२५८-१५३८ मा पनि प्राचीन कलाकारितालाई जोगाइ राख्ने प्रयत्न मात्र भएको देखिन्छ । विक्रमको चौधौं शताब्दीमा अरनिको सहित नेपाली कलाकारहरूबाट भएको चीन भ्रमणले तत्कालीन कलागत प्राप्तिलाई औंल्याउँछ । स्थितिमल्लका सन्तानहरूले उपत्यका टुक्र्याइसकेपछिको मल्लकाल १५३८-१८२६ मा आ-आफ्नो सालिक बनाउने प्रतिद्वन्दिताले नेपाली कलाको विकासमा टेवा दिएको पाइन्छ । पृथ्वीनारायण शाहको कलाप्रेम नौतले दरबारले औंल्याइरहेको छ भने जङ्गबहादुर बेलायत जाँदा भाजुमानजस्ता कलाकारहरूलाई सँगै लगेका थिए । फलत: उनी फर्केपछि नेपाली कलामा यूरोपीय प्रभाव पर्न थाल्यो । यो क्रम राणाशासन पछिसम्म पनि केही मात्रामा कायमै रहेको देखिन्छ ।

प्रजातन्त्र पश्चात् भिन्न परम्परा र पाश्चात्यपनबाट प्रभावित र नेपाली कलाको प्रथम ऐतिहासिक प्रदर्शनी लैनसिंह वाङ्गदेलले २०१७ सालमा गरेको पाइन्छ । नेपाली कलाका फाँटमा लैनसिंहले प्राप्त गरेको उचाइमा अन्य कलाकार पुग्न नसकेको भएता पनि उनका समकालिक केशव दवाडी, अमर चित्रकार, उर्मिला उपाध्याय आदिलाई पनि बिर्सन सकिंदैन । त्यसपछिका शशी शाह, मनुजबाबु मिश्र, ठाकुरप्रसाद मैनाली, प्रमिला गिरी आदि परिचित नाम हुन् भने वर्तमान समयका किरण मानन्धर, टेकवीर मुखिया, विपिन घिमिरे, प्रवीण श्रेष्ठ, उज्वलकुन्दन ज्यापू आदि पनि आशलाग्दा कलाकारका रूपमा देखापरेका छन् । तेलरङ्गको प्रयोग गर्ने चन्द्रमान मास्के कलाका क्षेत्रमा नयाँ प्रयोगकर्ता मानिन्छन् । कला र साहित्यको संगम लैनसिंह वाङ्गदेल, वालकृष्ण सम, र मनुजबाबुजस्ता प्रतिभाहरूमा पाइन्छ ।

यसरी लिच्छविकालीन कलागत उर्वरता मल्लकालमा सालिक ठड्याउने रहर, र राणाकालमा पाश्चात्यपनलाई भित्र्याउने प्रयत्नमा विकसित नेपाली कलाले राजा र प्रजाबीचको धार्मिक भावनालाई घोषित गर्दछ । प्रजातन्त्र पश्चात् कलाका क्षेत्रमा भइरहेका नव-नव प्रयोगले यसको विकासमा टेवा दिइरहेका छन् । तर कलाकारले ध्यान दिनु पर्ने एउटा महत्त्वपूर्ण कुरा के भने संख्यात्मक प्राप्तिलाई भन्दा गुणात्मक उपलब्धिलाई उचाइको मापदण्ड कलाकारले बनाउनु पर्दछ । माइकल एन्जेलो र पिकासोको प्रसिद्धि एउटै कृतिमाथिको वर्षौंको तपस्याबाट जन्मिएको हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन ।

कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थ-व्यवस्था आदिमा प्रतिबिम्बित हुने र तिनका कला, कौशल

रोपेर, भगवान्को फोटो टाँसेर, आफ्नै फोटो हेरेर, कोठा सजाउने, घर सजाउने । यसरी मानिस विभिन्न सामानहरू संग्रह गरेर सुखलाई संग्रहित गरिरहेको हुन्छ । तपस्याबाट भित्रको सुख उद्घाटित हुन्छ भने संग्रह गरेका सामान आदि बाह्य वस्तुबाट सुख लिएको हुन्छ । आँखा यतिवेला सुखको सेतु बन्छ । एक-एक गरी थुप्रँदै गएको सुख, चोरले सबै चोरी लग्यो, साह्रै दुःख । सुख पनि चोरेर कम हुने, जम्मा गरेर बढ्ने । जे होस् मानिस सुखबाट एकैछिन पनि अलग बस्न खोज्दैन, सक्दैन ।

मानव भइरहेको सुख हटाएर दुःखमा झेलेर सुखको छलाङ्ग मार्न खोज्छ । सुख थुपार्न खोज्छ । यस्तो फड्को मार्ने कार्य ज्यादै जोखिमपूर्ण हुन्छ । भएको सुख गुमाउँदा पुनः नभेटिन पनि सक्छ । सधै दुःखमा पर्न पनि सकिन्छ । सुखबाटै सुख भेट्नुपर्छ, दुःखको मार्ग अपनाएर सुखको थुप्रो लगाउने कार्य ज्यादै कठिन कार्य हो । सुखको स्थिति लम्ब्याउने हो भने सुख निरन्तरता दिने हो भने सुख सुनाउनु हुँदैन । बाह्य सुखको समय विल्कुल छोटो हुन्छ । आन्तरिक सुखको समय लामो हुन्छ । अब प्रश्न उठ्छ, सुख भन्दा माथि के छ ? सुख भन्दा माथि कोही पनि छैन । केवल तटस्थ अवस्था छ, न त सुख छ, न दुःख छ । दुवै अवस्था भन्दा माथि छ । सापेक्षता रहित अवस्था छ । विश्लेषण रहित अवस्था छ ।

अब स्वरूप भेदको कुरा गरौं– धेरैबाट एकलाई चुनेको खण्डमा विश्लेषण हुन्छ । मापदण्डको कुरा आउँछ । एकलाई मात्र एक बनाउन कठिन हुन्छ । आधार केलाई मान्ने ? दुई वा दुईभन्दा धेरै भए मात्र मापदण्डको कुरा आउँछ । मापदण्ड पनि हामी आफै बनाउछौं । राम्रो नराम्रोको विभाजन गर्ने आधार मापदण्ड हो । कुनै मापदण्ड बनाइएन भने भेद नै अन्त्य हुन्छ । हामी दुईलाई एकै ठाउँमा राखेर हेर्छौं । एउटालाई हेरेर अर्कोलाई दृष्टि दिन नभ्याउँदै पहिलोको रूप हाम्रो मस्तिष्कबाट हरायो भने हामी भेद बताउनै सक्दैनौं । यो भेद रहित स्थिति हो । सापेक्षता भन्दा माथिको स्थिति हो । हामी पूर्वको रूप स्मृतिमा वचाएकै अवस्थामा अर्कोतिर दृष्टि पुऱ्याउँछौ र एक अर्का बीच विश्लेपण गर्न थाल्छौं । तुलना गर्न थाल्छौं । स्वरूप भेद हामीमा यसरी आउँछ । स्थूल दृष्टिमा हामी एकै पटकमा दुईलाई देख्न सकौंला तर दुईलाई एकै पटक केन्द्र बनाउन सक्दैनौं । केन्द्र वनाउने कार्य अघि पछि हुन्छ, एकै पटक हुन्न ।

स्वरूप भेदले आज नयाँ संस्कृतिको विकास गरेको छ । मानवलाई उच निच वनाएको छ । विभाजन गरेको छ । पुरस्कार पाउने आधार खडा गरेको छ । सापेक्षता दुःखको कारण पनि बनेको छ । यसले हिनताबोध सृजना गर्छ । मानव मानवबीच मेलमिलाप, एकता, समानता, आपसी सहयोग आदिको विकास गर्न हामी सापेक्षतारहित अवस्थामा पुग्न आवश्यक छ । भेदरहित अवस्थामा हुन आवश्यक छ ।

अनन्तको यात्रा पूरा हुन्छ कि हुँदैन ? यहाँ सुखी हुँदै अघि बढ्दै गर्नुपर्ने हुन्छ । दुःखी भए पनि हुने आफै हो । मन आफ्नै हो । यहाँ भेटिने पनि भेटिन्छन् । नभेटिने पनि भेटिन्छन् । कठिन यात्रा कहीं आफैले कोर्नु पर्ने । यो छोटो जिन्दगी लामो बाटो पूरा गर्नु छ । एकदिन हाम्रा नानीहरूले हामीलाई विदाइ गर्छन् । हामी जान्छौं, सधैंका लागि विदा भएर जान्छौं । बिदा हुन हामी आएको, विदा भएर यात्राको अन्त्य गर्छौं ।

❖❖❖

कविता

मान्छेहरू हो !

❑ यादव भट्टराई

साहस आँट्नसक्ने हुनुपर्छ काँधहरू
आँसु छेक्न सक्ने हुनुपर्छ आँखाका डिलहरू
बन्दै- बिग्रँने,
बिग्रँदै -वन्ने मान्छेको जिन्दगी
सम्भावना साँचेर छातिभरि
ऊबाट सिङ्गै युग हाँकिनुपर्ने
मान्छे त निर्माण हो
आस्था र जाँगरको पर्याय हो
त्यसैले इतिहास भइदिनुपर्छ ऊ
थुप्रै जिन्दगीहरू बाँचिदिनुपर्छ

त्यसैले ए मान्छेहरू हो !
किन भाग्छौ ?
कायर भएर जिन्दगीदेखि
मान्छे त पुरुषार्थ बाँच्नुपर्छ
मान्छे भएर जन्मेपछि
ब्रह्माण्ड नै हाँक्नुपर्छ ।

भैरहवा, रुपन्देही

कविता

नयाँवर्ष, तिमीलाई शुभकामना !

❑ गोकुलप्रसाद ढकाल

हरेक वृक्षमा नवमञ्जरी पालुवाले विभूषित पार्दै
कोइलीको कुहुकु झन्कारमा मारुनी बनेर नाच्दै
सम्पूर्ण मानवमात्रको हृदयलाई हर्षोल्लित तुल्याउँदै
गगनचुम्बी हिमचुलीहरूमा नवभेटी चढाउँदै
नयाँ-नयाँ सौन्दर्यमयी पुष्पहरू समेंली
प्रालम्ब बनाउँदै आउने
नयाँवर्षको तिमीलाई शुभकामना !

साहित्यकारको कलमको चुच्चो अझ तीखो पारिदिदै
विद्यार्थीको मनोबल झन, सबल र सक्षम बनाउँदै
सङ्गीतकारको कलालाई घ्यू खारिए झैं खारिदिदै
प्रवासको ताडित मनलाई जन्मभूमितिर फर्काउँदै
सफलता नै सफलताको थुङ्गाहरूलाई गुथेर पैंह्रदै
वर्ष दिनमा एकपल्ट अभ्यागत बनेर प्रस्थान गर्ने
नयाँवर्ष तिमीलाई शुभकामना !

यात्रीलाई गन्तव्यस्थलमा पुऱ्याउन
भोटे कुकुरले लखेटे झैं लखेट्दै
तृष्णामा भौंतारिएको चकित मृगलाई
वास्तविक सागर देखाउँदै
मरुभूमिमा जलधार गराएर
सुशोभित र हरियाली पार्दै
सागरमा डुब्न लागेको माझीलाई
लठ्ठारो समात्न दिएर पार लगाउँदै
लाउँनसम्मको अविस्मरणीय गुण लगाउँदै
कसैले चिन्न नसकिने नौलो पहिरन लगाएर
सुटुक्क ढोकाबाट खुशी छर्दै भित्रिने
नयाँवर्ष तिमीलाई शुभकाना ! शुभकामना !!

रानीवन-३, काभ्रे

गीत

❑ तारानाथ सिवाकोटी 'लोचन'

हृदयकी घर-साउनीले घर भत्काइदिइन्
नयाँ घर बनाएर, आफू सरी गइन्
भत्किएको घरझैं उजाड मलाई बनाइ दिइन् ।

मीठा-मीठा गफहरूमा सधैं मलाई भुलाउँथिन्
कतै नजाउ तिम्रै घर हो भन्दै हात समाउँथिन्
विश्वास गरें ईश्वरलाई झैं उनले धोका दिइन्
नयाँ घर बनाएर, आफू सरी गइन् ।
हृदयकी घर-साउनीले .....

खाली थिए धेरै घर उनकै घरमा आँखा जुध्यो
त्यही रहेछ मलाई श्राप आज दुवै आँखा फुट्यो
मलाई अन्धो बनाएर हाँसी-हाँसी पराइ भइन्
नयाँ घर बनाएर, आफू सरी गइन् ।
हृदयकी घर-साउनीले .....

Heartly Greetings
and
Wishes on the Auspicious
Occasion of
New Year 2056

DRUZBA (P.) LTD.
Gsa Soviet Airlines
Tel No. 227399, 254697
Kamaladi, Kathmandu

कथा

प्रायश्चितको आँसु

❑ उज्ज्वल जी.सी.

गाउँबाट रित्तो हात शहर पसेर एक धनाढ्यको घरमा नोकरी गरेको पनि करिब दशवर्ष पुगिसक्यो-धर्मदेवको । 'राम्रो काम गरिस् भने तँलाई मैन्हाको दुईहजार पाउने जागिर हाल्दिन्छु' भनेर मालिकले पहिले भनेका कुरा झल्झली सम्झँदै उसले आजसम्म इमान्दारीपूर्वक काम गर्दै आएको छ । तर कति वर्षपछि जागिर हुने हो भन्ने न केही थाहा छ, न मालिक भनाउँदो शम्सेरबहादुरलाई सोध्ने उसको हिम्मत छ । झन् महिनावारीको दुईसय पनि 'एकै पटक लेलास्' भन्ने तानाशाही निर्देशन पालना गर्दै आफ्ना जोश-जाँगरहरू मालिककै घरमा खर्चिनु परिरहेको छ उसले ।

अर्काको घरमा काम गर्ने आफू सरहका केटाहरू प्रायः जागिरे भई ठाँटले हिंडेको, वर्षको एकैपटक भए पनि लाहुरे झैं भएर गाउँ गएको देख्दा उसको मन अति कुँडिने गर्छ । दुई-चार वर्ष अघि गाउँबाट बाबु बिरामी छ भन्ने खबर आउँदा समेत घर जान पाएन उसले । त्यसवेला ऊ धुरुधुरु रुँदा 'जन्म नदिए पनि कर्म दिने बाबु तेरो मै हूँ भनेको थियो-शम्सेरबहादुरले । त्यो सम्झँदा धर्मदेवलाई शम्सेरबहादुरको रगत पिउने इच्छा जागृत हुन्छ मनभित्र । तर के गर्ने ? ऊ त्यसो गर्न सक्दैन । शुरुमा आफैले बुद्धि पुऱ्याउन नसक्दाको फल भोग्नु परिरहेकोले 'पूर्व जन्ममा के ऋण खाएको रै छु यस घरको' भन्दै प्रायश्चितको ज्वालाभित्र पिल्सनु बाहेक अरू कुनै विकल्प देखेको छैन उसले । टोलका केही सज्जन मानिसहरूले - 'हेर् धर्मे ! यत्रो लाठे भएर पनि अर्काको घरमा नोकर हुन लाज लाग्दैन तँलाई ? बरु ज्यामी काम गर्न जा न ! दिनको सय त कमाउँछस् । मुतको न्यानोजस्तो एकपेट खान पायो भन्दैमा ढुक्क न हो बाबै ! भोलि पाखुरामा बल भएन भने त्यो शोषक शम्सेरेले घोक्रेठ्याक लगाउँछ तँलाई, बेलैमा बुद्धि पुऱ्या है ! हैन भने ठूलो दुःख पाउलास् भविष्यमा !' भने तापनि ऊ विवश छ, लाचार छ । आफ्नो गुह्य कुरो खोल्न चाहेर पनि सक्दैन ऊ । त्यसो त शम्सेरबहादुरले आफ्नो कर्तुत कसैलाई नभन्नु भन्ने कडा आदेश दिएको छ उसलाई ।

'मनको बह कसैलाई नकह' भनेजस्तै आफ्नो विरह र व्यथाहरू मुटुभित्र गाँठो पारी बस्दा समेत कहिलेकाहीं शम्सेर बहादुर सन्कँदै - 'हेर धर्मे ! यदि तैले यो घर छाडेर भागिस् भने म तेरो बाबुकहाँ गएर कागज अनुसारको रकम असुल गर्छु । तेति लर्तरो मान्छे नठान् मलाई । म त काजी शम्सेरबहादुर हूँ । यदि कसैले मलाई धोका दिन्छ भने पाताल मै गएर पनि बदला लिएर छाड्छु बुझिस् ? त्यसैले आफ्नो ज्यानको माया भए मेरो आदेशलाई सधै शिरमा राखेर काम गर्ने गरेस् । हैन भने मेरो बन्दुकको गोलीले तेरो छाती प्वाल पर्ला !' भन्ने गर्छ । कुनै गल्ती नगर्दा पनि धम्की सुन्नु पर्ने विवशताबाट मुक्ति पाउन एकदिन धर्मदेवको एक मनले सोच्न थाल्यो - 'यसरी अर्काको नोकर भएर कति दिन बस्ने ? म पनि त हात-पाखुरा भएको मान्छे हुँ । यो घरमा गरेको दुःख बाहिर गर्ने हो भने मैन्हाको तीन-चार हजार कमाउन किन नसकिएला र ? एउटा जीवनसाथी कसो नभेटिएला र ? शम्सेरकाजीले मुखले भनेजस्तो मलाई मार्न त गाह्रै पर्छ । राजा नभएको देश हो र यो ? आखिर दशवर्षसम्म त मैले काम गरिहालें । एक पैसा हिसाब गरेका छैनन् शम्सेरकाजीले । कसैको घरमा बाँधा बसिरहनु भन्ने के को कर छ र ? पैसा कमाएपछि एकलाख पनि तिरिदिउँला बरु' भन्दै एक्कासी फेरि मनभित्र अर्का बिचारहरू पनि सल्बलिन थाले - 'शम्सेरकाजी जे-जस्ता भए पनि मालिक्नी साहेब त ठीकै हुनुहुन्छ । विद्या मैसा'पले बेला मौका राती खुसुक्क कोठाभित्र डाकिहाल्नु हुन्छ क्यारे ! विवाह नै किन गर्नुपऱ्यो ? यदि वहाँको विवाह भएन भने शम्सेरकाजीको शेषपछि यो धन सम्पत्ति खाने को नै छ र ? नआत्तिकन केही वर्ष बस्न सकियो भने मेरो भाग्य नचम्कने कुरै छैन । बरु मालिक्नी साहेबको सेवा राम्ररी गर्नुपऱ्यो । मैया सा'पको विवाह नहोस् भनी देवदेवीलाई भाकल गर्नुपऱ्यो । मेरो पुकार भगवान्ले कसो नसुन्लान् र ?' भन्ने मनका विभिन्न विचारहरूसँग खेल्दाखेल्दै धर्मदेव भुसुक्क निदायो ।

+ + + +

एकदिन शम्सेरबहादुरले छोरीको विवाहसम्बन्धी

छलफल गर्न आफ्ना केही नातेदारहरूलाई घरमा बोलायो । कमजोर आर्थिक स्थिति भएकाहरूले छोरी माग्न आउँदा सम्पत्तिको अस्वाभाविक पोज छाँट्दै अरूको अस्तित्त्वलाई दुई कौडीमा मूल्यांकन नगर्ने आफ्नो आदतले छोरीको जीवनमा कस्तो प्रभाव परिरहेको छ भन्ने कुरा उसलाई पत्तो थिएन । त्यसैले कुराकानीको शुरु मैं शम्सेरबहादुरले भन्यो - 'हाम्रो ज्वाईं भन्न सुहाउने एउटा केटो खोज्नु पर्‍यो विद्यालाई हजूरहरूले ! आउन त डाक्टर, इन्जिनियर, वकिल, सरकारी अधिकृतहरू कति आए कति ! कोही दर्जा भएका तर काठमाडौंमा घर नभएका, कोही दर्जा नभएका तर काठमाडौंमा चार-पाँचवटा बंगला भएका, तेस्तालाई फूलको थुंगाजस्ती छोरी कसरी दिनु ?'

एकले भन्यो - 'डाक्टर, इन्जिनियरले माग्न आएको छ भने के खोज्नु त ? पछि आफै बनाइ हाल्छन् नि घर !'

अर्कोले भन्यो- 'केटा धेरै छान्यो भने झन् छनौटमा परिन्छ भन्छन् । जागिरे सरिफ केटो छ भने अरू कुरा हेर्नु हुँदैन । सबै मिल्ने खोज्दा-खोज्दै छोरीको उमेर ढल्किसक्यो । समाजले पनि के भन्ला ? यता घरमा काम गर्ने लाठे पालेको छ उता तरुनी छोरीको विवाह भएको छैन ।' यत्तिकैमा शम्सेबहादुरकी श्रीमतिले भनी - 'खै ! वहाँलाई जुन पायो त्यो केटो चित्तै बुझ्ने हैन । डाक्टर, इन्जिनियर पनि चाहिने, आफूसरहकै धनी पनि चाहिने ..... । फेरि धर्मेलाई पनि एउटा नोकरीमा लगाइदिएको भए हुन्थ्यो । बिचरो त्यै लोभमा आजसम्म बसेको छ । अरूको काम मात्रै खाँदा त पाप पनि लाग्छ नि !'

शम्सेरले भन्यो - 'के को पाप ? एकपेट खान र लाउन दिएकै छु क्यारे ! घरमा काम गर्नेलाई नोकरी लगाइदियो भने बाहिरको हावाले बाठो भै हाल्छ नि ! जागिरे भएपछि अनि को बस्छ घरमा काम गरेर ?'

उसले भनेका कुराहरू कसैलाई पनि चित्त बुझेन । र, यो कुरा कोठा बाहिरबाट धर्मदेवले पनि सुन्यो । शम्सेरबहादुरले जिन्दगीभर नोकर बनाएर राख्न चाहेको यथार्थ प्रप्ट भएपछि उसले आफूलाई संयमित बनाई राख्न सकेन । मनमनै 'ढिलो-चाँडो एकदिन मर्नै पर्ने जिन्दगी त हो नि ! जे होला होला- सबै कुरा भनिदिन्छु आज' भन्ने सोच्दै धर्मदेव सरासर कोठा भित्र छिरेर भन्न थाल्यो - 'एक गाँस खान, एकजोर लाउन दिएको भरमा जिन्दगीभर मलाई नोकर बनाउने सपना नदेख्नुस् काजीसाहेब ! तपाईं जस्तो गरीबमारा त यो संसारमैं छैनन् । अब म चूप लागेर बस्ने वाला छैन । फर्कन्छु आफ्नै गाउँ । मेरो दशवर्षको पसिनाको मोल आजै हिसाब गर्नुस् । र, त्यो नक्कली तमसुक पनि सबैको अगाडि झिक्नोस् । हैन भने म तपाईंलाई पनि माछु, आफू पनि मर्छु ।'

आवेगमा आई धर्मदेवले बकेका कुराहरू सुनेर सबैजना चकित परे । रातो-रातो मुख पार्दै शम्सेरबहादुरले भन्यो - 'ए गधा ! तैले के खोजेको हँ ? जसको मानो खायो उसकै खिल्ली उडाउने ? तँ साले भुसुनाको आज यत्रो फूर्ति ?'

एकले भन्यो - 'हैन, शम्सेर बाबु तपाईं एकछिन चूप लाग्नुस् । धर्मेले भनेको नक्कली तमसुक के हो ?'

'हजूर ! आज मलाई न्याय बक्सियोस् । म शुरुमा गाउँबाट आउँदा शम्सेरकाजीले झुठो तमसुक बनाई मलाई सही गर्न लगाउनु भा' छ । यदि म यस घरमा नबसेमा तिर्नु पर्ने रे - एक लाख रुपैया' धर्मदेवले भन्यो ।

'हैन के हो कुरा ? मैले त केही बुझिन । तमसुक किन गरेको, कतिको गरेको ?' कोठामा उपस्थित एकजनाले प्रश्न राखे ।

'हजूरहरूको जस्तो मनमा दया छैन शम्सेरकाजीको । तमसुकमा चलनचल्तीको व्याज बुझाउने गरी एकलाख रुपैयाँ बुझेको भन्ने लेखिएको छ हजूर....' धर्मदेव काम्दै भन्यो ।

'हो ! हो ! यसले केही चोरेर भाग्ला कि भनेर मैले एउटा तमसुक गराएर राखेको छु । मैले यस्लाई नोकरी नलगाइदिएको त्यसै हो र ? यो यति विश्वासघाती छ भन्ने कुरा मैले पहिल्यै पत्ता लगाइसकेको थिएँ' भन्दै शम्सेबहादुरले तमसुक गराएको कुरा सकार्‍यो ।

'एउटा गरीबमाथि यस्तो अन्याय त गर्नुभएन शम्सेर बाबु ! भोलि अरूले थाहा पाए भने के भन्छन् ? आजको प्रजातान्त्रिक जमानामा कसैलाई जबरजस्ती कजाउँछु भनेर कहाँ हुन्छ र ? अब जे भयो भयो त्यो तमसुक निकालेर च्यातिदिनुस् । यो कुरालाई धेरै अगाडि बढाउनु ठीक हुँदैन' भन्दै एकले सल्लाह दियो ।

यसै सिलसिलामा अर्कोले थप्यो - 'तमसुक पनि च्यातिदिनु पर्‍यो र यसको दशवर्षको तलब पनि हिसाब गरेर दिनु पर्‍यो । अन्याय भनेको कसैले कसैलाई गर्नुहुँदैन । गरीबको आँसुले पछि आफैलाई पोल्छ ।'

'हो, हजूरहरूले भनिवक्सेको कुरा मनासिव हो। काम गर्ने केटोसँग किन तँ तँ र म म गरेर बस्नु ? हरहिसाब गरेर यस्लाई आजै निकालिदिनु पर्छ ' शम्सेरबहादुरकी श्रीमतिले पनि आफ्नो विचार पोखिन् ।

सबैको निष्कर्षप्रति आफ्नो असहमति जनाउन सकेन शम्सेबहादुरले । अन्तत: एकशब्द नबोल्दै कोठाभित्रबाट तमसुक ल्याएर सबैका अगाडि तेर्स्याइ दियो उसले । धर्मदेवको रोहवरमा तमसुक च्यातिएपछि शम्सेरबहादुरले तीसहजार रुपैयाँ गन्दै आफ्ना अन्तर्भावनाहरू पोख्न थाल्यो - 'आखिर मैले यसलाई आफ्नो धर्मपुत्र बनाउन खोजेको थिएँ । म पापी पनि हैन, मूर्ख पनि हैन । सायद आफ्नो छोरा भएको भए मैले यस्तो नाटक रच्नु पर्दैनथ्यो । छोरीको विवाहपछि हामी बूढाबूढीलाई यसले स्याहार सुसार गर्ला, त्यसपछि एउटा घर र चार-पाँचलाख रुपैयाँ यसको नाउँमा राखिदिउँला भनेर सोंचेको थिएँ । तर मेरा सोंचाइहरूलाई कहिल्यै बुझेन यो कालो साँपले ।'

शम्सेरबहादुरको हृदयभित्र लुकेका सद्भावहरू सुनेर सबैजना चकित भए । तीसहजारले आफ्नो उज्यालो भविष्य डढेर खरानी भएको यथार्थ अनुभूत गर्दै धर्मदेव आफ्नो गाउँ हिंड्यो - प्रायश्चितको आँसु झार्दै ।

❖❖❖

नववर्ष २०५६ को शुभकामना !

गर्भवती र सुत्केरी महिलाहरूलाई रक्त अल्पता (रगतको कमी) हुनबाट बचौं र बचाऔं ।

गर्भवती र सुत्केरी अवस्थामा रगतको कमी हुन्छ । त्यसैले यो अवस्थामा अघि पछि भन्दा बढी पोषिलो खाना खानु आवश्यक छ । रक्त अल्पताबाट बच्नको लागि गर्भवती र सुत्केरी महिलाहरूले हरियो सागपात जस्तै-फर्सिको मुन्टा, सिस्नु, काउली, बन्दाकोभीको पात, रायोको साग, कर्कलो, पालुंगो, धनियाँ, गुन्द्रुक र टुसा उम्रेको गेडागेडीको रस र कलेजो खानुपर्दछ ।

यसका साथै गर्भवती र सुत्केरी महिलाहरूले गर्भवती भएको ४ महिना देखि सुत्केरी भएको ६ हप्तासम्म आईरन चक्की खानु पर्छ । यो चक्की स्वास्थ संस्थाहरूमा पाइन्छ ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र

टेकु, काठमाडौं

कविता

बत्ती

❑ यदु पन्थ

आगोले पोलिएर
करेन्टले हानिएर
जूनकीरीको पिठ्यूँमा टाँगिएर
वा विभिन्न स्वरूपमा फिंजिएर
बत्ती तिमी जलिरहेछौ,
धिपी धिपी बलिरहेछौं ।

अनन्त हावाका धक्काहरू सहेर
थुप्रै हिउँ र वाछीटाका तप्काहरू खपेर
वा हुरी र आँधीका मिसाइलहरू छातीमा थापेर
तिमी शान्तिको युद्ध लडिरहेछौ
बत्ती तिमी धिपी धिपी वालिरहेछौं ।

वृद्ध आमाको सहारा बनेर
भित्र .र बाहिर गरिरहेछौ
युवा भाइको मशाल बनेर
क्रान्तिको बाटो देखाइरहेछौ
असहाय बहिनीहरूको चिराग बनेर
उनीहरूको आर्तनाद भट्टाइरहेछौ
तर पनि आफू आफैमा लुकिरहेछौ
बत्ती तिमी धिपी धिपी वलिरहेछौ ।

बत्ती तिमी डढेलो बनेर विषालु काँडाहरू डढाउन सक्छौ
कामीको आरन बनेर फलामलाई पनि गाल्न सक्छौ
अथवा
युद्धको अग्न्यास्त्र बनेर दानवहरूलाई सखाप पार्न सक्छौ
तर पनि आफू आफैमा गलिरहेछौ
बत्ती तिमी धिपी, धिपी वलिरहेछौ
केवल धिपी, धिपी वलिरहेछौ ।

रामापुर, रुपन्देही

– कथा –

मुवा हजुर

□ सुधा बस्नेत

'मुवा हजुर !'

डाक्टर रघुविरको आँखामा आँसु टलपलाउँछ । मुटु निमोठिएर आउँछ । स्टेथिस्कोप हातबाट छुट्छ ।

डाक्टरको अवस्था देखेर सिस्टर सुभद्रा छक्क पर्छिन् - 'डाक्टर साव के भयो ?'

आफूलाई सम्हाल्ने भरसक प्रयास गर्दै ऊ पेसेन्ट चार्ट हेर्न थाल्छ । चार्ट हेर्दाहेर्दै उसको आँखा फेरि रसाउँछ । मुटुमा भक्कानो फुटेर आउँछ । आफू डाक्टर हुँ र यो अस्पताल हो भन्ने कुरा पनि उसले विर्सन्छ । ऊ थचक्क त्यहीँ वेडमा बसेर बूढीको हात मुसार्न थाल्छ श्रद्धापूर्वक । त्यो हातको स्पर्शले उसका हरेक अङ्गमा ममताको तरङ्ग दौड्न थाल्छ । बूढी अनुहार हेर्दाहेर्दै रघुविरलाई अतीतको झझल्को लाग्छ । उसको मन आजभन्दा पच्चिस छब्बिस वर्ष अगाडि पुग्छ ।

नौ वर्षकको केटो रघुविर थरथर काम्दै अधवैंसे महिलाको अगाडि उभिइरहेको हुन्छ । उनी हातमा लट्ठी लिएर कराउँछिन् - 'ए रघे, तँ मोरालाई मैले पढ भन्या हैन ? तेरो गुच्चा खेल्ने हातसात भाँच्न सकिन भने त के र ! पढेर ठूलो मान्छे बन्ला भन्या त यो मोरोलाई खेल्दैमा ठिक छ । गु को किरो गु मा नै रमाउँछ भन्या यै रै' छ । अब नपढ त, तँ मोरोको के गति गर्छु । अब गुच्चा खेल्छस् नपढी ?'

'माफ पाउँ मुवा हजुर !' - अनायासै डाक्टर रघुविरको मुखबाट निस्कन्छ ।

'डाक्टर साव, कोसँग माफ माग्नु भा' को ?' - सुभद्राले घचघच्याउँछिन् ।

'ए !' - रघुविर यथार्थमा आउँछ । फेरि एकपटक बूढीको हात मुसार्दै भन्छ रघुविर - 'साँच्चै माफ पाउँ मुवा हजुर, हजुरको यस्तो अवस्था हुन्जेलसम्म पनि मैले क्यै गर्न पाइन ।'

सिस्टर सुभद्रा जिल्ल परेर हेरिरहन्छिन् । रघुविर सम्हालिदै बूढीको छाती जाँच्न थाल्छ । बूढीको मुटुको चाल उसले आफ्नो छातीमा अनुभूत गर्छ । त्यो छातीमा अझै पनि आफ्नै माया सलवलाइरहेको छ जस्तो लाग्छ । मुटुको चाल सुन्दासुन्दै ऊ फेरि विह्वल हुन्छ । विस्तारै उनको छाती मुसार्न थाल्छ ऊ । उसको मन फेरि बचपनमा पुग्छ ।

'ए कान्ति, काम न धामसँग किन पिटेको रघेलाई ? यसले के विरायो मलाई आएर भन बरू म यस्को हात खुट्टा भाँचेर राखिदिन्छु ।'

'किन, हाम्ले छुन पनि हुन्न यस्लाई ?' - कान्तिको क्रोधित स्वर ।

'तिम्ले ठ्याम्म-ठ्याम्म हान्दा मेरो मुटु त च्वास् च्वास् गऱ्यो । अझ छोको मात्र रे । हेर है यस्लाई पिट्नु र मलाई पिट्नु बराबर सम्झ तिमीहरूले ।'

'हजुरको यै मायाले गर्दा नै यस्ले हाम्रो टाउकोमा टेकिसक्यो' कान्तिको जवाफ ।

'मसँग पनि मुखमुखै लाग्ने भै सक्यौ हैन ? ऐलेसम्म त आफ्नै सम्पत्ति खा' छु है । तिमीहरूले खान दिनु परे वचन लाउनु ।' मुवा हजुरको क्रोधित स्वर ।

'लौ, अब देखि टाउकैमा उफ्रे पनि क्यै भन्दिन ।' कान्तिको फतफताइ ।

कान्ति गएपछि मुवा हजुरको चडकन रघुविरको गालामा बज्रन्छ ।

'तँल्लाई मोरो, जति माया गरेपनि नहुने हैन ? कति ढाक छोप गर्नु मैले । तँ, मोरोले गरेर मलाई पनि हेप्न थालिसके यो घरमा । 'ल भन् ऐले के गरिस् ?'

'मैले क्यै गऱ्या छैन मुवा हजुर । मलाई माफ बक्स्योस् । बाबु आफै पढ्न मानिसेन मैले पढाइन रे भनेर दुलसाव कराइसेको । मेरो पनि जाँच आइसक्यो आफैले पढ्न पा' छैन । त्यसमाथि घनश्याम काजी, दुलसाव मलाई काम मात्रै अह्राइरैसिन्छ ।'

'के तिनीहरूको बाँधा कमारो होस् र तँ ? भरेदेखि तेरो जाँच नसक्किउन्जेल क्यै गर्नु पर्दैन । ल पढ्न जा, कसैले क्यै भने मलाई भन् । यसपाली राम्रो नम्बर ल्याएर पास भैनस् भने

हली बनाएर राख्छु हेर न ! अनि जालास् स्कूल !'

घरमा यै कुराले तीनदिनसम्म रडाको मच्चिएको थियो । आखिर मुवा हजुरकै जीत भयो । रघुविरले पढ्न पायो निर्धक्कसँग ।

डाक्टर साव चेकअप सकियो ? - सुभद्राको प्रश्नले रघुविर झस्कन्छ । औषधिहरू लेखिदिएर रघुविर आफ्नो कोठामा जान्छ ।

कोठामा ढोका थुनेर रघुविर रुन खोज्छ तर अगि बग्न तत्पर आँसु अहिले जमिदिन्छ । बूढीका हरेक अङ्गबाट ममत्वको राप निस्केर त्यसबेला रघुविर पग्लेको थियो । अब ऊ यथार्थमा आइसकेको थियो । उसले अब एउटा रोगीको उपचार गर्नु थियो जो उसको आफन्त थियो । उसलाई डाक्टर बनाउने व्यक्ति थियो । अहिले भावनामा बग्ने बेला थिएन त्यसैले दृढ मन लिएर उसले सिनियर डाक्टरको नम्बर डायल गऱ्यो टेलिफोनमा । धेरै डाक्टरहरूको परामर्श लिएर उसले एउटा निश्चिय गऱ्यो ।

डाक्टर रघुविर अब अप्रेसन गर्नमा व्यस्त थियो । उसको अगाडि बूढीको मुटु उदाङ्ग थियो । मुटुमा व्याट्रि राख्ने काम हुँदै थियो । अप्रेशन गर्दा रघुविर भावना रहित मस्तिष्क चाहन्थ्यो । तर भावना ज्वारभाटा बन्दै थियो । औजार चलाउन निपुण हात काम्न खोज्दै थियो । तर ऊ सम्हालिदै औजार चलाइरहेको थियो । 'यो अप्रेशन सफल हुनै पर्छ नत्र म डाक्टर बनेको केही काम लाग्ने छैन ।' मनले यो निश्चय गरेर ऊ अप्रेशनमा तल्लीन भयो ।

पोष्ट अपरेटिभ वार्डमा आज सबै ब्युँझै थिए । मौका पऱ्यो कि निदाउने नर्सहरू जाग्राम बस्नुपरेको थियो । किनकि आज अस्पतालको सिनियर डाक्टर रघुविर मुवा हजुरलाई कुरेर बसेको थियो । ऊ मुवाहजुरको खुट्टा मुसारिरहेको थियो । उनको सेप्रिएको पिडौंला देखेर रघुविर फेरि अतीतमा पुग्छ ।

'अलि बल गरेर मिच्न !'

'हजुरको पिडौंला यस्तो मोटो छ जति बल गरे पनि हुँदैन ।'- सात वर्षे रघुविर भन्छ ।

'हो .....नसक्ने मान्छे किन अघि सऱ्या थिस् त ? मैले सक्दैनस् भन्या हैन ! छाड् म आफै लाउँछु मालिस ।'

'किन मालिस लाउने मुवा हजुर सधैं ?'

'बाथ भन्ने रोग छ क्या मलाई । यो सधैं लाउनु पर्छ अनि निको हुन्छ ।'

'म ठूलो भएपछि हजुरलाई सधैं मालिस लाइदिन्छु है !'

'लाउँछस् ठूलो भएपछि । मुवाहजुर भन्या को ? मैलें त चिनेको छैन भन्लास् ।' - उनको फतफताइ ।

'मुवाहजुर, हजुरलाई म कहिल्यै विर्सन सकुँला ?' डाक्टर रघुविर लामो सास लिएर भुतभुताउँछ । बूढीकै पलङ्गमा शिर राखेर एकछिन सुस्ताइदिन्छ । तर उसको आँखामा निन्द्रा थिएन । उसको आँखामा त अतीत तँछाड-मछाड गरेर आउन खेज्दै थियो । ऊ आफ्नो अतीतलाई क्रमबद्ध मिलाएर आँखामा ल्याउँछ ।

ऊ तीनवर्षको हुँदा आमा कालजरोले मरेकी रे भनेर उसले पछि थाहा पाएको थियो । बाउले वर्षै दिन नपुगी अर्की बिहे गऱ्यो । 'सौतेनी आमा' आफ्नो रूप देखाउन पछि परिन् । आमा सौतेनी भएपछि बाउ पनि सौतेनीसरह नै भयो । बिजोक भयो त्यो बालकको ।

एकदिन कजिनी (मुवा हजुर) पल्लागाउँमा सप्ताहामा गएर आउँदै थिइन् । बाटोमा रघुविरको घर पर्थ्यो । त्यहीं पिढीमा एकछिन सुस्ताइन् । त्यहाँ एकैछिन बस्दा उनको मनमा हाहाकार मच्चियो । रघुविरको बिजोक उनले देख्नै सकिनन् । जाडो महिना आधानाङ्गो शरीर, भोकले सेप्रिएको पेट । सौतेनी आमाको छोरा (भाइ) ले खाएको टुलटुल हेरिरहेको थियो । भित्रबाट आमा चाहिँ झम्टेर आई र रघुविरलाई घिसारेर लगी बारीमा पछारी फतफताउँदै - 'मोरो काँ को राउ रै' छ मेरो । जत्ति घिचाए पनि नपुग्ने । यो मोरोले गरेर भाइलाई चोखे लागिसक्यो । आफ्नो भाग घिचेर मोरो पछि त उता जानुपर्छ नि !'

कजिनीले सहिनसक्नु भएर सम्झाइन् भनेर उनले भनेकी थिई -'हेर्नुस् न कजिनी दुलैसाब आफ्नो भाग कपाकप घिचेर सधैं भाइको भाग हेरिरहन्छ । घिचास मोरो ! खानै न'द्या हो र ! दुइटालाई बराबर दे'को । थोरैले पुग्छ र मोरोलाई । अब मेरो मासु खाएपछि मात्र टन्न हुन्छ ।'

'त्यसो नभन न साइँली ! यत्रो सानो बालकलाई के था', पेट भरिएन होला नि त ! यो टुहुरो पनि त तिम्रै पोइको सन्तान हो नि ! माया पाए बाघ त रत्तिन्छ भन्छन् ।'

'भो-भो धेरै शिक्षा नदिनुस् । यो मोरोले आफ्नो आमा त टोक्यो अब मलाई पनि खान्छ अनि बल्ल यसलाई आनन्द हुन्छ ।'

साइँलीको त्यस्तो रूप, रघुविरको त्यस्तो अवस्थाले कजिनीलाई छटपटि हुन्छ । आखिर मनले नमानेर साइँलोलाई सम्झाइबुझाई रघुविरलाई कजिनीले पाल्न ल्याउँछिन् । पुर्ख्यौली सम्पत्ति नै प्रशस्त थिए कजिनीकाँ' । त्यसमाथि एक्ली आइमाई, बूढा परलोक गएको धेरै वर्ष भैसकेको थियो । एउटी छोरी थिई ऊ पनि सुत्केरी हुन नसकेर मरी, बच्चा पेटमै गैसकेको रै' छ । त्यसैले दुःख भुलाउन उनी धर्मकर्ममा बढी लाग्थिन् । जेठाजुका छोराबुहारीले सम्पत्ति खान पाउँला भनेर स्याहारेका थिए ।

रघुविरको भाग्य खुल्यो कजिनीको काख पाएर । रघुविर आएदेखि कजिनीको ध्यान धर्मकर्ममा भन्दा बढी उसैमा थियो । 'आफ्नोलाई पर अरूलाई वर' भनेर कान्ति घोचपेच हानिरहन्थिन् । त्यसबेला कजिनी भन्थिन् - 'यो टुहुरोले अहिलेसम्म कसैको माया पाएको छैन विचरा । हेर, देखेदेखि सबै आफ्नो नदेखे आफ्नो ज्यान त आफ्नो छैन ।'

रघुविर कजिनीको मायाको छत्रछायाँमा हुर्कंदै थियो । कजिनीको मायाको हरेक छाप उसको मुटुमा अङ्कित भयो । हुन त पढाइको कुरामा उसले पिटाइ पनि निकै खाएको थियो मुवा हजुरको हातको । उसलाई ती पिटाइ गाली सबै प्रसादजस्तो लाग्थ्यो ।

एस.एल.सी.फस्ट डिभिजनमा पास गऱ्यो रघुविरले । कजिनीको फुर-फुर नै बेग्लै थियो । गाउँका पढेलेखेकासँग कहाँ पढाउने भनेर सल्लाह गर्दै हिंड्थिन् । गाउँमा क्याम्पस थिएन । क्याम्पस पढ्न सरह नै पुग्नुपऱ्यो । क्याम्पस भर्ना गर्ने जिम्मा त्यहींको एउटा मास्टरले थियो । पैसा कजिनीले खन्याइन् ।

पढ्न खूब मेहनत गर्थ्यो रघुविर, आखिर उसले डाक्टर पढ्ने छात्रवृत्ति पायो । बेलायतजस्तो ठाउँमा डाक्टरी पढ्न पाउनु उसको ठूलो भाग्य थियो ।

जाने बेलामा कजिनी साह्रै रोएकी थिइन् । त्यसबेला रघुविरले भनेको थियो- 'मुवा हजुर, हजुर यसरी रोइसिन्छ भने म जान्न पढ्नसढ्न ।'

मायाले गालामा प्याट्ट हिर्काउँदै रुन्चे स्वरमा भनेकी थिइन् उनले - 'सानोको लट्ठी बिर्सिस् ? अझै पनि म हिर्काउन सक्छु बुझिस् ? पढ्दिनँ त भन्, अब म के गर्छु ?'

कजिनीको मायामा निहाल भएर रघुविर कजिनीको काखमा मुन्टो राखेर निकै बेर रोएको थियो । 'यत्रो ठूलो भैसक्यो अझै बच्चैजस्तो छ । उठ, अब नरो धेरै । जाने बेलामा रुनु हुन्न क्या !' - भन्दै उनी आफै रोएकी थिइन् ।

'अनि हजुर त हो नि, मलाई रुवाउने ! आफूचाहिँ ....' योभन्दा बढी बोल्नै सकेन रघुविर । मुटुबाटै भक्कानु छुट्यो ।

रघुविर अहिले पनि रोइरहेकै थियो बूढीको खुट्टा समातेर । नर्सहरू छक्क परेर अगाडि उभिइरहेका थिए । हुन त अस्पतालभरि नै सबैले थाहा पाइसकेका थिए डाक्टर-उसको सम्बन्धबारे । रघुविरले लाज नमानी निर्धक्कसँग भनेको थियो - 'मलाई डाक्टर बनाउने नै उहाँ हो । संसारमा मेरो जे भने पनि उहाँ नै हो ।'

बूढी होसमा हुँदा रघुविर अगाडि परेकै थिएन । उसलाई डर थियो, एक्कासि रघुविरलाई अगाडि देख्दा कतै केही अनर्थ त हुने हैन ? त्यसैले नर्सहरूद्वारा उसले आफूसँग सम्बन्धित कुरा गर्न लगाइरहेको थियो ।

अब उसलाई मुवा हजुरलाई घर लग्ने विषयमा पीर पऱ्यो । उसकी पत्नी पनि डाक्टर नै थिइन् । उनीहरूको एउटै अस्पतालमा काम गर्दागर्दै विवाह भएको थियो । अहिले त दुइटी छोरी पनि भैसकेका थिए । 'कतै उषा (उसकी पत्नी) ले मुवा हजुरलाई घरमा राख्न नमान्ने हो कि ? मैले दुईजनामा एकलाई छान्नुपरे के गर्ने ?' यस्तैयस्ता सोचाइले उसको मन ठीक थिएन । एकदिन डराइडराई उसले भन्यो - 'उषा ! यदि तिमीलाई कुनै आपत्ति छैन भने .....' बोल्न हिचकिचायो ऊ ।

'के कुरामा मलाई आपत्ति हुने ?'– हात समाउँदै भन्छिन् उषा ।

'म ....म ..... मुवा हजुरलाई आफैंसँग राख्न चाहन्छु ।'– दयनीय आँखाले हेर्छ ऊ ।

'यो के भन्नुभएको तपाईंले ?' – उषा अचम्भित हुन्छिन् ।

'उषा !' – रघुविर डराउँछ ।

'छिः तपाईं त कस्तो लाछी ! मेरो स्वीकृति चाहिन्छ यस्तो कुरामा ? तपाईंले उहाँलाई वास्ता नगर्नुभएको भए वरु

मलाई नराम्रो लाग्थ्यो होला । किनकि उहाँ त हाम्रो लागि देवताभन्दा पनि माथि हुनुहुन्छ । तपाईंको यो उपाधि उहाँकै देन हो । एक त म सधैं एउटा बुजुक चाहन्थें यो घरमा जसको रेखदेखमा मेरा बच्चाहरू हुर्किऊन् । मैले त तपाईंको आमालाइ नै ल्याएर राख्ने विचार गरेको थिएँ, तर तपाईंले मान्नु भएन । तिमी मिलेर बस्न सक्दिनौ त्यस्ता स्वार्थीसँग भन्नुभयो ।'

'थ्याङ्क्यू उषा ! मेरो ठूलो समस्या समाधान भयो । मलाई डर थियो, कतै म कर्तव्यबाट विमुख त हुनु पर्दैन भन्ने । उहाँको यो उमेर भैसक्यो, अब बाँचुन्जेल उहाँलाई सुख-शान्तिसँग राख्न पाएँ भने मैले उहाँको मायाको एक अंश ऋण चुक्ता गर्न सक्छु कि ? अब मुवा हजुरसँग तिमी मिलेर बस्यौ भने तिमीले मलाई ठूलो गुन लागाउँछयौ ।'

'धत्, आफन्तमा पनि कैं' गुन हुन्छ ! गुन त मुवा हजुरले पो लगाइसे'को छ, तिनैं नसक्ने ।' - रघुविरको आँसु हत्केलामा समेट्न थाल्छिन् उषा ।

'आफन्तकै कुरा गर्ने हो भने उषा ! मुवा हजुरजस्तो मेरो आफ्नो यो संसारमै क्वै' हुन सक्दैन । शरीर र रगतको नाता मात्र आफ्नो हैन रहेछ उषा ! सबैभन्दा पवित्र नाता भावनाको नाता रै'छ ।'

अब मुवा हजुर पूर्ण स्वास्थ भैसकेकी थिइन् । घर जाने दिनमा रघुविर पत्नीसहित अस्पताल पुग्छ ।

'मुवा हजुर !' – ढोकामा रघुविरको स्वर सुनेर बूढी क्यै' बोल्नै सक्दिनन् । ओठ नीलो हुँदै जान्छ । आँखा वर्सन खोज्छ । रघुविर दौडेर उनको नाडी समाउन पुग्छ । डाक्टर उषा स्टेथिस्कोपले छाती जाँच्न थाल्छिन् । मुटुको चाल सही थियो ।

निकै बेरपछि उनको रोगन फेरिंदै आउँछ । तैपनि सुस्त देखिन्छिन् उनी । रघुविरसँग बोल्न खोज्दै थिइन् । बोल्न नदिएर रघुविरले उनलाई निद्रा पर्ने इन्जेक्सन दिन लगायो । उनको त्यस्तो अवस्था देखेर ऊ आफैं पनि विह्वल भयो ।

व्यूँझेपछि अलि सामान्य भैसकेकी थिइन् उनी । रुँदै आफ्नो व्यथा सुनाउँदै थिइन् रघुविरलाई । त्यो व्यथाको पीडा रघुविर आफ्नो मुटुमा अनुभूत गर्दै थियो ।

खेती गर्न गाह्रो भो, गाउँको जग्गा एकमुष्ट बेच्ने भन्यो रघुविरले । कान्तिले चारधाम गराइदिन्छु भनी । म लाटी सोझीले कान्तिको चाप्लुसीलाई बुझ्नै सकिनँ । सहर आएर दुई-चार दिन यहीं बस्नू मुवा ! पशुपतिको दर्शन पनि सधैं गर्न पाइन्छ भनेर मलाई त वृद्धाश्रममा छोड्यो । म मोरीलाई पनि होला त, मजस्तै अरू पनि बूढापाका रै'छन् भनेर दङ्ग परें । पछि पो त्यहाँका कामदारले भनेका 'बूढीको क्वै' छैन, हामी गाउँलेले बिजोक देख्न नसकेर ल्याइदया' भनेर कागज मिलाएर राख्दया रे ! दशवर्ष भो त्याँ' बसेको, अहिलेसम्म घनश्यामले मुख देखाउन आ' छैन ।

'म बेलायतबाट आएर गाउँ गा'थें । घनश्याम काजीले मुवाको स्वर्गवास भैसक्यो भनेर गाउँमा भनिस्या' रै' छ । हजुरलाई सहरमा ल्याएर राखुँला भनेर लिन गा'को । म त्यो बेलाँ रुँदै फर्केको थिएँ । सम्पत्तिको मोहले कति नीच तुल्याउँदो रै'छ मान्छेलाई !'

'आ-आफ्नो भाग्य हो । आफ्नो त पुर्पुरोमै यस्तो दुर्गति हुन लेख्या' रै'छ । बरु मलाई मर्नै दया भए हुन्थ्यो । मुटुको व्यथाले च्यापेर म मर्नै लागेको थिएँ । मेरो बिजोक देख्न नसकेर खै, कुन हो दातृसंस्थाले यहाँ ल्याइदे'का । बरु त्यहीं मर्न दया भे' अरू दुःख त भोग्नु पर्दैनथ्यो ।'

'अब हजुरले दुख भोग्नु पर्दैन मुवा हजुर ! पहिला पो मलाई थाहा थे'न । अब त म छु नि हजुरको ।'

'अगुल्टोले पोल्या' कुकुर बिजुलीदेखि तर्सन्छ रे भन्छन् । झन् तिमी त डाक्टर भैसक्यौ, तिम्रो इज्जत नै बेग्लै छ । मजस्तो थाङ्ने बूढीलाई स्याहार्दा तिम्रो मान घट्दैन ? पछि नराम्रो हुनुभन्दा बरु मलाई त्यैं' आर्यघाटकै छेउमा मर्न देऊ ।'

'मुवा हजुर !' – प्रतिरोधात्मक स्वर निस्कन्छ रघुविरको । रुन्चे स्वरमा भन्छ – 'किन गाली गरिबक्सन्छ मुवा हजुर ! हजुरलाई त्यस्तो लाग्छ भने म अहिले नै, त्यै गाउँमा गएर हलीको छोरो भएर बस्छु । यस्तोउस्तो भन्नुभन्दा 'ए रघे मोरो ! तँलाई नपिटी कां' छोड्छु र ?' भनेर चडकन लाइस्योस् न बरु, म दङ्ग पर्छु । हजुरको पिटाइ खान नपाएर म...' बोल्न सक्दैन रघुविर ।

'अझै विर्स्या' छैनस् तैंले मेरो पिटाइ ? – मुवा हजुरको आँखा वर्सन्छ, अनि हात स्वतः रघुविरको गालामा जान्छ ।

'मैले त्यो दिन बिर्सें भने म आफैंलाई बिर्सन्छु मुवा हजुर !' – दुवैको आँखाले एकअर्कालाई साथ दिन्छन् । दुवैको काँध एकअर्काको माया बिसाउने चौतारो बनिदिन्छ ।

❖❖❖ - महाराजगन्ज, काठमाडौं

पतिको निम्ति चरित्र, सन्तानको निम्ति ममता, समाजको निम्ति शील, विश्वासको निम्ति दया र जीवनमा केवल करुणामयी प्रकृतिको नाम नै नारी हो - **रमण**

–यात्रा संस्मरण–

भित्र्याउनै सकिन सूर्योदयलाई कन्यामको शिरबाट

❑ हरि थापा

निकै दिन अगाडिदेखि आफूलाई बादलको घुम्टो भित्र लुकाउँदै आएको आकाशले आफ्नो घुम्टो उघारेको थियो । पौष महिनाको चिसोदिन भए तापनि घामको पूर्ण यौवनको कारण वातावरण न्यानो थियो । आकाशमा एकछिटा बादल थिएन । नीलगगन नाम भए तापनि कञ्चन देख्न सकिरहेको थिएन । कारण धूलो धूवाँ अथवा भनौं दुषित वातावरणले जो कोहीको आँखाले कञ्चन नीलगगनसँग मितेरी गाँस्न सकिरहेका थिएनन् । हुनत अब काठमाडौंवासीका आँखाले नीलगगनसँग साइनु गाँस्न नगरकोट, शिवपुरी, फुलचोकी अथवा नागार्जुनको टुप्पो नसमाइ सुख छैन । जे होस् साउन, भदौमा आँखा फुटेको गोरुले सँधै हरियो देख्छ भने झैं आकाशबाट बादलका झुल्काहरूले बिदा लिए पछि काठमाडौंबासीले खुल्ला आकाशको महसुस गर्नैपर्छ र पौष महिनाको जाडोमा तातोको अनुभूति बटुल्ने पर्छ ।

२०५४ साल पौष २ गतेको दिन १:३० वजे गोंगबु बस बिसौनी पुग्नुपर्ने भनेर यात्रु टिकटमा लेखिएको भए तापनि १२:३० बजेतिर भैरवी (मेरी श्रीमती) र म त्यहाँ पुगिसकेका थियौं । आफ्नो सीट मिलाएर पोकापन्तरा यथास्थानमा राखें मैले । भैरवीले आफ्नो सीट ओगटी रहिन् । मेरा आँखा भने बस बिसौनीको छेउ कुना नियाल्न थाले जहाँ पत्रिका विक्रेताहरू भेटिउन् । अलि पर बस बिसौनीमा यात्रुहरूका सुविधाको लागि बनाइएका घामपानी ओत्ने छहारी मुनि फिंजाइएका पत्रपत्रिका माथि मेरा आँखा डुल्न थाले । म त्यतैतिर डोरिएँ । पत्रिकाका टुक्राटुक्रामा मेरा आँखा सिंगौरी खेल्दै गए । आफ्नो इच्छा अनुसारका तीनचारवटा पत्रिका बटुलेर आफूलाई गन्तव्यमा पुऱ्याउने बसतिर लागें ।

उता बसको सीटमा बसिरहेकी भैरवी अर्कै संसारमा डुबुल्की मारिरहेकी थिइन् । शायद सोच्दै होलिन्, कस्तो होला इलाम अनि फिदिम । जहाँ आफ्नो खसमले जीवनको कलकलाउँदो आठ नौवर्ष लामो उमेर बिताएका थिए, यस्तै यस्तै... ।

हुन पनि बाइस/तेइस वर्षदेखिको उनको इलाम हेर्ने इच्छा आज पूरा हुन गइरहेको थियो । आफ्नो ठूलो इच्छा पूरा हुन गइरहँदा जो कोहीलाई आनन्दको अनुभूति हुनु स्वभाविकै हो । त्यस्तै उनलाई पनि उनको लामो समयदेखिको इच्छा पूरा गरिदिनेतिर लाग्न पाएकोमा ममा पनि सुखको अनुभूति भइरहेको थियो एकातिर भने अर्कातिर अठार/वीस वर्ष अगाडि आफूले छाडेको ठाउँ पुन: भ्रमण गर्नपाउँदा अर्कै आनन्द पाइरहेको थिएँ । पुरानो ठाउँको विकास, पुराना मित्रहरूसँगको मित्रताको नवीकरण गर्न पाउने मेरा इच्छा आकाङ्क्षाहरूले सगरमाथा आरोहण गरिरहेका थिए ।

म आफ्नो कल्पनामा मस्त थिएँ भने यता वसमा सीटका लागि हल्लाखल्ला भइरहेको थियो । मानौं वाँसको झ्याङ्गमा वेलुका वास वस्ने बेलामा सारौं कराए जस्तै । त्यो वस त्यसै दिनदेखि मात्र चलाइएको रहेछ । नयाँबसको अगाडि लेखिएको थियो, 'हिरो नम्बर वन भिडियो कोच काठमाडौं इलाम' आदि आदि । तर 'भिडियो कोच' नाम मात्र । भिडियो कोच्ने ठाउँमा ड्राइभर कण्डक्टरको ओड्ने ओछ्याउने कोचिएको थियो । यात्रुहरू सीटका लागि कराउनु पनि स्वभाविकै थियो । टिकटमा लेखिदिएको सीट नम्बर अनुसार बस्न पाइरहेका थिएनन् । 'ए' तर्फ क्याविन पछि सीट नम्बर शुरु हुनुपर्ने टिकट अनुसार तर त्यो नभएर क्याविनदेखि नै सीट नम्बर लेखिएकाले यात्रुहरूमा दुविधा उत्पन्न हुनु स्वभाविकै थियो । जे होस् कण्डक्टरले समस्याको समाधान गरिदिए ।

समय दिनको २:१० भएको थियो । हाम्रो बसले आफ्नो यात्रा शुरु गऱ्यो । मेरो मन बससँगै दगुरिरहेको थियो । मेरो मात्र नभनुँ शायद सबै यात्रुहरूको । मानिस प्रतीक्षाको दास हो । यात्राको अठोट गरें । त्यसै बेलादेखि यात्रा शुरु हुने दिनको प्रतीक्षामा बसें । दिन आइ पुग्यो बस बिसौनीतर्फ प्रस्थान गर्ने प्रतीक्षामा बसें । बस बिसौनी पुगियो । फेरि बसले आफ्नो यात्रा कति बेला शुरु गर्ला ? त्यही प्रतीक्षामा बसें र जति बेला वसले आफ्नो यात्रा शुरु गऱ्यो त्यसै बेलादेखि प्रत्येक स्थानमा कति बेला पुग्नेको प्रतीक्षाले मलाई गाँजि रह्यो । जिन्दगी नै प्रतीक्षा हो । प्रतीक्षा प्रतीक्षामा समाप्त हुन्छ एक दिन जिन्दगी । त्यसैले प्रतीक्षा गर्न गाह्रो मानेर पनि के नै गर्नु र ?

दिउँसो अपरान्ह २:१० जाँदा शुरु भएको हाम्रो वस यात्रा बालाजु चोक, स्वयम्भू, कलंकी र थानकोट हुँदै काठमाडौं उपत्यकाबाट बाहिरियो । थानकोटमा पुगेर बसले आफूलाई केही समय बिसायो । बसको ढोका खुल्न नपाउँदै बदाम, चना, भटमास र मिनरल वाटर बोकेका बालबालिकाहरू एक पछि अर्को तँछाड

मछाड गर्दै आफ्नो व्यापारमा प्रतिस्पर्धा गर्नथाले । यात्रुहरूले आफ्नो रुचि अनुसारका खाद्य सामग्री खरिदे । मैले पनि भैरवीको रुचि अनुसार उनीहरूको व्यापारमा केही मद्दत गरिदिएँ । चना पाकेटको पाँचरुपैयाँ, केराउ पाकेटको पाँचरुपैयाँ यस्तै यस्तै । पीरोपीरो चना र केराउको गेड़ा पिंद्ने काममा हाम्रा दाँतहरू पनि व्यस्त रहन थाले । त्यहाँको आवश्यक काम पूरा गरेर कण्डक्टरले सिट्टी बजाए र ड्राइभरले गियर हाले ।

पीरो चनाको स्वादका साथै तीतो अनुभूति बटुल्न पुगें म । विधिको विडम्बना ! कलम समाउन पर्ने कलिला हातहरू आज चना, केराउ, उसिनेको फुल र बदामका पोका समाउन बाध्य छन् । किताब र कापी च्याप्ने बालक काखीहरूमा मिनरल वाटरका बोतल च्याप्न विवश छन् । बाह्रखरी र दुनोट भट्याउने दुधे ओंठहरू लौ आयो चना र केराउ र उसिनेको फुल । ल ल लिनोस्, लिनोस् जस्ता व्यापारिक वाक्य फलाक्न बाध्य गराएका छन् विहान बेलुकाको समस्याले । के बालश्रम ऐनले यिनीहरूको नियति बदल्ला त ? यसले बालश्रममा मात्र रोक लगाउँछ कि उनीहरूको समस्या पनि हल गरिदिन्छ ? यस्तै प्रश्नहरूको गर्भमा रुमलिरहन्छु म ।

जब बसले हामीलाई थानकोट कटायो तब बसका सीटमै पिङ खेल्न बाध्य हुन थाल्यौं । घरी म भैरवीसँग ठोक्किन पुग्थें त घरी भैरवी मसँग । यो बाध्यता हामीलाई मात्र थिएन । बसमा बसेका प्रत्येक यात्रुलाई थियो । दायाँबायाँ हल्लाउँदै नौबिसे कटायो बसले । नौबिसेबाट अलि तल झरेपछि एउटा चिया पसलमा गएर रोकियो बस । 'चिया नास्ता गर्नुस् है ! यस पछि रोक्दैन ।' भन्दै चालकदेखि खलासीसम्म सबै बसबाट ओर्लिए । यात्रुहरू साथै म पनि केही चारो हाल्ने सुरमा झरें बसबाट । भैरवी भने वाकवाक आउला जस्तो भइरहेछ । म त केही खान्न भन्दै थानकोटमा किनेको पीरो चना टोकेर बसिन् सीटैमा । खासै खानु पर्ने बेला त भएको थिएन । मुग्लिनतिर पुगेर खाजा र चन्द्रनिगाहपुरतिर पुगेर खाना खाँदा ठीकै हुन्थ्यो होला । तर चालकको हातमा आफ्नो जिन्दगी त सुम्पेर हिंडेका हामीलाई उसको आदेश नमान्ने कुरै थिएन ।

कुरा कहाँसम्म सत्य हो थाहा छैन तर सुनेको थिएँ बस चालकहरूको आ-आफ्नो विशेष ठाउँ हुन्छ - खाना खाने र चिया नास्ता खाने । जहाँबाट उनीहरूलाई स्टाफ खाना निःशुल्क मिल्छ र चाडपर्वमा बक्सिस पनि । जे होस् आफू एकजनाले भनेको ठाउँमा बस रोक्ने कुरा थिएन । जहाँ जहाँ बस रोकिन्छ त्यही समयानुसार चिया, खाजा वा खाना खानु यात्रुको बाध्यता हो । त्यसैले मैले पनि एकप्लेट खीर भित्र्याएँ र बस भित्र भित्रिएँ ।

बसले आफ्नो बाटो ततायो । तानिरहेछ हामीलाई आफ्नो रफ्तारमा । यात्रुहरू कोही गफमा मस्त छन् भने कोही निन्द्रामा मस्त । म भने बसले नियालेका प्रत्येक दृश्य भित्र्याइ रहेको थिएँ । दायाँ त्रिशुली खोला हामीलाई उच्छिन्न आफ्नै वेगमा कुदिरहेथ्यो । बायाँ कहाली लाग्दा पहरा हाम्रो बस र त्रिशुलीको प्रतिस्पर्धा हेरिरहेका थिए । कतै पहेंलपुर धानका बाला झुलेर देशै रमाइलो पारिरहेका थिए । लाग्थ्यो, यो धानबाली दोस्रो हो । असारमा रोपेको धान पाक्न पुष त अवश्य पनि लाग्ने थिएन । बाँदर लड्ने भीर माथि ठिङ्ग उभिएका घरहरूले हामीलाई हेरिरहेका थिए । ती घरहरू देख्दा हामीलाई नै कहाली लाग्दथ्यो ।

ठाउँ ठाउँमा देखिने केराघारी र सुन्तलाबारीले मनलाई मोहक बनाउनु त छँदै थियो । त्यसका साथै घुटुघुटु थुक ननिलाई छाडेनन् । 'आकाशको फल आँखा तरी मर' भने झैं भयो हामीलाई भने । यसरी एकपछि अर्कोदृश्य चखाउँदै साँझको छ बजेतिर पृथ्वी राजपथलाई छाडेर दक्षिणतिर छड्कियो हामी चढेको हिरो नम्बर वन । मुग्लिनवाट एक घण्टाको वेग मारेर सात बजे लगेर नारायणघाट स्थित एउटा खाना खाने होटलको अगाडि बिसायो हामीलाई वसले ।

त्यहाँ पनि खाना खानु बाध्यता नै थियो हामीलाई । सातै बजे खाना खाने बानी नपरेका हामीलाई त्यति सारो उत्सुकता भने थिएन । अन्त नरोक्ने भए पछि खाना त खानै पर्‍यो । त्यस माथि पनि त्यसै होटेलको एकजना मानिस आएर वसको ठीक ढोका वाहिर उभिएर कराइरहेको थियो- 'चाँडो खाना खानेस् । वस धेरै बेर रोक्दैन' मानौं वस नै उसले हाँकेर ल्याइरहेछ । उसका फैलिएका हातहरूले भेंडाबाखा छेकेको भान हुन्थ्यो । त्यो वसका यात्रु अरू होटलमा पसिदेलान् र उसलाई गाल पर्ला भनेझैं छेकेर यात्रुहरूलाई वाटो देखाइरहेको थियो ऊ । सबै यात्रुहरूलाई भित्र्याउन ऊ सफल भयो । हातमुख मुसारेर मेच तान्दै वसियो खानाको प्रतीक्षामा । खाना आएर टेबुलमाथि पसारियो, साथमा कुखुराको शिकार पनि । खण्डेथालमा फिंजारिएको खानाका परिकारलाई समेट्न थालें म । ए बा बा रे ! के समेटिसक्नु हुन्थ्यो । ननून मिलेको नकुनै स्वाद नै । पीरोको कुरै नगरौं । दालमा भने पीरो कम भएकाले त्यतै लागें म । शिकारतिर के हात गएथ्यो त्यो त आलै । नून, मसला र खोर्सानी मोलेर तताएर मात्र ल्याएको रहेछ । अब राम्रोसँग पकाएर खान आफ्नो घर पनि त होइन त्यो । कुखुराको काँचो

मासुवाट लाग्न सक्ने रोगलाई ननिम्त्याउनु नै उपयुक्त ठाने तापनि परीक्षणको रूपमा दुईचार टुक्रा भने भित्र्याउन पुगें म । जे होस् खानाको नाममा मनग्य पैसा तिरेर बसतिर लाग्यौं हामी ।

सबै यात्रु समेटेर रातको निस्तब्धतालाई चिर्दै बस पूर्वतिर हानियो । नारायणघाटबाट छुटेको करीब डेढघण्टा पछि हेटौंडा पुग्यो । त्यहाँ केहीबेर रोकियो र एकजना जगडा चालक लिएर बस अघि बढ्यो । हेटौंडाबाट पुनः दक्षिण लागेपछि घुम्ती, उकाली ओराली पार गर्दै जानुपर्थ्यो । बसको झ्यालबाट देखिने पूर्ण चन्द्रमाको दृश्य अलौकिक लाग्यो मलाई । फुत्तफुत्त रुखहरूको छेको पर्दै लुकामारी खेलेको चन्द्रमाको दृश्यसँगै म आफूलाई हराइरहेथें । समय समयमा जंगली जनावरहरूले बसको बत्तिको उज्यालोमा रमाइरमाइ बुद्रुकबुद्रुक उफ्रँदै बाटो काटेको मोहक दृश्य कसलाई मन नपर्ला ? जब बसले पथलैयाबाट आफूलाई पूर्व मोड्यो तब जगडाको रूपमा हेटौंडाबाट चढेका चालक टि.भि. राख्ने ठाउँबाट ओढ्ने ओछ्याउने झिकेर बस चालकको बाँयातर्फ इन्जिन छोपेको कवर माथि ओछ्यान लगाएर सुते । एकातिर सुत्ने समय भएको र अर्कोतिर बसको आरामदायी यात्राका कारण होला, बसका यात्रुहरू सबै मस्त निद्रामा झुलिरहेका थिए । यस्तै भैरवी र म पनि ।

बस भित्रको हल्ला खल्लाले निद्रा भगाइ दियो । यसो आँखा खोलेर हेरें । अन्धकारमय वातावरण । रातको साँढे एघार बजिरहेको छ । बाटामा मानिसहरू स्टोभमा चिया पकाएर बेचिरहेका थिए । कोही बसभित्र नै दुई/चारवटा ग्लास र चियाको केटली बोकेर-'तातोतातो चिया खानोस्' भन्दै कराइरहेका थिए । बसबाट उत्रिएर मैले पनि तातोचियाको चुस्कीसँगै जाडोलाई बिदाइ गर्ने प्रयत्न गरें । पाँचरुपैयाँ ग्लासको चिया सुर्क्याएँ मैले पनि । कोही ढल्केवरको गोल्भेंडा र काउली किनेर बसको डिक्की भरिरहेका थिए । सस्तोसस्तो गोल्भेंडा किलोको पाँचरुपैयाँ मात्र, त्यस्तै काउली पनि । काठमाडौं फर्कंदा परेको भए हामी पनि एक टोकरी बसको डिक्कीमा घुर्सान पछि पर्ने थिएनौं तर हाम्रो यात्राले त्यो अवसर दिएन ।

हिरो नम्बर वनले रातको सन्नाटा चिर्दै आफूलाई पुनः पूर्वको यात्रामा निरन्तरता दिन थाल्यो । केहीबेरको दौडाइ पश्चात् इटहरी चोकमा पुगेर तातोचिया पिलायो हामीलाई फेरि । प्रभातीय सिरेटोले हामीलाई चुम्वन गर्नु नै चिया पसलेको व्यापार उक्साउनु थियो । एक पछि अर्को ग्लास थपिथपि पिइरहेका थिए यात्रुहरू । जुन चोकमा हामी चिया पिइरहेका थियौं, त्यहाँबाट उत्तर लागे धरान भेट्न सकिन्थ्यो भने दक्षिण लागे विराटनगर, तर हामीलाई जानु थियो पूर्व । हाम्रो हिरो त्यतै हानियो । उपाले मुल्कान नछर्दै झापाजिल्लाको दमक नगरपालिका, विर्तामोड हुँदै चारआली लगेर बिसायो पुनः हामीलाई हिरोले । नचाहँदा नचाहँदै महेन्द्र राजमार्ग छाडेर इलाम जाने बाटोको यात्रामा सहभागी हुनुपरेकोमा मन झसक्क झस्कन पुग्यो । रातभरिको यात्रा, पहाडको बाटो नझस्कियोस् पनि किन ?

महेन्द्र राजमार्गको लामो यत्रा पूरा गरेर चारआलीबाट उत्तर मेची राजमार्गतिर मोडियो बस । अथवा भनौं इलामलाई पच्छ्याइरहेछ बसले । चारआलीको चियाले नलोभ्याइ छाडेन बस चालकलाई, यस्तै यात्रुहरूलाई पनि । जाडोको साथी चिया नपिए गरुन पनि के र ? सुनसान अन्धकारमा धेरै समय यहाँ रोकिनु उचित थिएन । आफ्नो गन्तव्यमा पुग्नु नै थियो । यात्रुहरूलाई बिसाउन पुनः आफ्नो यात्रामा जुट्यो बस । अब यात्रा त्यति सजिलो थिएन । दोस्रो प्रहर, दोस्रो चालक, उकालो बाटो, त्यसमाथि घुम्तीहरू, मन्दगतिमा गइरह्यो बस । जति माथि बस चढ्थ्यो उति चन्द्रगढी र भद्रपुरको विद्युतीय चमकमा टाँसिन पुग्थे मेरा आँखाहरू । लाग्थ्यो आकाशका ताराहरू भसक्कै हाम फालेका छन् भद्रपुर र चन्द्रगढीमा । अझ भनौं भने फेवातालमा सौर्य मण्डलको प्रतिविम्व पाए जस्तो लाग्यो मलाई । केही बेरमै हराए ती स्वर्गीय दृश्यहरू मेरा आँखाबाट । त्यहाँ पुग्ने निकै प्रयास गरें तर बसले कोल्टे फेरिसकेछ । तराइको रङ्गमञ्चमा पर्दा खसिसकेछ ।

अँध्यारै भए पनि केही बेरमै बसले कन्यामा चिया बगानको छाति चिर्दै गरेको पाएँ मैले । जुन चिया बगानमा वृक्षारोपण २०२८ साल पौष महिनामा भएको थियो । त्यसको पाँचवर्ष पछि अर्थात् २०३३ सालदेखि उत्पादन दिन थालेको कन्यामा चिया बगानसँग साक्षात् हुने मेरो चाहनालाई कुण्ठित पारिदियो झिसमिसेले । बसको हेडलाइटको सहायताले भए पनि भ्याएसम्म भित्र्याएँ चिया बगानको दृश्य । एक सुइरो दुईपात टिप्ने साहिंलीवरीहरूलाई भने फर्कंदा भित्र्याउने अठोटलाई थाती राख्दै कुदें म बससँगै । तर कन्यामको चिया बगानको चियाको पातपातमा झुण्डिएर आत्महत्या गर्न तयार परेका शीतका थोपाथोपामा अल्झिएको बिहानीको सूर्योदयले छरेको रक्तिम लालिमासँग पिरती गाँस्ने मेरा इच्छा आकांक्षाहरू अधुरै रहे । कन्यामको चुचुरामा विजयको झण्डा गाड्ने सूर्योदयसँग साक्षात् हुने मौका त कता हो कता ?

- बुद्धनगर, काठमाडौं

समालोचना

पुष्पलता आचार्यको 'मनको घाउ'

❑ अच्युत घिमिरे

वि.सं. २०१५ मा लमजुङ, रम्घामा जन्मिएकी पुपप्लता आचार्य ५० को दशक यता स्थापित एउटी नारी साहित्यकारको नाम हो । वि.सं. २०१५ मा 'सागर सन्ध्या' (आधुनिक गीत संग्रह) प्रकाशित गरेपछि २०५५ पौषसम्ममा उनले ११ वटा कृति निकाली सकेकी छन् । यसरी खरायो दौडमा नेपाली साहित्यमा देखा परेकी आचार्यको लेखन विधामा कथा, कविता, गीत र नाटक पर्दछन् ।

नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाए तापनि मूलत: आचार्य गीति क्षेत्रमा शसक्त भएर देखा परेकी छिन् । देशभक्तिपूर्ण भावनाले ओतप्रोत आचार्यलाई नेपाली माटोको माया छ; नेपाली जाति, भाषा, संस्कृतिको माया छ, दोहोरी खेलेर उनी प्रेम र विरहका गीत गाउन चाहन्छिन्, विकृति र विसंगतिको धुवाँदार विरोध गर्छिन् - यस्तै अभिमत जाहेर भएका छन् उनका कृतिहरूमा । म यहाँ आचार्यका धेरै कृतिमध्ये एउटा कृति 'मनको घाउ' बारे केही लेख्न गइरहेको छु ।

पुष्पलता आचार्यको 'मनको घाउ' पढिसकेपछि मलाई लाग्यो कालीप्रसाद रिजाल, दिनेश अधिकारीजस्तै अब अर्को गीतकार जन्मिएछ – नेपाली साहित्य संसारमा जसका गीतहरू हृदयस्पर्शी हुन्छन्, कोमल हुन्छन् । आचार्यको 'मनको घाउ' भित्र जम्मा ८९ वटा गीतहरू संग्रहित छन् । यी गीतहरू भावात्मक र तीव्र अनुभूतिशील छन् । यस संग्रहका आधारमा नारी मनका कोमल भावनाहरू अभिव्यक्त गर्नु आचार्यको वैशिष्टय हो ।

भावपक्ष र कलापक्षको बेजोड संयोजन भएको 'मनको घाउ' निरस नभएर रसिलो छ र एकै वसाइमा पढी सकिनु यस कृतिको चमत्कारीपन हो । 'मनको घाउ'को मुख्य प्रवृत्ति निराशावादी दर्शन दिनु हो । यो सिंगो कृति भित्र कतै पनि हास-खेल, सौन्दर्यका कुराहरू छैनन्, नारी विद्रोह र आक्रमणहरू छैनन् । मात्र नेपाली नारीहरूका पीडा, व्यथा, विरह, छटपटी र कुण्ठाहरू अभिव्यक्त भएका छन् ।

साहित्यिक सर्जक समाजको ऐना हो । उसले आफूले देखेका, भोगेका कुराहरू कथा, गीत, गजलका रूपमा सृजना गर्छ । यस्तै अनुभवका आधारमा मुटु छुने किसिमका गीत सृजना गरेकी छिन् पुष्पलता आचार्यले । उनी आफ्ना गीतहरूमा कतै पलायनवादी बनेकी छन् भने कतै अस्तित्वको खोजीमा पनि छन् । समग्रमा संसार व्यर्थ, निस्सार र घाउ दुखाएर बाँच्नु पर्ने विवशता उनका गीतमा हुनु र यी समस्याहरू भनेको मूलत: नारीका हुन् भन्ने अभिष्ट उनको रहेको छ ।

आचार्यका गीतहरूमा सहज र सुकोमल साजसज्जा हुनुको साथै सरल र आकर्षक प्रस्तुति पाइन्छ । साथै कम प्रतिकात्मक विम्वात्मक र बढी अभिधात्मकता उनका गीतमा पाइन्छन् । सपनाका महल सजाएर सानो स्वर्गमा रमाइरहेका नारीहरू जीवनमा डढेलो लाग्दा अचानक क्षत विक्षत बन्न पुग्छन् उनका गीतहरूमा ।

पूर्णिमाको जून हैन औंसी बन्यौ तिमी
एकै छिनको भनाभनले विछोडियौं हामी
(पूर्णिमाकी जून ... पृष्ठ १)

कति दु:ख झेली आएँ तिम्रो लागि मैले
मेरो कमजोर मुटु भित्र लात्ती हान्यौ अहिले
(कति दु:ख..... पृष्ठ ४)

नेपाली नारीहरू सोझासाझा र चोखा हृदय भएका हुन्छन् । विश्वास गर्नु उनीहरूको धर्म हो । त्यसैले सामान्य प्रलोभनमा उनीहरू पुरुषहरूको चक्करमा पर्छन् । स्वर्णिम भविष्यको कल्पना गर्दै प्रेमीसँग जीवनभर रमाइलोसँग बाँचिरहने सपना देख्छन्, कहिल्यै नछुट्टिने वाचा गर्छन् र युवकहरू पनि यसरी नै आफ्नी प्रेमिकालाई आश्वासनका गुच्छाहरू दिन्छन् । अन्त्यमा नारीलाई भोगी सकेपछि, उसको अस्मिता र इज्जत लुटी सकेपछि वेवारिसे अवस्थामा छोडी दिन्छन् । यसपछि वाध्य भएर आफ्ना खुशीहरू हराएको पीडामा रुन्छन्, कराउँछन्, छटपटिन्छन् र पलायनताको बोटोतिर लाग्छन् नारीहरू । यस्तै अभिमत व्यक्त गरेकी छिन् पुष्पलता आचार्यले आफ्ना गीत माध्यमवाट ।

बाचाहरू सबै छुटे बन्धन पनि छुट्यो
माया-मोह दैव संयोग भाग्यले नै लुट्यो
(बाचाहरू ....पृष्ठ १२)

कोही छैन आउला भन्ने कसको बाटो हेरौं
कही छैन आफ्नो भन्ने कसको कुरा गरौं ?
(कोही छैन ....पृष्ठ २३)

सपनाका सुन्दर महलहरूको मृगतृष्णामा खुशीहरू साटेर रमाइरहेको बेला अचानक प्रेमीलाई भाग्यले चुँडेर लगेपछि नारीले बाँच्नु पर्ने विवशता वैश फक्रँदै जाँदा पनि आफूलाई मन पराउने पुरुष साथी नआएर विरक्तिनु पर्ने मन र सपनामा कुनै युवकसँग स्वर्णिम क्षणमा रमाएको अनि उज्यालो हुनासाथ ती सबै मनोकांक्षा हावाको महल हुनु पर्ने वाध्यता - यस्तै परिस्थितिमा मन बाँधेर बाँच्नु परेको छ नेपाली चेलीहरूले । आचार्य गीतहरूको माध्यमवाट खुशीहरू हुँदाहुँदै पनि टाक्सिएर बाँचिरहेका नारीहृदयका अन्तर्व्यथाहरूलाई सहज र स्वाभाविक रूपमा प्रस्तुत गर्छिन् ।

एकान्तले खायो मलाई शून्यताले खायो
सबै आफ्ना हुँदाहुँदै कोही नभए झैं भयो
(एकान्तले खायो.....पृष्ठ ३५)

ठेगानामा मन छैन मनमा छैन खुशी
एकहोरो टोलाइ रहन्छु एकान्तमा बसी
(सबै जना भन्छन्...पृष्ठ ४५)

नेपाली नारीहरू आफन्तहरू हुँदाहुँदै पनि आफ्ना अतृप्त मनोकांक्षा पुरा नभएर गम्भीर हुन पुग्छन्, एकान्त प्रेमी बन्न पुग्छन् र एकान्त नै उनीहरूको जीवन बन्न पुग्छ । यसरी नै पुरुषहरूले आफ्नो अस्मिता लुटेपछि सार्वजनिक हुने डरले अत्तालिन्छन् अनि तनाव बढछ, एकान्त प्रिय बन्छन् र पागल बनिन्छ भन्ने सम्भावना मनभित्र पाल्छन् । यस्तै अनेकौं कारणहरूले गर्दा नारीहरू दुखित बन्छन्, बाहिर हासे पनि भित्रभित्रै पीडामा छटपटाएर बाँच्न विवश हुन्छन् र भरसक एकान्तमै रमाउन चाहन्छन् । नारीहरूको मन कोमल हुन्छ । उनीहरू अपठ्यारोमा आफूलाई सम्हाल्न सक्दैनन् र नै विछिप्त मनोदशामा बाँच्नु पर्ने हुन्छ उनीहरूले ।

छायाँ बनी बग्यौ तिमी पानी बनी बग्यौ
मलाई ठग्छु भन्दा आज आफूलाई नै ठग्यौ
(छायाँ बनी ....पृष्ठ १३)

जति आँखा चिम्ले पनि देख्छु तिम्रै छायाँ
जति कठोर बने पनि लाग्छ तिम्रै माया
(जति आँखा चिम्ले...पृष्ठ १७)

नारी मन कोमल हुन्छ । निष्कपट, स्वच्छ र सरल हुन्छन् नारीहरू । त्यसैले नै महत्वाकांक्षा देखाउने प्रेमीहरूलाई सम्भावित दुर्घटनाप्रति सचेत गराउँछन् । तर सुकोमल भावहरूलाई वास्ता नगरी आफ्नो हैसियत विर्सिएर प्रेमिकालाई ठग्ने क्रममा रसातलमा भासिन्छन् युवकहरू । यस अर्थ नारीहरूमा दूरदर्शिता हुन्छ, उनीहरू सिङ्गो युगलाई सचेत गराइरहेका हुन्छन् । यस्तै गरी नारी मायाकी खानी हो । एकपटक कुनै पुरुषसँग माया बसी सकेपछि उसका आनिवानी र प्रवृतिहरू खराब किन नहोउन्, उबाट खप्नै नसकिने गरी चोट किन नपाइयोस्, तर उसलाई उत्तिकै माया गर्छन् नारीहरू । वास्तवमा नारी भनेको प्रेम, माया, विश्वासको अथाह भण्डार हो । सुन्दरताका पारखी नारीहरूको जतिजति उमेर ढल्कदै जान्छ, त्यति त्यति अतीतलाई सम्झन्छन् । अतीतमा एउटा सानो फूलको थुङ्गाजस्तो हुन्थ्यो जीवन; हास-खेल, रमाइलो कति मीठो संसार हुन्थ्यो त्यतिवेला - निराशा, वेचैन र छटपटीले घेरेपछि यसरी नै अतीत सम्झेर चित्त बुझाउँछन् नारीहरू । विवेच्य गीतहरूमा यस्तै भावहरू व्यक्त भएका छन् ।

जम्नु पर्ने आँशु आज झर्ना बन्न थाल्यो
निकै बलियो मुटु थियो कमजोर हुन थाल्यो
(जम्नु पर्ने आँशु...पृष्ठ ६२)

मेरो कथा सुन्दा खेरी मेरै साथी रोयो
व्यर्थै मैले मनको व्यथा सुनाए झैं भयो
(मेरो कथा .....पृष्ठ ६९)

नारीहरू संवेदनशील हुन्छन् । जीवनमा सामान्य उतार चढाव हुँदा नै उनीहरू हरेश खान्छन् । साहस र दृढता नभएकै कारण केही आपत आइपर्दा अत्तालिन्छन्, निराश बन्छन् र आफू कमजोर भएको महशुस गर्छन् । यसरी नै आफूलाई कमजोर ठानेकै कारण नारीहरूमा दुःख, पीडा, वेदनाको अथाह सागर हुन्छ । र, उनीहरू आफ्ना साथीहरूलाई पीर, व्यथा सुनाएर मन हल्का पार्न चाहन्छन् । यतिवेला कमलो मन भएकै कारण नारीका आँखामा आँशु छचल्किन्छन् र असामान्य परिस्थितिको

सृजना हुन्छ । यसरी नारी स्वयं पनि रुन्छे र अर्कालाई पनि रुवाउन सक्छे ।

निचोडमा भन्नु पर्दा पुष्पलता आचार्यका सबै गीतहरू नारीसँग सम्बन्धित छन् । आचार्यका गीतहरूमा नारीहरू मानसिक छटपटीमा बाँचेका हुन्छन् । नारी मनका सुकोमल भावहरू अभिव्यक्त भएका उनका गीतहरूमा कतै नारीहरूले पुरुषबाट गलहत्तिएर सृजना भएका चित्कारहरू छन्, कतै आफूलाई साथ दिने कोही देखा नपर्दाका गुनासाहरू छन्, कतै हाँसोहरू नभएर एकान्तको जीवन बाँच्नु पर्ने विवशताहरू छन्, कतै अतीतका रमाइला सम्झनाहरू छन्, कतै आफू सहित अरूलाई रुवाइएको कारुणिक दृश्यहरू छन्, कतै आफ्नो प्रेमी सदाको लागि छुट्टिएपछिका दुखेसाहरू छन् । यसरी जे जति छन् नारी मनका करुण र मार्मिक व्यथाहरू छन् । नारी अन्तरमनको विश्लेषण गरी सृजना गरिएका यी मनोविश्लेषणात्मक गीतहरूले नेपाली साहित्यमा आचार्यलाई एक उचाइ माथि लगेको छ । वास्तवमा भन्ने हो भने नारी मनलाई केसाकेसा पारी केलाएर प्रस्तुत गरिएको यति सफल गीत संग्रह नेपाली गीति फाँटमा विरलै पाइन्छ । त्यसैले नढाटी भन्नु पर्छ यो गीत संग्रह नेपाली साहित्यमा महत्त्वपूर्ण उपलब्धि हो ।

- सुरङ्गा, झापा

नववर्ष २०५६ को
शुभ उपलक्ष्यमा हाम्रा समस्त
ग्राहकवर्गहरूमा हार्दिक
मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं !

यहाँ पस्मिना सल, मफलर उत्पादन गरी निर्यात गरिन्छ ।

शोभा सल इन्टर्प्राइज
जोरपाटी, काठमाडौं

लघुकथा

बिर्सिएको दिन

❑ रवीन्द्र 'समीर'

- यस पटकको शिवरात्रीमा बोहोश होउञ्जेल गाँजा, भाङ, धतुरो खानु पर्दछ ।
- होली सुरु भएपछि केटीहरूलाई रंग तथा बेलुनले हान्नु पर्दछ ।
- 'भ्यालेन्टाइन डे' को उपलक्ष्यमा डिस्कोमा प्रेमिकासँग रमाइलो गर्नु पर्दछ ।
- 'अप्रिल फर्स्ट' को दिन साथीहरूलाई झुठ बताएर बेकूब बनाउनु पर्दछ ।
- तीहारमा सात दिनसम्म टन्न रक्सी पिएर जुवा खेल्नु पर्दछ ।

अफशोच ! शहीद दिवसको लागि उनीहरूले कुनै पनि कार्यक्रम बनाएनन् ।

पो.ब.नं. १३१४२

नववर्ष २०५६ को शुभकामना !

आधुनिक तरिकाले निर्माण गरिएको यस सितभण्डारमा फलफूल लगायत अन्य खाद्य बस्तुहरू भण्डार गर्न परेमा सधैं सम्झनु होस्

कैलाश कोल्ड स्टोर
छपकैया, वीरगञ्ज
फोन नं. २६०७४

नववर्ष २०५६ को उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

आफू तथा आफ्नो बालबच्चाको उज्वल भविष्यकोलागि जीवन बीमा गर्नुहोस् । साथै अग्नी, मोटर, व्यक्तिगत दुर्घटना, सामुद्रिक जस्ता विभिन्न प्रकारका दुर्घटनाबाट हुने क्षतिपूर्ति पाउन आफ्नो धन सम्पतीको बीमा गरी निश्चिन्त हुनुहोस् ।

"बीमाको क्षेत्रमा विश्वसनीय नाम"

राष्ट्रिय बीमा संस्थान
रामशाहपथ, काठमाडौं
फोन नं २६२५६४, २६२५७७

भेटघाट:

धनेन्द्र विमलसँग एकछिन

प्रस्तुति: अरुणवावु खत्री 'नदी'

१. तपाईंले गीत लेख्न कहिले देखि शुरु गर्नु भयो ? तपाईंको पहिलो रेडियो नेपालमा रेकर्ड भएको गीत कुन हो ?

– वि.सं २०३७ सालदेखि शुरु भएको मेरो गीती लेखनको यात्रालाई शिलान्यास गर्ने सौभाग्य बोकेको गीतमा स्वर मनोज गुरुङ्गको अनि संगीत राम थापाको रहेको छ र गीतको बोल हो - 'सपना भनी नठानी देउ'

२. तपाईंले हालसम्म कुन कुन चलचित्रहरूमा गीतहरू लेख्नु भएको छ ?

– चलचित्रहरूमा त थुप्रै चलचित्रहरूमा लेखिसकें त्यसैले सबै चलचित्रको नाम दिइरहन उपयुक्त नहोला र लेखेका चलचित्रका गीतहरू मध्ये गोपीकृष्ण, नाता, अर्पण, चट्याङ, भीष्म प्रतिज्ञा, सीता, गरीव, बिहानी, गाउँले, परदेशी कान्छा, सुनचाँदी, मि. रामकृष्णे उल्लेख्य रहेका छन् ।

३. तपाईंको मन पर्ने साहित्यिक विधा कुन हो ?

– साहियित्यक विधा अन्तर्गत मलाई विशेष रूपमा कविताको फाँट मनपर्छ र त्यसमा पनि खास गरिकन देश भक्तिपूर्ण भाव झल्किएका अनि जिन्दगीको परिभाषा गरिएका कविताहरू खास रुचिका साथ अध्ययन गर्ने गर्छु ।

४. तपाईंका मन पर्ने गीतकारहरू को को हुन् ?

– गीतकारहरू मध्ये अग्रज गीतकारहरूमा किरण खरेल, रत्न शम्शेर थापा, र स्व. हरिभक्त कटुवालका गीतहरू मनपर्छ भने समकालीन गीतकारहरूमा दिनेश अधिकारी र सुरेन्द्र रानाको गीतहरू विशेष मनपर्छ ।

५. तपाईंको भविष्यको लक्ष्य के हो ?

– भविष्यको लक्ष्य भन्नु नै अव आएर एक अभिभावक भैसकेको नाताले घर परिवारको जिम्मेवारी सक्षमता पूर्वक बहन गर्नु रहेको छ ।

६. तपाईंले हालसम्म आधुनिक गीतहरू कतिवटा रेडियोमा रेकर्ड गरिसक्नु भएको छ ? गीत रेकर्ड गर्न तपाईंलाई कत्तिको गाह्रो पऱ्यो ?

– रेडियो नेपालमा मेरा गीतहरू ८८ वटा हालसम्म रेकर्ड भएका छन् । जहाँसम्म गीत रेकर्ड गर्ने समस्या छ, जसको उत्कृष्ट चाहना र अभिरुचि हुन्छ उसले जति सुकै समस्या आएपनि त्यो आफ्नो चाहना पूरा गर्नमा कुनै कसर बाँकि राख्दैन, शायद बुझ्नु भयो होला मेरो भनाइको अर्थ ।

७. तपाईंको मनमर्ने गीत गाउने कलाकारहरू को को हुन् ?

– जस्को गीतले मेरो मनलाई छुन सक्छ र बारम्वार त्यो गीत गुनगुनाउन मन लाग्छ त्यही गीत गाउनु हुने कलाकार मलाई मन पर्दछ । स्व. नारायण गोपाल, स्व. अरुणा लामा, स्व. गोपाल योञ्जनका साथै तारादेवी, प्रेमध्वज प्रधान अनि हालका रामकृष्ण ढकाललाई म मन पराउने गर्छु ।

८. तपाईको आफ्नो पुरा परिचय ।

– नाम: धनेन्द्र विमल क्षेत्री
पत्नि: रूपा विमल क्षेत्री
छोरी: श्रृष्टि, छोरा: समीप
ठेगाना: चावहिल मैजुवहाल, काठमाडौं
जन्म: २०१९ माघ १ गते
शैक्षिक योग्यता: स्नातक तह उतिर्ण
कार्यालय: रेडियो नेपाल
पद: टेप लाइब्रेरी प्रमुख
रुचि: रेडियो कार्यक्रम उत्पादन गर्ने
शौख: गीत रचना गर्ने ।

९. तपाईंले नयाँ नयाँ गीतकारहरूलाई के सल्लाह दिन चाहुनुहुन्छ ?

– गीत लेखन कार्य हाम्रो जस्तो देशमा पेशा हुन सक्दैन, यसैले यसलाई शौखको रूपमा सीमित राख्दै अन्य कार्यहरूमा पनि आफू सरिक हुनुपर्छ र कमसेकम गीतको मूल मर्म बुझेर मात्र गीत लेख्न थाल्नु पर्छ ।

❖❖❖

निबन्ध

सुख र स्वरूप भेद

❑ ठाकुररमण आचार्य

'सुखमा पुगेपछि हाम्रो क्रियाकलाप अन्तिम हुन्छ' अरस्तुले भने । सगरमाथामा पुगेपछि लक्ष्य पनि पूरा हुन्छ । लक्ष्य पूरा भएकोले सुख पनि स्वतः हुन्छ । चन्द्रमामा पुग्ने लक्ष्य पूरा भयो भने सुख भयो, किनभने पहुँचनै पहिलो लक्ष्य हो । माग पूरा भयो, आन्दोलन रोकियो । सुख भयो - दुःखको स्थिति अन्त्य भयो । त्यसै कार्य र त्यही फलको लागि पुनः कार्य गर्नु परेन । अर्को ग्रहमा जीवन खोज्ने कार्य अझै पूरा भएको छैन । यो कार्यले धेरै अनुसन्धानकर्ताहरू, खोजकर्ताहरू संकल्पित छन्, दुःखी छन् । निरन्तर त्यसै कार्यमा छन् । धेरै समय यसैमा व्यतित भएको छ । धेरै उर्जा यसैमा खर्च भएको छ । यसबाट प्राप्त हुने सुख अझै बाँकी छ किनभने परिणाम पक्षमा प्राप्त भएको छैन

चाहिएको विचार, जिज्ञासा ज्ञान पूरा भएपछि हाम्रो कार्य आफै अन्त्य हुन्छ । अरस्तुको विचारसँग असहमत हुने कुनै ठाउँ नै छैन । यात्रा पूरा भएपछि सुख पनि हुन्छ कार्यको अन्त्य पनि हुन्छ । सुखमा पुग्ने लगभग निश्चित हुने लक्षण देखिने वित्तिकै सुखको शुरुवात हुन थाल्छ । परिणाम अब आफ्नो पक्षमा आउँछ । अरस्तुको उल्लेखित भनाइलाई केन्द्र मानेर म केही कुरा अघि बढाउँछु । अरस्तुको यस विचारभित्र धेरै कुरा लुकेका छन् । त्यसलाई विभाजन गरेर हेरौं । यसरी विभाजन गर्दा सुखसँग सम्बन्ध नराख्ने कार्य हुँदैन । हरेक कार्यको अन्त्य हुन्छ । शुरु भनेको अन्त्य हैन । सुख छ, कार्य छ, अन्त्य पनि छ । कार्यको अन्त्य छ, सुखको अन्त्य छैन, किनभने कार्य सुखभन्दा पहिले आउँछ । कार्य बाँकी छ भने सुख पनि छ । तर एउटा कार्यबाट प्राप्त हुने सुख त्यसै कार्यबाट प्राप्त हुने सुखभन्दा बढी हुँदैन । त्यो भन्दा बढी प्राप्त गर्नको लागि कार्यको चुनाव हुन जरुरी छ ।

तर विभाजित सुख, खण्डित सुख, कार्य पछि आउने सुख, खण्डित कार्य खण्डित सुख । कार्यको निरन्तरता नै छैन, सुखको कसरी निरन्तरता हुन सक्छ ? खै अखण्ड सुख ? कार्य नै अखण्ड छैन । परिणाममा पुग्ने धैर्य नै छैन । अखण्ड सुख प्राप्त हुन्छ भन्ने विचार पनि छैन ।

सुख दुःखसँग सापेक्ष भएर आउँछ । नत्र सुखलाई सुख भन्ने नामाकरण हुने थिएन । केबल स्थिति हुन्थ्यो, परिणामको नाम हुँदैनथ्यो । केवल अवस्था, केवल स्थिति, अगाडि रंगिन छ भन्ने थाहा भएर सादासँग चित्त बुझउँदैनौं । रंगिन सम्झेर, कल्पना गरेर सादालाई विश्लेषण गर्छौं । त्यसैलाई दुःख भयो भन्छौं । त्यस अवस्थालाई सापेक्ष नगरी एक्लै रहन दिए त्यस अवस्थालाई हामी के भन्ने थियौं ? केवल स्थिति । त्यसैले हामी सापेक्षता भन्दा माथि पुग्न सक्छौं । विश्लेषणरहित अवस्थाम पुग्न सक्छौं ।

सादा रंगिन हुन सकेन । दागी भयो । कठिन छ, दाग हटाउन सादा तुल्याउन, रंग भर्न । यसैनेर तीन अवस्थामा भयो । एक चरण पछाडि गुज्रिदा कार्य थप भयो । आत्मा आलोचना, सादा अनि, उज्यालो । प्रकाश चाहिनेलाई प्रकाश मिल्यो । बुद्धले भन्नु भयो 'कल्पना गरेर पनि आनन्द नलिनु' यसभित्र पनि धेरै कुराहरू लुकेका छन् । पहिलो कुरा त कल्पना, कल्पनानै हो । मनको खेती हो, सिद्धान्त हो व्यवहार हैन । अर्को कुरा कल्पना गरेर खुशी हुनु इन्द्रियजन्य सुख हो । तेस्रो कुरा यो प्राकृतिक नियमसँग मेल खाँदैन किनभने सहज रूपमा प्राप्त भएको कुरा कल्पना गर्दा नष्ट हुन्छ । वास्तविकता लोप हुन्छ । सहज रूपमा प्राप्त भएको सुख वास्तविक सुख हो, जुन दीगो हुन्छ ।

मानव मन जहिलेसुकै सुखसँग नजिक बस्न खोज्छ । सुखसँगै बस्न खोज्छ । सुखको नजिक पुग्न खोज्छ । कुनै जिज्ञासा पूरा गरेर, रेडियो सुनेर, फिल्म हेरेर, नाटक हेरेर, पत्रिका पढेर पनि सुखको नै मुख्य लक्ष्य हुन्छ । चिठ्ठी आयो धेरै पछि, फोन आयो, कुनै समाचार आयो तर राम्रो आयो । कहिल्यै नआउने पंक्षी आज घर आयो । जंगल नजिकको घर, एउटा जनावर घरमा आयो घरलाई घुमेर गयो । कहिल्यै नआउने मानिस घर आए, कुनै आफन्त एउटा अमुक पदमा पुगे । त्यसै पनि खुसी भयो । सुख भयो । कहिले पिकनिक गएर सुख मान्ने बानी, कहिले भेटघाट, यात्रा कुराकानी गरेर सुख मान्ने बानी, गमलामा फूल

बौद्धिक विकासजस्ता पक्षमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूपलाई संस्कृति भनिन्छ । अर्थात् प्राचीन समयदेखि देशकाल सापेक्ष भई आन्तरिक वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचार-विचार रहन-सहन, आदिका माध्यमले कुनै राष्ट्र समाज जाति आदिको स्वरूप छुट्टिने यावत् मान्यता, भावना, चिन्तन-मनन, भौतिक अभिव्यक्ति जस्ता कुराहरू संस्कृति भित्र पर्दछन् ।

कुनै पनि राष्ट्र वा समाजको सांस्कृतिक विकासमा सामाजिक मूल्य र मान्यताले भूमिका खेलिरहेको हुन्छ । सामाजिक मूल्य मान्यता एवं राजनैतिक आरोहावरोह सँगै सांस्कृतिक परिवर्तन क्रमशः हुने गर्दछ । नेपाली संस्कृति पूर्वीय सभ्यता र संस्कृतिबाट प्रभावित देखिन्छ । चारजात छत्तीसवर्णसम्बन्धी भावना र तिनका आ-आफ्ना सभ्यता र संस्कृति रहे तापनि हिन्दू रीति-रिवाज, चाल-चलन आदिबाट नेपाली संस्कृति बढी प्रभावित रहेको छ । मध्यकालीन नेपाली समाज रीतिस्थितिमा कट्टर देखिन्छ भने समयक्रममा यसमा परिवर्तन आउनु स्वाभाविकै हो । समाज मानसिकतामा परिवर्तन, सतिप्रथा, बालविवाह आदिको अन्त्य आदिले पनि सांस्कृतिक परिवर्तनको पुष्टि गर्दछन् । चाँडपर्वहरूमा पनि परम्परागत सिठी, घण्टापर्व, गाईजात्रा, इन्द्रजात्रा, दशैं, तिहार जस्ता चाडहरू अद्यावधि प्रचलित नै छन् । मानवीय षोडस संस्कारमा सामान्य परिवर्तन देखिए तापनि यिनको प्रचलन छँदैछ । रहन-सहन, वेशभूषा, मनोरञ्जन, खानपीन, शैक्षिक एवं आर्थिकस्तर आदिमा समयको गतिसँगै स-साना परिवर्तनहरू भइरहेको पाइन्छ ।

परिवर्तनको चाहना मानवीय स्वभाव भएकाले प्राचीन सभ्यता र संस्कृतिको प्रचलन अद्यावधि निरन्तर रूपमा चलिआएको भए तापनि तिनमा समय सापेक्ष परिवर्तन हुनु स्वभाविकै हो । लिच्छवि एवं मल्लकालीन राजाहरूले देशको कला र संस्कृतिलाई जोगाउन र हुर्काउन गरेको प्रयत्नले पृथ्वीनारायण शाहका पालासम्म निरन्तरता पाएको देखिन्छ । राणाकालमा नेपाली कला र संस्कृतिमा बाह्य प्रभावले जरा गाड्ने अवसर पायो भने प्रजातन्त्र पश्चात् स्वसंस्कृतिको संरक्षण र सम्वर्धनका प्रयासहरू भइरहेका छन्, तर पनि समयानुरूप परिवर्तन हुँदै जानु कला र संस्कृतिको स्वभावै हो ।

लय, ताल र वाद्यवादनकासाथ गाइने गीत, स्वर तालयुक्त मधुर गायन, नृत्य, गीत र वाद्यवादनको मेल आदिलाई सङ्गीत भनिन्छ । पूर्वीय सन्दर्भमा सङ्गीतको प्रथम चर्चा ऋग्वेदमा पाइन्छ । ऋग्वेदमा तल्, आनद्ध, धन, सुबिरजस्ता सङ्गीतसँग सम्बद्ध नामले उक्त कुराको पुष्टि गर्दछन् । सामवेद त गीत र सङ्गीतको उत्कृष्ट उपलब्धि मानिन्छ । रामायणलाई लव र कुशले गाएको प्रसङ्ग, महाभारतका अर्जुन सङ्गीतज्ञ रहेको कुरा आदिले पनि यसको प्राचीनतालाई स्पष्ट पार्दछन् । पश्चिमतर्फ होमरका 'इलियड' र ओडिसीमा पनि सङ्गीतको प्रयोग भेटिन्छ ।

नेपाली सङ्गीतको इतिहासतिर दृष्टि दिंदा राजस्तुति, देवस्तुति, संवादगाथा, देवगाथा, प्रणयगाथा, वीरगाथा आदिले निरन्तरता दिंदै आएको देखिन्छ । नेपाली साङ्गीतिक यात्राको आफ्नै घटना, परम्परा र धारा बनिसकेको छ । अतीत र वर्तमानको लामो श्रृंखला जोड्दै संस्कार, वीरता, हर्ष-विष्मात, आदि मानवीय भावको सफल प्रस्तुति नेपाली सङ्गीतले अँगालेको देखिन्छ । समाजमा प्रचलित संस्कार, ऋतु वा व्रत, कर्म, पर्व आदिलाई नेपाली सङ्गीतले प्रतिविम्बित गरेका छन् । सङ्गीतप्रतिको जन चाहना, शासकहरूको मनोरञ्जनको माध्यम आदिले गर्दा सङ्गीतले कहिल्यै उपेक्षित हुनु परेन । राणाशासनमा तत्कालीन डबली र दरवारहरूमा हिन्दी र उर्दू सङ्गीत पनि भित्रियो । हिन्दी, उर्दूका अतिरिक्त पाश्चात्य सङ्गीतले पनि आजका युवाहरूको हृदय जित्न सफल भएको देखिन्छ । सामाजिक, राजनैतिक, आर्थिक वा सांस्कृतिक जुन कुनै क्रान्तिमा पनि सङ्गीतको महत्त्व छुट्टै किसिमको रहेको पाइन्छ । शास्त्रीय सङ्गीत पूर्वीय परम्पराबाट विकसित मानिन्छ, जुन सर्वसाधारण नेपालीहरूमाझ लोकप्रिय बन्न नसके तापनि सीमित वर्गमा त्यसको प्रभाव अंग्रेजी पप सङ्गीतको झैं परेको छ ।

वास्तवमा मानव जीवनमा कला, संस्कृति र सङ्गीतले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । प्रत्येक सचेत व्यक्तिमा कला, संस्कृति र सङ्गीतप्रतिको रुचि हुनु स्वाभाविकै हो । कला सांस्कृतिकताको धरातलमा बाँचेको हुन्छ भने कला र संस्कृतिलाई सङ्गीतले मनमोहक ढङ्गले समाजमा प्रचार प्रसार गर्दछ । अतः यी सबै एक आपसमा जोडिएका विषय हुन् । देशको भौगोलिक, राजनैतिक, सामाजिक, धार्मिक परिवर्तनसँगै कला, संस्कृति र सङ्गीतमा क्रमशः परिवर्तन आउँदै जान्छ, जसलाई हामी आरोहावरोहका रूपमा लिन सक्छौं ।

❖❖❖

– संस्मरण –

मणिचूड यात्राको सम्झना

❑ पशुपतिशङ्कर वसी

आज भन्दाभण्डै ३०,३१ वर्ष अगाडिको कुरा हो यो। जनैपूर्णेको दिन साँखुबासीहरू चाहे बालक होस् युवा युवतीहरू सबै अकसर गरेर पाँच पोखरी (तिचा दह) वा मणिचूड मेला भर्न जाने चलन छ। हुनत अद्यावधि यो चलन कायमै छ। सखारै उपरोक्त दुईठाउँ मध्ये एकठाउँमा पुगेर घर फर्के पछि आफ्नो गच्छे अनुसार क्वाँटी खाइन्छ - रोटीको साथै अरू थरिथरिका परिकार र चिउरा पनि खाइन्छ।

म, मेरा अरू दुईजना साथीहरू पनि अघिल्लो दिन नै भोलि मणिचूड जाने है भनी सल्लाह गर्‍यौं। त्यही सल्लाह अनुरूप विहान झिसमिसेमै हामी तीन जना मणिचूडको लागि घरबाट प्रस्थान गर्‍यौं। बाटोमा हाम्रा पुराना रमाइला घटनाहरू यादगर्दै र अरू कुरा गर्दै जाँदा बाटो काटेको यादै भएन। अर्थात् हामीलाई मणिचूड चाँडै पुगेको महशुस भयो। हुन पनि रमाइलो गरी बिताएको समय चाँडै बितेको भान त हुन्छ नै।

अघिल्लो रातीदेखि नै झिमझिम पानी परेकै थियो। मणिचूड जान साँखुलेहरू बज्रयोगिनी भएर जाने गर्छन्। बाटो भिरालो र रातोमाटो भएको तथा पानीले गर्दा बाटो चिप्लो थियो। कहिलेकाहिँ बाटोमा म लड्ने, साथीहरू हाँस्ने, त्यसै साथीहरू चिप्लेर लड्ने बेला म हाँसिदिन्थें।

यसरी मणिचूड पुगेपछि हामीले एकछिन आराम गर्न बस्यौं। पूर्णेको दिन मणिचूडमा मेला लाग्ने भएकोले मेला भर्न आउँने थुप्रै मानिसहरू थिए। त्यसमध्ये तामाङ्गहरू तथा माझीहरू पनि आफ्नो बाजागाजाका साथ नाचगान गर्दै आएकोले वातावरणमा झन रमाइलोपन थपिएको थियो। त्यस मणिचूड दहमा कोही मुख मात्रै धुने, कोहीकोही त्यस दहमा नै गई नुहाउने, अझ कोहीकोही त त्यस दहमा पौडीखेली मज्जा लिनेहरू पनि नभएका होइनन्। यस्तो रमाइलो देखेपछि हाम्रो पनि त्यस दहमा पौडी खेल्ने रहर जाग्न थाल्यो।

शुरुमा त हामीले एक अर्कालाई पहिले दहमा हामफाल्न गर्न भन्यौ तर पछि सल्लाहबाट नै एकैपल्ट तीनजनासँगै हामफाल्ने निर्णय गर्‍यौं। हाम्रो विचार त पोखरी (दह) को अर्को पारी पौडेर पुग्ने लक्ष्य थियो तर सकेनौं, कारण पानी यति चिसो थियो कि वयान नै गर्न नसकिने किसिमको चिसो। यसरी दहको पारी पुग्ने हाम्रो लक्ष्य कार्यान्वयन हुन सकेन।

दहबाट माथि आएपछि हामी जाडोले ठिराएको अनुभव गर्‍यौं। हाम्रो शरीर कामीरहेको थियो। ओठ काला निला भएका थिए। त्यस दहको छेउछेउमा आगो बालेर सेल पकाइरहेको ठाउँमा गएर हामीले लुगासुगा नलगाइकन तात्तातै एक-एकवटा सेल खायौं।

मेला भर्न आउनेहरू त्यहाँ भएका महादेव र अरू देउताहरू दर्शन गरी त्यहाँको चहलपहल हेरी लट्ठ भैरहेका थिए। हामी पनि त्यहाँको रमाइलोपन हेरि घरतर्फ लाग्यौं

फर्कदा एउटा पाटीमा साँखुको एकजना बूढा घरलाई त्यागेर एक्लै बसिरहेको पायौं। ती बूढामान्छेसँग बुझ्दा तिनलाई साँखुमा धान कुट्न आउँने व्यक्तिवाट एक-एक मुठी अन्न उठाएर दिने चलन रहेछ।

जानेबेलामा त याद भएन त्यहाँ चाँडै पुग्ने मात्र हाम्रो चाहनाले गर्दा। घर फर्कने बेलामा मात्र याद भयो हामीलाई जुकाले टोकेर रक्ताम्मे पारिसकेको रहेछ।

त्यहाँ एउटा रमाइलो घटना घट्यो। मणिचूडबाट फर्किदै गरेका हाम्रै उमेरका तीनजाना केटीहरू बाटोमा भेटिए। त्यसबेला हामीले ख्यालख्यालमा त्यो तेरो त्यो मेरो भन्दै आपसमा रोज्यौं; हाँसो गर्‍यौं, कल्पनाको सन्सारमा घुम्यौं, लामो बाटो सजिलै सित काट्यौं। अहिले पनि हामीलाई त्यो यात्राको सम्झना गर्दा शरीर रोमाञ्चित हुन्छ - कति रमाइलो भएको थियो त्यो यात्रा। वर्षको एकपल्ट भरिने मणिचूड मेला अहिले पनि चलिरहेकै छ र त्यो मेलाको सम्झना गर्दा गएका हामी साथीहरू मरिमरि हास्छौं।

- साँखु



नवप्रतिभा

यहाँ यस्तै छ

❑ विष्णु न्यौपाने

के गर्नु हजुर !
नगर्नेहरू गर्छु भन्छन्
निमठ्न पाएसम्म निमठ्छन्
चुस्न पाएसम्म चुस्छन्
खान पाएसम्म खान्छन्
लिन पाएसम्म लिन्छन्
अनि
फलाक्दै हिंड्छन् उदार हृदयले
'मान्छेले मान्छेलाई चिन्नुपर्छ
तर कसैको चित्त चिरेर होइन ।'

सबै सुन्छन्, सबै देख्छन्
कैयौं आफै अनुभव गर्छन्
तर के गर्नु !
यस लाटो देशमा,
कोही बोल्नै जान्दैनन्
यस लङ्गडो देशमा,
कोही हिंड्नै जान्दैनन्
यस मन्द देशमा
कोही सोच्नै सक्दैनन् ।

सबै ठान्छन् .....
चलन नै यहाँको यस्तो छ
के गर्नु हजुर !
यहाँ यस्तै छ ।

जुहाङ, गुल्मी

नवप्रतिभा

म प्रेमी दिल

❑ मिलन पन्त



म प्रेमी दिल पवनको
मात्र मन्द मुस्कान तिम्रै लागि
जीवनभरको अन्ध जवानी
निस्कपट भएर उत्तेजनाहरू
मानसपटलमा पटकौं पटक
विस्मृतिको विविध पत्रमा
लत्पतिएका प्रतिविम्बहरू
जुन सागरको गहिराइबाट निमोठेर
बल्झनको खुल्ला संसारमा
जिवित चिहानहरू पदार्पण गर्ने
मसानघाट खुल्ला प्रेमी दिलका लागि
असह्य अति नै असमर्थ छु
मेरो दिल प्रेम र म प्रेमी दिल ।
जीवन भनेको बिसौनी हो
जहाँ दु:ख सुखको लहरी
फूलको लागि आकाशतिर
लहरिन्छ अनि विश्राम लिन्छ
मात्र सम्बन्ध जीवन र जीवनको जवानीमा
खेल्ने र खेलाउने बीचमा
चौतारो जीवनको लागि बिसाउनेहरूको
यस्तै तिम्रो र मेरो प्रेमी दिलको,
कथा जस्तो
सुन्नेले सुनेकै छ
देख्ने देखेकै छ, हेर्ने हेरिरहन्छ
मेरो दिल प्रेम म प्रेमी दिल

धरमपानी, गुल्मी

त्यही मानिस धार्मिक हुन्छ, जो आफूमा अर्काको निम्ति त्याग गर्न सक्छ – **भगवान् गौतम बुद्ध**
पुस्तक नभएको घर झ्याल नभएको कोठा समान हुन्छ – **होरेस म्यान**
ममा दोष छ भन्ने अनुभव नहुनु नै सबभन्दा ठूलो दोष हो – **कार्लाइल**